CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

(८)

श्री डा. डिल्ली रमण रेग्मी
लाजिंपाट

पनि

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रवादी प्रजातान्त्रिक सर्तसगत

लेखक श्रीसुन

हिमवत-खण्डको कुनै कन्दरामा पहिले-पहिलेका अनेकौं रोमान्चकारी, चमत्कारी घटनाहरू आठ दश वर्ष यता घट्न छाडेको देख्दा त्यहांका साहसी वासिन्दाहरू कुतुराले नुन खाएका झैं त्यसै न्याउरा भईराखेकाथिए। ठाम-ठाममा भूत पिशाचले बास गरेको हुंदा अनौठा-अनौठा कुराहरू भै नै रहन्थ्यो। कहिले मध्यान्न दिनमा घरवाट भाडाकुडाहरू झ्यालवाट बाहिरमा फ्यांकिन्थें भने रातमा सुतिराखेको ठामवाट दशा बिग्रेका मानिसहरूलाई भूतले घिसार्दै भऱ्याङ० मुनि पुराइदिन्थ्यो। साँझ पर्ने बित्तिकै मानिसहरू झिलिमिलि घरवाट बाहिर निस्कनलाई अनकनाउदथे। केटाकेटीहरूलाई माथिको देवता लाग्नु र नाग लागेर सुनिनु त मामुली कुरा थियो। पशुहरू रुख मुनि बाण लागेर रगत छाड्दै ठहरै मैहाल्दथे। ठूला बडा मानिसहरू मर्ने अगाडि सूर्यमा प्वाल पर्नु, मन्दिरका देवताहरूका मूर्तिमा खल खली पसीना आउनु अथवा पुच्छ्रे तारा देख्नु त स्वाभाविकै कुराहरू थिए। केही वर्ष यता भने उपाध्याय ब्राह्मणहरूका बच्चाहरू रक्सीका बोतलहरू हातमा लिई फूलबारीमा आइमाईहरूका साथ नाङ्गै दगुर्दा पनि केही न हुने, तागाधारीहरूले माईको मासु खांदा पनि कुष्ट रोग नलाग्ने, गाईको दुधको बिगौतीको सट्टा सुंगुरको कुटेको मासु बोसे आन्द्रामा कोचेको "ससेजेज" खुल्लम खुल्ला खादा पनि कसैले केही भन्न नसक्ने इत्यादि कुराहरू देख्दामा मानिसहरू त्यसै छक्क पर्दथे। भाइ बहिनीले भाइटीकाका टीकाको साटो सुटुक्क सिउँधोमा सिंदूर हाल्दा पनि केही उपाधि हुँदैन थियो। अर्काको स्वास्नी हरण गर्नु अथवा कसैका छोरीबेटीहरूलाई बहकाउनु त प्रगतिशीलवालाहरूको लक्षण नै भइहालेको थियो। तर मुला चोर र हीरा चोर दुवै थरीलाई चोर नै ठम्याउने शासकका सन्ततिको समयमा कुनै ओहदा समालेको एकाध वर्ष भित्रमा नै लाखौंको जैथा जमाउन सक्नु पनि परिवर्तनको माग बनेको देखेर अकलमन्द मानिसहरूले ता "तुम भी चुप हम भी चुप" को नीति अपनाएतापनि सीधा-सादा जनता भने बिलखबन्दमा परेका थिए। अड्डा अदालतमा काम कुरा एकातिर कुम्लो बोकी घर तिर गर्नु व प्रगतिशीलवालाहरूको दृष्टिमा कुनै नाजाएज कुरा थिएन। कसैका काम गरी दिंदा कसैले आफूलाई पारिश्रमिक पुरस्कार दिन्छ भने त्यसमा कसको हानि नोक्सानी हुने भयो ? आफै सुटुक्क खल्तीमा पस्न आएको लक्ष्मीलाई किन अपमान गर्ने ?तै पनि आफूहरूले भन्दा अरूहरूले बढ्ता यस्तो परिस्थितिको फाइदा उठाएको मन नपरी यी सब कुराहरूको कारण पत्ता लगाउने प-यो भनी केही आँटिला औसरवादीहरूले निर्णय गरे

यी सब कुरा कहांवाट पत्ता लाग्ला भनी औसरवादीहरूले यसो गम खादा त स्वर्ग नै नगै यी सब कुराहरू अवश्य नै पत्ता लाग्दैन भन्ने निष्कर्षमा पुगे। हुन पनि यी औसरवादीहरूलाई स्वर्ग पुग्न के गाह्रो कुरा थियो र। सत्य युग देखि नै पुरुषार्थी मानिसहरू अनेकौं अरु लोकहरूमा बिहार गर्दथे भन्ने कुरा त सुनेकै थिए। आजकाल पनि अमेरिका र रूसका अंतरिक्ष यात्रीहरू चन्द्रलोकमा धमाधम वर्लन लागेका समाचारले पनि

डा. दिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय
8440

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रवादी प्रजातान्त्रिक सर्तसगत

लेखक श्रीसुन

हिमवत-खण्डको कुनै कन्दरामा पहिले-पहिलेका अनेकों रोमान्चकारी, चमत्कारी घटनाहरू आठ दश वर्ष यता घट्न छाडेको देख्दा त्यहांका साहसी वासिन्दाहरू कुकुराले नुन खाएका झैं त्यसै न्याउरा भईराखरकाथिए। ठाम-ठाममा भूत पिशाचले बास गरेको हुंदा अनौठा-अनौठा कुराहरू भै नै रहन्थ्यो। कहिले मध्यान्न दिनमा घरबाट भाडाकुडाहरू झ्यालबाट बाहिर फ्यांकिन्थें भने रातमा सुतिराखेको ठामबाट दशा बिग्रेका मानिसहरूलाई भूतले घिसार्दै भ-याङ० मुनि पुराइदिन्थ्यो। साँझ पर्ने बित्तिकै मानिसहरू सितिमिति घरबाट बाहिर निस्कनलाई अनकनाउदथे। केटाकेटीहरूलाई माथिको देवता लाग्नु र नाग लागेर सुन्निनु त मामुली कुरा थियो। पशुहरू रूख मुनि बाण लागेर रगत छाड्दै ठहरै मैहाल्दथे। ठूला बडा मानिसहरू मर्नै अगाडि सूर्यमा प्वाल पर्नु, मन्दिरका देवताहरूका मूर्तिमा खल खली पसीना आउनु अथवा पुच्छरे तारा देख्नु त स्वाभाविकै कुराहरू थिए। केही वर्ष यता भने उपाध्याय ब्राह्मणहरूका बच्चाहरूरक्सीका बोतलहरू हातमा लिई फूलबारीमा आइमाईहरूका साथ नाङ्गो दगुर्दा पनि केही न हुने, तागाधारीहरूले माईको मासु खांदा पनि कुष्ट रोग नलाग्ने, गाईको दुधको बिगौतीको सट्टा सुंगुरको कुटेको मासु बोसै आन्द्रामा कोचेको "ससेजेज" खुल्लम खुल्ला खादा पनि कसैले केही भन्न नसक्ने इत्यादि कुराहरू देख्दामा मानिसहरू त्यसै छक्क पर्दथे। भाइ बहिनीले भाइटीकाका टीकाको साटो सुटुक्क सिउथोमा सिंदुर हाल्दा पनि केही उपाधि हुंदैन थियो। अर्काको स्वास्नी हरण गर्नु अथवा कसैका छोरीबेटीहरूलाई बहकाउनु त प्रगतिशीलवालाहरूको लक्षण नै भइहालेको थियो। तर मुला चोर र हीरा चोर दुवै थरीलाई चोर नै ठम्याउने शासकका सन्ततिको समयमा कुनै ओहदा समालेको एकाध वर्ष भित्रमा नै लाखौंको जैथा जमाउन सक्नु पनि परिवर्तनको माग बनेको देखेर अकलमन्द मानिसहरूले ता "तुम भी चुप हम भी चुप" को नीति अपनाएतापनि सीधा-सादा जनता भने बिलखबन्दमा परेका थिए। अड्डा अदालतमा काम कुरा एकातिर कुम्लो बोकी घर तिर गर्नु त प्रगतिशीलवालाहरूको दृष्टिमा कुनै नाजाएज कुरा थिएन। कसैका काम गरी दिंदा कसैले आफूलाई पारिश्रमिक पुरस्कार दिन्छ... त्यसमा कसको हानि नोक्सानी हुने भयो ? आफै सुटुक्क खल्तीमा पस्न आएको लक्ष्मीलाई किन अपमान गर्ने ?तै पनि आफूहरूले भन्दा अरूहरूले बढ्ता यस्तो परिस्थितिको फाइदा उठाएको मन नपरी यी सब कुराहरूको कारण पत्ता लगाउने प-यो भनी केही आंटिला औसरवादीहरूले निर्णय गरे

यी सब कुरा कहांबाट पत्ता लाग्ला भनी औसरवादीहरूले यसो गम खादा त स्वर्ग नै नगे यो सब कुराहरू अवश्य नै पत्ता लाग्दैन भन्ने निष्कर्षमा पुगे। हुन पनि यी औसरवादीहरूलाई स्वर्ग पुग्न के गाह्रो कुरा थियोर। सत्य युग देखि नै पुरूषार्थी मानिसहरू अनेकों-अरू लोकहरूमा विहार गर्दथे भन्ने कुरा त सुनेकै थिए। आजकाल पनि अमेरिका र रूसका अंतरिक्ष यात्रीहरू चन्द्रलोकमा घमाघम वर्लन लागेका समाचारले पनि

डा. डिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय
8440

CC-0. In Public Domain. Digitization by eGangotri

यो औसरवादीहरूको हौसला बढि नै हाल्यो। जाबो त्यति सानो बच्चा ध्रुबले फगत अटल भक्तिले ध्रूबलोक नै कायम गर्न सक्यो भने कुनै खास मौलिक राजनैतिक सिद्धान्तमा दृढ आस्था राख्ने यी औसरवादीहरू स्वर्ग त अवश्य नै पुग्ने भए। दानव राजा बलिले स्वर्ग विजय गर्न सक्यो त राष्ट्रवादी प्रजातन्त्रको खातिर मरिमेट्ने यी औसरवादीहरूले स्वर्गलोक हत्ताउन नसक्लान्त ? महाभारतको महायुद्ध पछि युद्धिष्ठिर निजी स्वार्थ पूर्तीगर्न आफना स्वास्नी,भाइहरू र कुकूर समेत साथमालिई मनुस्य चोला मै स्वर्ग पुग्ने आँट गरेका थिए भने एक मौलिक सिद्धान्तको टेको-टेकी यी औसरवादीहरू कसो गरीकन स्वर्ग पुगेर त्यहाको बस्तुस्थितिक ो अध्ययन गर्न नपाउलान्त ? युधिष्ठिरले हिमाल चुली नागेर नै स्वर्ग पुग्न आँटेका हुंदा यी औसरवादीहरूले पनि सगरमाथाको चुचुरोवाट पल्लो पट्टि हेर्दा त एक अनौठो दृश्य पो त देखें। वैतरणी नदी नै सुकेकी रहिछन। यसै कारणले अव स्वर्ग,जान,दान दातव्य गरी धर्मको पुल बाध्नुको आवस्यक नै नपरेको रहिछ। हिमवत खण्डमा आजकाल दान धर्म कम हुनाको कारण पनि यी औसरवादीहरूलाई प्रष्ट भै हाल्यो। काँटा झिकेको शरीर जस्तै हल्कापन महसूस पनि गरिनैहाले। न त मर्ने वेलामा गाई दान गरेर तिनको पुच्छर समाउदै वैतरणी नदी पार गर्नाको आवश्यक नै अव रहको। यस परिवर्दित स्थितिमा अव मानवलाई गाईको के मतलव-प-यो त ? त्यसैले पो त यिनको मासु खानु अथवा रगत तनतनी पिउनुमा के भयो त?

मजासित वैतरणी नदीको उसपार पैदलै जांदा त स्वर्ग नै सुनसान देखियो।एउटा पनि देवता,उसका गण अथवा वाहनहरू देखिएनन। न्यायमूर्ति यमराजको त कसले हो कुन्नि दुइटा आंखा नै फोडिदिएको रहेछ। थरी थरीका प्रजातान्त्रिक सिद्धान्तहरूका नाग पासले गोरखेलोरी कसिदिएका रहेछन। धर्मराज नै अन्धा भए पछि ध्यान विचार विवेकको महिमा घट्न जानु कुनै अस्वाभाविक कुरा भएन। यमराजको यो दूरदशा देखेर उनका दूतहरू कुल्लम कुइच भै सकेका हुदा अव मनुवालाई कुन कुराको डर भयो त ? तर देवताहरू कता गए?,खैर,देवताहरूको एक दिन पृथवीको एक वर्ष हुने भएकोले यो घोर कलियुगमा यिनीहरूको स्वर्गको भोग सकिएको हूंदा स्वर्गलोकवाट विष्णुलोक अथवा ब्रम्हलोक गए होलान भन्ने अनुमान गर्न सकिन्छ। तर ऋषि-मुनि र अप्सराहरू पनि त देखि दै नथिए। यिनीहरू कहा गए ? ऋषि-मुनि न भएर त के खाचो पर्ने भयो।नाहकमा उनीहरूका चाहिदा नचाहिदा गन्थनको सुनिरहोस। तर अप्सराहरू नै नभएमा स्वर्गलाई स्वर्ग कसोरी भन्नु ? आसब मदिरा सुरा नै पान गर्न नपाइने हो भने स्वर्ग र नर्कमा के फरक हुने भयो त ? अप्सराहरूको अनुपस्थितिको क्षतिपूर्ति कसवाट गर्ने र स्वर्गलाई फेरि स्वर्ग कसोरी तुल्याउने ?

यिनीहरूको सट्टामा त यी औसरवादीहरू स्वर्ग पुग्नु अगावै सामन्तशाहीको थिचो-मिचोको बोझ सहन गर्न नसकी दमाई परियार भएर,कसाई खड्गसेन बनेर धोवी

CC-0. In Public Domain. Digitization by eGangotri

राजभार इत्यादि हुँदै(नमुनाको लागि मात्र एकाध थरीहरूका नाम लिएको हों) स्वर्ग पुगिसकेका रहिछन। यहां त कमसे कम छुतछातको वास्ता हुँदै न। यसै गरिकन शाहनशाही संगको आफनो लसपस मेटाउन नाना थरीका नाम लिएर केसी,दलो,तामाड्० इत्यादी स्वर्गमा पुगिसकेका थिए। हुंदा-हुंदा त गाईजात्रामा नाच्नेहरू पनि आफूहरूलाई कलाकार भन्दै स्वर्गको सिंहासनमा थचक्क बस्ने दाउमा लागिरहेका बा। औसरवादीहरूले पनि आंट्न नसकेका ठाममा यिनीहरूले पनि आसन जमाउन खोजेका।

स्वर्गका निवासिहरूले एक्कासि मुग्लान पस्नाको के कारण रहेछ भनी यताउता बचेखुचेका दैविक नागरिकहरू संग बुझ्दा त औसरवादी प्रजातन्त्रको महामारी स्वर्गमा फैलदा अमरावतीको यो हालत भएको भन्ने औसरवादीहरूले थाहा पाउदा मनमनै दड्०दास भइनेहाले। स्वर्गलाई कब्जाउने सुनौला औसर देखेर औसरवादीहरूले क्षत्रिराखेको जुंगा मुसार्न थाले। औसरवादीहरूका निराला ढंग,अनौठा बोली-चाली,स्वार्थनिहित मनोवृत्ति,लक्ष्मीका अन्धपुजारी, सरस्वतीका कट्टर बैरी,संकुचित राष्ट्रियता,तत्वहीन राष्ट्रवादित्व,अर्थनबर्थको प्रजातान्त्रिक विचारधारा देखेर स्वर्गका वासिन्दाहरूले यहांहरू कहांवाट-पाल्नु भएको हो भनी सोधा औसरवादीहरू अवाक भए।

के यी मूर्खहरूले राष्ट्रवादी प्रजातन्त्रको नाम आज सम्म सुनेका छैनन ? के हामी त्यही अमर,अजय,अपरिवर्तनीय राजनैतिक सिद्धान्तका अग्रदूत हौं भन्ने कुरा यी मूढ-हरूलाई थाहा छैन भन्ने अनहोनी प्रश्नले औसरवादीहरूको स्वाभिमान र अहंकारलाई ठेस पुरायो। तै पनि बिरानो देशमा आफ्नो होश सम्हालेर राष्ट्रिय गौरवान्वित शब्दमा भने कि हामी जम्बू द्विपको हिमवत खण्डवाट सगरमाथा नाघेर आएका हौं। तै पनि अमरावतीका नागरिकका गिदीमा यो कुरा घुसेन। त्यसै वाल्ल परे। शायद यो प्रश्न-कर्ता चीनवाट आएको हुन पर्दछ। त्यसैले गलम लिएको होला। शायद चोमोलोड्०मा .. नाघेर आएका हौं भनेको भए बुझि पनि हाल्दथयो कि ? स्वर्गका निवासिहरूलाई त केवल लोकहरू मात्र थाहा हुदो रहेछ। कहां सम्म भने अयोध्याको श्रीरम:,द्वारकाको श्रीकृष्ण:,कपिलबस्तु(हालको नेपाल) को बुद्ध भन्ने सम्म पनि अत्तो न पत्तो। विष्णुका दशै अवताहरूलाई स्वर्गमा त विष्णु: मात्र भन्दा रहेछन। यिनीहरू जातपात,देशकाल, छूतछात,ठूलासानाका बन्धनवाद मुक्त भैसकेका थिए। अर्को अनौठो कुरा मृत्युलोकका शहीदहरूको स्वर्गलोकमा केही पनि भाउ हुदो रहेनछ। इन्द्रको शासनमा शहीद बनाउने चलन पनि छैन। कसैले गडवड गर्नमा सुटुक्क त्यसलाई नर्कमा धकेलि नै हाल्दथे। त्यहां त आआफ्नो पुरूषार्थले आर्जन गरेको कमाइमा भोग गर्न पाइन्छ। अरूको कुल्यांइ लगाउदैमा स्वर्गको बास दिगो हुंदैन। कसैले पिठियुंमा धाप दिनाको प्रयोजन नै छैन। बिचरा औसरवादीहरू जिउंदै भए पनि शहीद बन्ने इच्छा भएका त त्यसै हिस्स परिने हाले।

स्वर्गमा त इन्द्रको सिंहासन नै खाली परेको,वृहस्पतिको स्थानमा काही पनि छैन। कुवेरजो नै गायव छन। न्यायमूर्ति अन्धा भैसकेका,सप्त ऋषि कहां छन कहां,सेनापतिको

CC-0. In Public Domain. Digitization by eGangotri

अत्तो-पत्तो नै छैन, इत्यादि कुराहरूले गर्दा स्वर्ग त अराजकतामा डुब्न-डुब्न खोजेको अवस्थामा थियो। यसैले पो त जस-जसले जे-जे गरेता पनि मंझहालेको रहेछ। आहा! स्वर्गको यस्तो हालतमा आफ्नो राष्ट्रवादी प्रजातन्त्र फैलाउने भारी औसर औसरवादीहरू गुमाउन चाहदैन थिए। मउका आउदछ पर्खदैन भन्ने कुरा यिनीहरले राम्ररी बुझेका थिए। तर एक जटिल समस्या यो थियो कि स्वर्गमा राष्ट्रवादी प्रजातन्त्रको माहात्म्य कसो गरी व्याख्या गर्ने ? नेपाल अधिराज्यमा भए त कुनै मानिस मरेको वर्ष दिन भित्र गाईजात्रामा उसले गरे नगरेका कीर्तिहरूको प्रशंसा गाउं-गाउं फर्कदै एक-साता सम्म गाउदै बजाउदै प्रचार गरेर उसको हंसलाई तात्तातै स्वर्ग पुराउने प्रयास सम्म त गर्न सकिन्थियो। तर स्वर्गमा नै आइ पुगे पछि त गाईजात्रा के महत्व नै रहेन। राष्ट्रवादी तत्व के हो भन्ने सम्म पनि स्वर्गमा अत्तो-पत्तो हुंदो रहेनछ। यहा त कुनै पनि राष्ट्र नै छैन। यस ठाममा त या त स्वर्गको विलास गर या त नर्कमा पीडा झेल। अब राष्ट्रनै नभएको ठाममा राष्ट्रवादी तत्व के हो भनी कसोगरी बुझाउनु ? वास्तवमा साँचै भन्ने हो भने त हरेक औसरवादीले राष्ट्रवादको बेगला बेगले अर्थ सम्झेका थिए र त्यसको बेली-विस्तार पनि बेग्ला-बेग्लै गर्दथे। धेरै जसो औसरवादीहरू राष्ट्रवादमा सहमत भएका त के थियो भने :- (१) राष्ट्रवादी प्रजातन्त्रको सिद्धान्त अनुसार कुनै प्रकारको संस्था या पार्टी संगठन गर्नु राष्ट्रको अहितको कारण हुन जान्छ। यस्ता स्वार्थी दलवन्दीले गुटवन्दी गर्दै राज्यकै सर्व नास पार्दछन।

(२) विश्व वन्धु हुनु भन्दा संकुचित राष्ट्र हितकारी बन्नुमा नै नागरिकको कर्तव्य हो।

(३) कुनै विदेशमा वस्नु माने नै आफ्नो मातृभूमिको छातीमा लात मार्नु हो।

(४) समस्त मानवको कल्याणमा लाग्नु भन्दा व्यक्तिगत स्वार्थ पूर्ति गर्नु नै राष्ट्रवादको मूल आधार हो।

(५) प्रभुताइको अगाडि शिर झुकाउनु।

(६) ओरालो लागेको मानिसलाई गलहत्त्यायदिनु।

(७) राष्ट्रवादी प्रजातन्त्रको वरखिलाप जे भएतापनि केही बोल्न हुदैन।

यस्तो मौलिक सिद्धान्त अनुसारको राष्ट्रवादी को हो को होइन एकिन गर्न मुश्किल नै थियो। हिजोको अराष्ट्रवादी आजफेरि राष्ट्रवादी हुन सक्छ र भोलि सायद मुख्य मण्डली पनि भै हाल्ने कि। रिंडंदै घुम्दै त्यहि कुरामा पुगिन्छ कि दूध र पानी छुट्टाउन राजहंसकै आवश्यक पर्दछ। जे हास अमरावतीमा नरपुरीको गुह्य सन्देश त जसोगरीकन भए पनि सुनाउने निश्चय यो औसरवादीहरूले गरे।

अर्को अपठ्यारो प्रश्न यो उब्ज्यो कि प्रजातन्त्र केलाई भन्ने ? साम्यवादी आफ्नो व्यवस्थालाई नै स्वच्छ प्रजातन्त्र हो भन्ने दाबा गर्दछन त संसदीय प्रणाली आस्था राख्नेहरू आफ्नै विधानलाई मात्र चोखो प्रजातन्त्र हो भन्दछन। अध्यक्षात्मक

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजातन्त्रलाई कसरो प्रजातन्त्र होइन भन्नु। जनहितकारी, आधारभूत, प्रजाबत्सल, नियोजित प्रजातन्त्रहरूलाई के तन्त्र भन्ने ? संसदीय सीमित राजतन्त्रलाई के भन्ने ? यहां स्वर्गमा भने अगुल्टोले हानेको कुकूर बिजुली देखेर तर्सन्छ भने झैं मरखरै औसरवादी प्रजातन्त्रको महामारीको मार खाएका स्वर्गका निवासीहरू सितिमिति कुनै प्रकारको प्रजातन्त्र चाहे राष्ट्रवादी प्रजातन्त्रनै किन नहोस, अपनाउनलाई तत्पर थिएनन। बास्तवमा औसरवादीहरूलाई पनि प्रजातन्त्र संग के निदिनु थियो र। अरूहरूलाई झुक्काउन आफूलाई प्रगतिशील देखाउन मात्र प्रजातन्त्र शब्दको पुच्छर टांस्न अनिवार्य हुन गएको हो।

यस्ता चाहिदो नचाहिदो वाद विवादमा नफस्नलाई नै यी राष्ट्रवादीवालाहरू कुनै तन्त्र अथवा कुनै वादमा विश्वस गर्दैन थिए। कुनै ठामको माटो, जलवायु सुहाउदो कुनै प्रकारको राज्य व्यवस्था (चाहे तानाशाही शासन नै किन नहोस) जसमा आफ्नो मामको पूरा बन्दोवस्त हुन्छ सो व्यवस्था नै यिनीहरूलाई अति प्रिय लाग्दथ्यो। कसैको छत्रछाया मुनि विना प्रयास मै आफूहरूको तरक्की हुन्छ भने अरू के कुरा चाहियो। धर्मको लागि मुन्टो कटाएर गुरू तेज बहादुरले के लछारे ? अकब र बादशाहको त्यत्रो उदार निगाह नमानेर पहाडमा ढुटोको सुकेको रोटी खादै घांसको बछ्यानमा सुतै र राणा प्रतापले के पाए ? जे भएपनि त्यत्रो वादशाहलाई मानेको भए राणा प्रताप एक मान्छे बन्ने थिए भन्ने कुराहरूको चर्चा यी राष्ट्रवादीवालाहरू बराबर गरिरहन्थे। सुगन्ध फैलाउन गुलाफको फूललाई के गुलाफ नै भन्न पर्दछ त भनी तर्क गर्नमा अति सिपालु थिए। त्यस माथि पनि राष्ट्रवादी प्रजातन्त्र औसरवादीहरूको त्रिभुवनलाई एक मौलिक देन हो। यो त आत्मा चिन्ने गीता सरहनै बुझ्नेलाई कठिन, बुझ्यो अति कठिन, झन झन बुझ्यो झन कठिन विषय पो हो बाबै।

औसरवादीहर पनि थरी थरीका थिए। काही उग्रगामी औसरवादी थिए त एक थरी औसरो औसरवादी पनि थिए। त्यस माथि थप शोषकपावन औसरवादी पनि थिए। शोषकपावन औसरवादीहरूको प्रजातान्त्रिक प्रणाली प्रति आफ्नैपनको धारणा थियो। देशको भलाई कुनै प्रजातान्त्रिकपद्धतिवाट हुन सक्दैन भन्ने अन्धबिश्वासमा थिए। समयको परिवर्तनले गर्दा चोचमा चोचो मिलाउन हामी पनि प्रजातन्त्रवादी हौं भनी बिदेशीहरूलाई देखाए पुग्दछ। वास्तवमा प्रजातन्त्र भनेको कुन बस्तुको नाम हो रैतीहरू -लाई के थाहा छ भनी खुल्लम खुल्ला भन्दथे। आफूहरूलाई प्रजातन्त्रको पुजारी भन्नेहरू देश बेचुवा हुन। यीनीहरू त देश लुट्न आएका हुन भनी प्रचार गर्दथे। रैतीहरूलाई प्रजातन्त्र संग के वास्ता ? देशको शासन राजाले नै गर्न पर्दछ। समयले गर्दा राजाले आफैं सिधा शासन चलाउन नहुने हो भने राजनैतिक पार्टीका हुल्लडवाजहरूलाई राज्य गर्न दि हुदैन। राजभार बुद्धिजीवीहरूले मात्र संभाल्न सक्दछन। अशिक्षित देशमा बुद्धिजीवी निजामती सेवामा बाहेक अन्त कहां खोज्न जानु। करकापमा पर्दा प्रजातान्त्रिक व्यवस्था अपनाउन परेको हो, हैन भने त आफ्नै पुरानो राजकाजलाई आफूहरूलाई फाइदा

CC-0. In Public Domain. Digitization by eGangotri

हुने गरी केही हेरफेरले टेवा दिनेमा कटिवद्ध थिए। बजीरशाही अब समयानुकूल छैन। अब बजीर खान्दानका परिवारले राजनैतिक मन्चमा केही समयलाई देखा पर्न हुदैन। तन, मन, धनले नोकरशाहीहरूलाई नै उठाउनमा बजीरशाहीको वास्तविक कल्याण छ भन्ने मनमा भए ता पनि स्वामितहरूको अगाडि नमीठो कुरा सुनाउदै न थे। शोषक-पावन औसरवादीहरूको लागि आफूहरू बाहेक अरू कोही पनि राजकाज गर्न सिपालु जच्दैन थियो। सामन्तीहरूलाई एकदम रसातलमा नपुराउन र रैतीहरूको जीवनस्तर विस्तारै विस्तारै उठाउन यिनीहरू आफूहरूलाई मात्र लायक सम्झन्थे। प्रजातन्त्रमा कसैले पहिले देखि खाइ-पाइ आएका कुराहरू, भूमि सम्बन्धी विशेष-अधिकार, बिर्ता, बेख, बेगारी हरन गर्न पाइदैन। बरू हुन सक्दछ भने यिनीहरूलाई कायम राख्ने तर्फ नै लाग्नु पर्दछ। हैन-भने रीति स्थिति नै खलबलिन जानेछ भनी अतिशय डराउदथे। यसै कारणले शोषकहरूलाई चाहिने भन्दा बढी मात्रामा शोषण नगर्नुहोला भनी अनुरोध गर्ने पक्षमा थिए। औसर परेमा शाहनशाहीको नक्कल गर्न पनि बेर मान्दैन थिए। दाउ लागेमा तानाशाहीलाई फुस्लाउन पनि पछि हट्दैन थिए। मतलवको खातिर गधालाई पनि बा भन्न लाज मान्दैन थिए। अरूलाई फुकाउदै ब्यासोले जस्तै उसको आन्द्रा दुहुन बेर गर्दैन थिए। भाग्यले गर्दा युगप्रवर्तकका पालामा आफ्ना दक्षता देखाउने मौका पनि पाएका हुन। तर यिनीहरूको मनोवृत्ति नै संकुचित हुंदा प्रजातन्त्रको आडमा सामन्तीहरूले भन्दा पनि बढी नाजाएज फायदा उठाउने बानी नै लागिसकेको थियो। आइमाईहरूले ब्रत, तीजमा टाउको देखि खुट्टा सम्म गहना लगाएको देखेर आफूहरूका छातीमा अनेको तक्माहरू झुण्डयाउदै फुरूक्क परेर हिंड्दथे।

औसरी औसरवादीहरूको त चाल-ढाल नै बादशाही दीनता पो थियो। जस्ले जित्ला त्यो मेरो माले भन्ने सिद्धान्तलाई अंगालो हालेका थिए। आफ्ना बोलबालका दिनमा मानिसलाई देख्दा पनि नदेखेको-जस्तो गर्नेहरू आज सर्वशक्तिवान या उनका कुनै परिवारको छाया-सम्म पर्ने बित्तिकै दङ्दास पर्दथे। मलाई मात्र हेरिरहोस भनी तं छाड म छाड गर्दै चारै दिशावाट मल्याक मुलुक देखाने परिरहन्थे। मानसिक ज्वलन्त अग्निलाई करजोरीले छोपदै उनीहरूको अगाडि हनुमन्तै आशनमा खडा रहन्थे। घरका नोकर चाकरलाई पचास बाजी आफूलाई सलाम गराउने ब्यक्तिहरू आजकल बिना मतलव नै हिजो-सम्म भुसुना नगनिएका मानिसहरूलाई कुनै ठूलो ओहदा भेटेको देखी ज-याक जुरूक्क उठेर जति पल्ट पनि हात जोड्न तत्पर रहिने रहन्थे। हाची रूवाउने भुसुना यिनीहरूको ढङ्ग देखेर सरमले यिनीहरूका आंखाको कसिंगर नै बन्न छाडिदए बरू। फटाहा, गफीहरूलाई रूपैया दिंदै नचाहिदो गफ मार्न प्रोत्साहन दिने औसरी औसरवादीहरू फट्याङ्ग्राले तालुमा लात मार्दा पनि रमाइ नै रहन्थे। बरू थुरूथुरू मुण्टो कपाउदै ख्याली बन्नलाई झन झन उठिङ्गा कुराहरू गर्दथे। जसो-तसो गरीकन पनि समाजमा कोही न कोही-गनिउं भन्ने एक मात्र जीवनको उदेश्य थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

दासमोचन पछि उनीहरूको ठाम स्वेच्छाले यिनीहरूले नै सहर्ष स्विकार गरेका हुन। चाकडीबाट कुनै मान पदवी पाए अति उत्तम नभए समाजमा अरू थोक के चाहियो ? पितृ ऋण तिर्ने हिम्मत थिएन। म को हुं भन्ने थाहा छैन। विना पुरूषार्थ पुर्खौली मान इज्जत कृपावादबाट भेट्टाइने हो भने यस संसारबाट मरेर लैजाने के छ र.? यो प्यारो शरीरलाई चटक्क छोडी उडिजाने वेईमान आत्मालाई अर्पण गरेमा कसो होलात हो कि ओसरी औसरवादी? विचरा ओसरी औसरवादीहरू हैउवाट अतिनै भयभीत थिए। अलिकता पनि मेहनत नगरी पुर्खाका पसीनाले आर्जन गरेको संपत्ति आइलाग्दा गुलछर्रावाट बक्सीस जासूसीमा उडाउंदा पनि नसकिएको हुंदा यिनीहरूलाई रातमा राम्रो-निद्रा आउदैन थियो। संपत्ति पो हर्ने हुन कि, आफूलाई न निम्त्याई राखेको ठाउंमा भाइ भतिजालाई पो बोलाई दिने हुन कि, समाजमा अपमान पो गर्ने हुन कि, छोराले कुनै ठूलो दर्जा भेट्टायो भने सलाम गर्ने कि नगर्ने इत्यादि अनेको निराधार हौवाका डर मान्दै राति अलिवेर मात्र मस्त निदाउन सक्तथे।नत्र भने बाकी फाल्तु समय अरूको चैवा चर्चा गर्दैमा विती हाल्दथ्यो। यिनीहरूलाई कसकी छोरी कसले भगायो, कसकी स्वास्नीको कोसित साठो गाठो छ, कसको घरमा को म-यो, को विरमी हुंदा दिनमा कति पटक हेर्न जाने, सचिबालयमा कुन दिन हेरफेर हुन्छ, कहिले कुनचाहिं मन्त्री खोसिन्छ इत्यादि कुराहरू तुरून्त थाहा भै हाल्दथ्यो। कसैका हितका कुराहरू सुन्ने सचेनथे। अरूहरूको पनि अर्के तरीकाले तरक्की हुन सक्छ भन्ने कुरा यिनीहरू देख्दैन थिए। यिनीहरूको न त चित्तमा शान्ति नै थियो न त चिताए बमोजिमका कुनै मान पदवी नै भेट्टाउन सकेका थिए। अब स्वर्ग पुग्ने ओसर पर्दा यिनीहरू कहां पछि हट्दथे।

उग्रगामी ओसरवादीहरूको त कुरानै अर्को छ। सांचि नै भन्ने हो भने त उग्रगामी ओसरवादी सिति-मिति को हुन सक्छ, अथवा को हुन चाहन्छ ? कुनै व्यवसायमा लाग्न सिपालु छैन भने, बुद्धिको काम गर्न ल्याकत नहुंदा, अरूले हाची चढेको देख्दा घुरी चढ्न मनसुबा उठ्दा, मेहनतको कमाइले जहान बच्चा पाल्न नसक्दा, कसैको असल हेर्न मन नलाग्दा मात्र उग्रगामी ओसरवादी बन्न सकिन्छ। कुनै एक अक्कलीले भनेका "नाङ्गो नाचे हजार दाउ" पनि ठिक नै हो। उत्तम खेती, मध्यम वेपार, घृणित नोकरी थाहा हुंदा हुंदै पनि भन चाकडीवाज बन्न कसलाई मन पर्दो हो त ? अलि दिनको रिमझिमे रमिताका खातिर कसैको चाकरी गर्न अहोरात्र सलामीमा आजीवन बिताएर नपुगी केयन मानिसहरूको चुकली लगाई, हजारौ व्यक्तिलाई मलामीमा पठाएर, आफू भने आराम लिने कलामा पोख्त हुनु यस चेतन्य चोलामा नै लोभानी पापानीको धूपले अरहरूको सत्यानाश गर्न सक्नु पर्दछ। ओसरवादीहरूको क्षणभरको तरक्कीको बिकास देखदैमा उनीहरूको दिल-सम्झदा एक नेपाली टुक्का "केले चाउरिस मरीच आफ्नो पीरले" याद आई नै हाल्दछ। कहिले स्वामी संग घुंडा जोडेर बस्नु, कहिले झयालखानाको आंखै झयालबाट मुक्तिको लागि च्याइरहनु त तरवारको धारमा टेक्नु जस्तो हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय २.

अलि वर्ष स्वर्ग को भोग गर्ने निष्कर्षमा पुगेपछि यी औसरवादीहरूले कुन प्रकार को राज्य व्यवस्था कायम गरेमा शासन अधिकार आफ्नो हातमा आउनाको साथ साथै राष्ट्रवादको ठाउंमा प्रजातंत्र जस्तो पनि देखियोस । तर अग्रगामी औसरवादीहरू बाहेक अरूहरू यसमा घुस्न पनि नपाऊन भन्ने बारेमा विचार विमर्श गर्न थाले । सबभन्दा पहिले त सच्चा उग्रगामी औसरवादी र अरू औसरवादी को हो भनी कसरी छुटयाउने ? जो पनि आफूलाई मुखले त राष्ट्रवादी हुं, राजभक्त हुं भन्दछन , जो पनि चाकडी, चुक्ली र सलामी को सहारा अर्कालाई अराष्ट्रवादी साबित गर्न पछि हट्दैन थिए । चोखो र कांचो औसरवादी छुट्याउने विवेक कसैमा देखिएन । आफ्नो कुनै मतलब साध्य भयो कि भर्रो औसरवादीलाई पनि दुधको तरवाट भिंगालाई फाले सरह आफली दिने । गिन्दै न गिनेका गुलामशाही मनोवृत्तीवाला एकदम उच्चतम स्थान भेटि नै हाल्ने । घोर कलियुगमा गुण लगाएको बदलामा अपमान थोपारिदिने । म नै राष्ट्रवादी प्रजातन्त्रको अगुवाहूं भन्दै नेतागिरीको दावा गर्छ भने कसको नेता भन्ने प्रश्न उठदछ मेरो विचारधारामा सहमत यति सय मानिसहरू छन भन्ने लिखि राजनैतिक संघ जमाएको आरोपमा सुरक्षा कानून. अन्तर्गत मामाली घर जानु पर्ने पो हो कि ? राष्ट्रवादी प्रजातन्त्रमा राजनैतिक संघ बनाउन खोज्नु पनि एक किसिमको राजद्रोह नै हो । कसैको निगाहा बाट मात्रै औसरवादीहरूका नाम मनोनीत हुने चलन चलाउने कुरामा सहमत भएमा आफू त्यसमा परिएन भने के गर्ने ? हिस्स बुढी खिस्स दांत ? तर औसरवादीहरू चुच्चुक गिएनन । कुनै मतलबको लागि जो हजुर गरे ता पनि सत्ता हत्याउने कुरामा कसैको परवाह राख्दैन थिए । आज राजा हुन पाएमा भोलि काजीमा खसेर पर्सि पाजी बन्न पनि वास्ता गर्दैन थिए ।

अब यस्तो संविधान अपनाउन पर्यो जसबाट सर्प पनि नमरोस लट्ठी पनि न भांचियोस । स्वर्गको प्रभुसत्ता कसको हातमा सुम्पने ? स्वर्गको परम्परा अनुसार स्वर्ग राज्यभार कुनै एक व्यक्तिलाई सुम्पने गरेमा निरंकुश शासन को पुनरूस्थान गर्न आटेको भनि सहकारीहरूले आरोप लगाउने भए । आफ्नो त पतन हुने भयो कि ? दुई जनाको मलोमितोले राज्य चलाउने होयिने दुइजनाको राय बाफ्न गएमा के गर्ने ? कुनै औसरवादी अर्को औसरवादीसंग कुनै कुटामा पनि सहमत हुंनेनथिए । तीन जनाको समीति

CC-0. In Public Domain. Digitization by eGangotri

छहा गरेमा पैसा देख्दा महादेवको त तीन नेत्र जल्दछ भने तीन जना मानिसलाई राज्यको राजकाज कसोगरी दिने ? फेरि राजाका गोप्य कुराहरू एककान दुई कान तीन कान मै दान भयो भने ? हरेक कुरा रैतीबाट कसरी लुकाउनु ? यो त राजनीति नै भएन । चार जनाको परिषद गठन गरेमा सामन्तीका भगवान विष्णुको पनि चार हात हुंदा प्रतिक्रियावादी यो ठहर्न जाइएला । सबै जस्तो औसर वादीहरूको सम्मेलनबाट काम चलाउन खोजेमा नाइके बिनाको समूहमा दंगा फसाद उठन गयो भने कसले सम्हाल्ने ? कुनै एक औसरवादी अर्को औसरवादीको भनाइ मान्दैन थिए । कसैले तपाई भनोस न भनोस आफै आफूलाई भयाई ठान्दथे । दशजनालाई राजभार बोकाएमा दशानन रावण समर्थक भनी दानशाही फैलाउने आरोप लाग्न सक्थ्यो । अब के गर्ने भनी यसो बिचार गर्दामा त पंच रंगी सिद्धान्त अनुसार नारायणको पांच पांच रूप भएको हुंदा र अनार्थका देवताहरूको महादेव पनि पंचमुखो कहलाइएका हुंदा पांच जनाको परामर्शग्राही मण्डल नै कायम गर्ने निधो गरे । हुन पनि प्रकृतिले पनि मानिसको हात खुट्टामा ५ x ५ अगुलाहरू बनाइदिएकोछन । पाँच पवित्र नादीहरू मिली जुली पंजाबलाई नै सनातन धर्मका मूल स्थान बनाई दिए । यहां नै पहिला पटक वेद ध्वनि पनि सुनिएकोहो ।

कुनै एक व्यक्तिलाई परामर्शग्राही मण्डलको सदस्यहरू मनोनीत गर्न दिएमा आफूहरूको हक कसरी जमाउने भनेर नै प्रजातन्त्रमा कुनै न कुनै प्रकारको निर्वाचन त हुं पर्छ भन्नेमा सबै औसरवादीहरू सहमत भए । निर्वाचन को लागि स्वर्गलाई थरी थरी चौइटमा बांडी हरएक चौइटाबाट ५ x ५ जना औसरवादी मात्रनै चुनेर चौइटे कार्यकारिणी बनाउने । अनि आठ दश यस्ता चौइटे कार्यकारिणीको डफ ले एक-एक जना औसरवादीलाई टुके कार्यकारिणीमा पठाउने । यसता थरी थरीका टुकुराहरूले एकजना औसरवादीलाई चुनेर स्वर्गीय महा सन्त मिलनमा पठाउने व्यवस्था मिलाए । आफू भन्दा अगाडि नै स्वर्गमा शरणार्थीभएकाहरू बेग्ला बेग्लै व्यवसायमा लागिसकेका हुंदा बर्गीय व्यवसाय अनुसार यिनीहरू औसरवादी रहेनछन भने ता पनि एक-एक प्रतिनिधि यस महासतमिलनमा पठाउन पाउने भए । सनातन धर्म अनुसार हिन्दु समाज चार वर्णमा बिभाजित भएको र परम्परागत ३६ जात समेत भए कोले हरएक जात र वर्णले पनि एक एक सदस्य छान्न पाउने भए । प्रगतिशीलवाला महिलाहरू उग्रगामी औसरवादीहरूसरह नै तीव्रगामी वाउंम्माहुंदा उनीहरुले महासत मिलनमा दुइटा प्रतिनिधि पाए । तर दुर्भाग्यवश परमार्शग्राही मण्डलमा सदस्य रहनेछन भन्ने शब्द संबिधानमा

CC-0. In Public Domain. Digitization by eGangotri

परे ता पनि यी भद्र महिलाहरूले तत्काले मण्डली बन्ने संभव कम देखिन गरेका थियो । यिनीहरू माथि थप अरू औसरवाद मार्गी र अन्य प्रगतिशीलवालाहरू पनि छुटन नपाओस भनी स्वर्गको प्रभुसत्ताको प्रतीक जो हुन जान्छ उसले अलिकता थप सदस्यहरू भर्ता गर्न पाउने बन्दोबस्त पनि भएको थियो । यसै महासतमिलनवाट मात्र परामर्शग्राही मण्डलका मण्डलीहरू बन्ने प्रतिबन्ध पनि लगाइ दिए । तर कुनै अति उपयोगी औसरवादी कथंकदाचित सतमिलनको सदस्य रहेनछ भने परामर्शग्राही मण्डलको मण्डली बनेको तीन वर्ष भित्र चुनिउ पर्ने कुरा पनि संविधानमा उल्लिखित गरेका थिए । मण्डली बनेको तीन वर्षमा कुनै न कुनै व्यवसाहीक संगठनवाट केही गरी महा मण्डली तीन वर्ष भित्रमा पनि छानिन सकेन भने परामर्शग्राही मण्डललाई विगठन गरी फेरि अर्को तीन वर्षलाई नयां मण्डल उसैको अध्यक्षतामा गठन गरी चुनाउ लड्न पाइने व्यवस्था गरिएको पनि थियो। तर तीन वर्ष भित्र कुनै वर्ग, पेशा, जात वर्णवाट सतमिलनको सदस्य छानिन पर्ने अनिवार्य नियम पनि बनाए ।

अब यो महासतमिलनका सदस्यहरू र अन्य टुक्रा थोइटाका सदस्यहरूको चुनाउ कसरी गर्ने भन्ने बारेमा छलफल हुंदा बालिक मताधिकारको आधारमा प्रत्यक्ष निर्वाचन गराएको खण्डमा संसदिय प्रजातन्त्रवादी वा अरू कुनै तन्त्रधारीहरू निर्वाचित भएमा राष्ट्रवादी प्रजातन्त्र प्रोत्साहकहरू कहां जाने । घुस खोरी प्रधान स्वर्गमा अराष्ट्रवादीहरू घुस्न गएमा स्वर्ग पनि लोप हुने सम्भव देखिन्छ । सत्ययुगको स्वर्ग भन्दा मध्यकालीन कलियुगी स्वर्ग झन खराब हुनु स्वाभाविक कुरानै थियो । निर्वाचन लडनलाई राजनैतिक पार्टी जमाउन दिएमा भुल्वुक प्रजाहरूले गुटवन्दीमा फसेर चोखा राष्ट्रवादीहरूलाई मत दिएनन भने के गर्ने ? अनि रैनोको हित कहांवाट हुन जाला ? कुनै न कुनै प्रकारको चुनाउ नगरेमा आफूहरूलाई के नाकले प्रजातन्त्रवाला कहलाउने ? हरे शिव ! कसतो उलफनमा औसरवादीहरू फस्न गएका ! राजनैतिक दलबन्दी बनाउने पक्षमा कोहीं पनि थिएनन । कारण औसरवादीहरू आफूलाई जनप्रिय हुं भनो ठान्नु आफ्नो अपमान सम्फन्थे । त्यसमाथि थप राष्ट्रवादको निर्देशक सिद्धान्त अनुसार यो त अक्षाम्य अपराधनै भैहाल्यो । बरू घररा जसतो पात बिनाको सुरिलो रूखजस्तै बहुमुखी लेबाहोन संगठन सम्म कायम गर्न दिने मतो गरे। राष्ट्रवादी प्रजातन्त्रको निर्देशक सिद्धान्त अनुसार रामराज्य नै यसको लक्ष्य थियो । राम राज्यमा गुप्त मत-दानको के प्रयोजन ? रामराज्यमा आफ्नो मनमा लागेको कुरा सबैको अगाडि भन्न के को डर ? जाबो धोबीले त सीताको सतीत्व बारेमा

CC-0. In Public Domain. Digitization by eGangotri

खुल्लम खुल्ला आलोचना गरेको थियो भने राष्ट्रवादको पददर्शी छान्नमा के को लुकी-चोरी ? खुल्लम-खुल्ला हात उठाउँदै हाम्रो फलानालाई छान्दछम भन्न कसलाई के को आपत्ति ? यस्तो पवित्र कार्यमा चुनाउ आयोगको अथवा चुनाउ आयुक्तको के प्रयोजन ? प्रजातन्त्रको विधि पुर्याउनलाई चुनाव सकिए पछि चुनाव आयुक्तलाई आफ्नो त्याप्चे लगाउन लगाएमा एक बेगार औसर वादीको उद्वार मै मासिक बेतन पकाउन पाइने हाल्ने हुंदा चुनाव आयुक्त पनि राख्ने निर्णय गरें। चुनाव नियमावलीमा राष्ट्रवाद मान्नेले मात्र चुनावमा भाग लिन पाइन्छ । चुनाव अगावैको प्रचारमा जे भन्नुछ सो राष्ट्रवादके मात्र प्रशंसा हुनु-पर्दछ । सच्चा प्रजातन्त्र भनेको राष्ट्रवादी प्रजातंत्र मात्र हो भन्ने कुरा मान्नैपर्दछ । छिमेक राष्ट्रहरूको आस्था राख्न हुंदैन । राष्ट्रवादी प्रजातंत्र नमान्नेहरू साउनमा आंखा फुटेका गोरू हुन्छ । यिनीहरूले चुनावमा भाग लिन पाईदैन इत्यादि पनि घुसाइ नै हालेका थिए।

अब यो महाराष्ट्र सतमिलनको के नाम राख्ने जसबाट यहाँ कसैले दलबन्दी गरेको जस्तो पनि न देखियोस र साथै राष्ट्रवादको तरक्की गर्न एसैले सबैजना संग होस्तेमा हैंसे लगाउन पनि बाध्य हुने पर्ने उपाय खोज्नमा यी औसरवादीहरूलागे । आफ्नो अति उपयोगी गिदी खियाउंदा खियाउंदा यसलाई राष्ट्रवादी प्रजातांत्रिक सतसंगत नामकरण गर्ने निधो गरे । प्रजा कल्याणार्थ दलबन्दीको तिलांजलिमा राम-राज्यको लक्ष्य राखी राष्ट्रवाद-को नसामा प्रजातन्त्रलाई जगाउन पर्दा यो नाम बाहेक अरू कुन नाम उचित होला त हो कि भन्दै धूर्त चाहिं औसरवादीहरू तिरछ्र ठहाउँदै राक्षसी हांसोको खिल्का छाडन थाले । कसै कसैको रायमा प्रजातन्त्र शब्दलाई आवश्यक भन्दा बढता जोड दिन हुंदैन भन्ने थियो । तर प्रजातान्त्रिक शब्द राष्ट्रवादी शब्दको पुच्छरमा मात्र जोडिएको हुंदा प्रजातन्त्रलाई चाहिने मात्रामा भन्दा बढता मान्यता दिएको ठहरिंदैन भन्ने औसरवाद विशेषज्ञहरूको मनाइ थियो । हुन पनि सत संगत कुनै नखुल्ने शब्द थिएन ।

सनातन धर्ममा सतसंगतको कत्रो उच्चस्थानछ । सतसंगतमा भगवानका लीला, क्रिडाको कतिराम्रो व्याख्याहुन्छ । आठ पटरानी राखेर पनि श्रीकृष्ण भगवान बाल ब्रह्मचारी नै थिए भन्ने ज्ञान पाइन्छ । पांच पाण्डवकी पत्नी द्रौपदी एक पतिव्रता नारी हुन भन्ने प्रजातन्त्र शुद्धोशिक्षा पाइन्छ। " मन चंगा तो कठौतो मै गंगा " भन्ने कुरा सबैले सुनेके हुनुपर्दछ । जे भए ता पनि यस राष्ट्रवादी प्रजातान्त्रिक सत संगतमा आफ्नो मनका लागेको कुरा त अनकनाईकन भएमा पनि सुनाउन त पाइएला भन्ने ठूलो आशा थियो

CC-0. In Public Domain. Digitization by eGangotri

हुन पनि शंका समाधान गर्ने अखडा पनि त एक यही मात्र न हो । यहां राष्ट्रवाद विकास विषयमा निर्धक्कसाथ छलफल गर्न पाइने नै भयो । विचार विमर्श गर्ने बैठक को भयाल ढोका बन्द रहने हुंदा यहां अक्लालिएको निसासिएको कसले देख्ने भयो त ? बाहिर आएर घर घरमा कुसंगतिहरूको अगाडि च्याम्पटी घुमे फैं फनफनी घुमदै, मैले जसो मने थें कसो गरेथें भनी फुई लाउन पाइ नै हालिन्छ । अन्धाको अगुवा लंगड़ा सम्म त वन्न पाइयो । तर सतसंगतमा भने नबाहिंदो कुरा गर्न सख्त मनाही थियो । जे जति भन्नुछ, जे जति सुन्नुछ फगत राष्ट्रवादको प्रशंसा मात्र हो । सतसंगतमा आततायी वन्न पाइदैन । हुन पनि राष्ट्रवादी तत्व भन्दा अरू कुन तत्व ठूलो हुन सक्तछ ? अव्दैतवादको भनाइ अनुसार पनि " एको ब्रह्म द्वितीयो नास्ति " अकाटयक वाक्य हो । राष्ट्रवाद हुंदामा नै त कसैलाई फलानो राष्ट्रको जनता भनी चिन्न सकिन्छ । राष्ट्र नै छैन भने त्यहांको प्रजा कहांवाट रहने भयो ? गंगाजो को पवित्रता गंगाको अस्तित्वमा निर्भर गर्दछ । वंगोप खाडीमा गई मिसीए पछि त कुन गंगा कुन वागमती कुन भागीरथी ? सबै नदीनाला मिली जुलीकन हिन्द महासागर पो त भइरहेको ।

स्वर्गमा कुन प्रकारको राज्य प्राणली स्थापना गर्ने निर्णय गर्नु पनि एक गहन समस्या थियो । भूतलका अति शक्तिहरू अमेरिका, रूस, चीन गणतन्त्र भएको हुंदा स्वर्गमा पनि गणतन्त्र नै चलाउने हो भने त्यहांको जलवायु सुहाउंदो कुरा भएन । भारतीय निजामाती सेवाका शाही सल्लाहकार श्री गोविन्द नारायणले नेपाल राज्यमा जनतंत्रको संविधान वकस दिलाउंदा थारी-थारी नेताहरू सुकेको हाडमा कुकूरहरू भैं लडदै कति वर्ष बिताए । स्वर्गमा धर्मावलम्बी प्रान नै भएकोले राजतंत्रमा नै आस्था राख्दथे । इन्द्र भागेर हत्याएको स्वर्गमा प्रगतिशील भएर पनि राजाको निरंकुश शासनको अधीनमा वसन राजीहुनु पनि औसरवादीहरूलाई सुहाउने कुरा भएना वेलायत, जापान को जसतो अधिराज्य कायम गर्न मनले खाएन । द्वितीय महायुद्धपछि यी दुई मुलुकको त्यसतो दुर्दशा भएको सुन्दासुन्दै पनि स्वर्गलाई जाना जान चुत्थो दर्जामा कसो गरीकन ओरालनु । औसरवादीहरूको आपसमा मेलजोल न भएको हुंदा कसैको अधीनमा नपरी सुख नै थिएन । कुनै कुनै औसरवादीहरू राष्ट्रवादी प्रजातंत्र बारेका संकलनकर्ता सम्म भए ता पनि आफैलाई ग्रन्थकार घोषित गर्ने अवस्थामा थिएनन । कसैको नामवाट नै राष्ट्रवादी प्रजातंत्रको प्रचार गर्न पर्यो । जसतो

CC-0. In Public Domain. Digitization by eGangotri

सुके आदर्श प्रणाली पनि कुनै अगुवा बिना चलाउन गाह्रो नै पर्दछ । श्रीकृष्ण-भगवानको अवतार भएर पनि आफ्नो अमर वाणी श्रीमद् भागवत गीता पनि लोकप्रिय तुल्याउनलाई वेद र उपनिषदहरूको आड भरोसामा लेख्न पर्यो भने एक आधुनिक भौतिक राज्य प्रणाली त्यो पनि स्वर्गमा फैलाउन फलानाको मन्तव्य अनुसार यो यस्तैनै हुनुपर्दछ भनी ठोकुवा गर्न नसकेमा कसो गारीकन काम चल्ला त ? चीनले माउ-त्से-तुंग का अमर वाणीहरू न भेटेको भए चीन सांस्कृतिक क्रान्तिमा कसरी सफल हुंदो हो त ? वास्तवमा आविष्कारीक हक बमोजिम स्वर्गको राज्य गर्ने पूरापुर अधिकार त यिनै औसरवादीहरू कै हो भन्ने कुरामा कसैले शंका गर्न पर्दैन । तर आपसको अविश्वासले गर्दा कुनै औसरवादीहरूलाई राजा बनाएर स्वर्गको हाली माली गर्न दिन त भएन बा । नेपालीमा एक टुक्का छ नि " आफ्नो नाक काटी अर्कालाई अपसगुन । " आफूहरू मध्ये न कसैलाई पनि इन्द्रको सिंहासनमा बस्न दिनु असम्भव कुरा थियो । बरू कोही यस्तो व्यक्तिलाई इन्द्रको सिंहासनमा राख्न पर्यो जसको खानदानमा बौद्धिक वर्गीय राजकीय रगतको सम्मिश्रण छ (यो विचार अरिस्टटलबाट चोरेको हुनुपर्दछ) । रणभूमिमा जसको पूर्खाले चंगीजखां तैमूरलेन, हानीबालले भन्दा पनि बढता बहादूरी देखाएको होस । राजा सबैको साजा भने जस्तै यो मानिस यसतो हुनु पर्दछ कि जो औसरवादी, सामन्ति, शोषक, प्रतिक्रियावादी, कालोबजारिया, हुल्या, घुसिया, फटा, व्यसनी, अविचारी, भ्रष्टाचारी प्रति समदर्शी हुन । दन्त्य कथामा सुयोग्य व्यक्ति, गरीब, पंगु, रोगी, भएता पनि हात्तीले वरमाला लगाएर राजा बनाए झैं यी औसरवादीहरूले धनेन्द्र मिश्रलाई सर्वगुण सम्पन्न ठानेर आदर्श रामराज्य स्थापक, राष्ट्रवाद प्रवर्तक, पंचमुखी प्रजातंत्र बर्धक, औसरवाद - प्रोत्साहक, भोगविलास अभिलाषि, मदति प्रचण्ड, गगन बिहारी, गुटदल मर्दी, शक्ति-पुजारी, इत्यादि अलंकारहरूले आभूषित गरेर मानको खातिर " हजुर " मान दिएर इन्द्रको खालो सिंहासनमा बसाले । अधिराज्यमा राजाले आफूले चाहे बमोजिम राज्य गर्न नपाएमा आफूहरू सरह स्वर्गमा मनपरी गर्न चाहने सामन्तीहरू र प्रतिक्रियावादीहरूलाई पनि मौका मिल्न सक्ला भन्ने कुराको ज्ञान त्यसवेला यी औसरवादीहरूको दिमागमा घुस्न सकेको थिएन ।

रामराज्य राष्ट्रवादी प्रजातंत्रको लक्ष्यभनी संविधानको निर्देशक सिद्धान्तमा परेको हुंदा अब इन्द्रको राज्यमा बानी परिसकेका

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गवासीहरूलाई मृत्युलोकको रामराज्य नै सब. भन्दा असल शासन-पद्धति हो भनी कसरी पत्यार पार्ने ? वास्तवमा औसरवादीहरूलाई रामराज्य कहांबाट मन पर्दथ्यो । यो त करकापमा भालूको कम्पट समातिहालेपछि अब कसोगरीकन छाडनु मात्र भएको हो । राम पनि त एक निरंकुश शासक हुन भन्ने कुरा यी औसरवादीहरूले राम्ररी बुझेका थिए । यिनीहरू किमार्थ राम भक्त होइनन । राम:ले आफ्नो व्यक्तिगत ़. स्वार्थ प्रजाहित निहित राखेको कुराको चर्चामात्र यिनीहरू गारिरहन्थे । मन्त्रीहरू-को राय सल्लाह बिना राम केही पनि काम गर्दैन थिए भन्ने कुरा सुनाउंदथे राजाले सिधै राज्य गर्न हुंदैन, प्रजासंग सीधा संसर्ग राख्न खोज्न हुंदैन, राजा त सबैको साजा मात्र हुनुपर्दछ इत्यादि कुराहरू मौका पायो कि गरिनै हाल्दथे । यिनीहरूको भलाई त सांचि नै भन्ने हो भने त राम: को ॣ निरंकुश शासनमा भन्दा इन्द्रको तानाशाही शासनमा नै थियो । इन्द्र महाराज त सुरापानमा मस्त हुंदै अप्सराहरूको विलासमा अरूहरूलाई पनि आफ्नो पुण्डे अनुसार भोग विलासमा चुर्लुम्ब डुब्न कहिले पनि बाधा गर्दैन थिए । राम त बेफाकमा आफूलाई मर्यादापुरूष ठान्दै प्रजाहरूलाई पनि न चाहिंदो मोजमजा गर्न दिं दैन थिए । कहां सम्म भने अरूहरूसित पारिश्रमिक पुरस्कार सम्म पनि उठाउन दिंदैन थिए । जगात लिनु के कुनै पाप हो त ? राम:को थिनीहरूलाई मन परेको एकटै मात्र कुरा थियो । त्यो हो राम आफ्ना मन्त्रीहरूको भनाइ सुन्दथे । आफूलाई मनुस्य मान्दथे । राज्याभिषेक को समय "" फलाना मानिसको र फलाना स्वास्नी मानिसको छोरा राम भन्ने म मानिस जनतालाई रिभाउन उनीहरूको जग्गा जमीन सुरक्षासित राख्न इत्यादि इत्यादि राजामा छानिएको स्वीकार गर्दछु "" भन्ने राज्याभिषेकमा शपथ ग्रहण गरेका थिए । त्यही परम्परागत आज संम पनि जुनसुकै हिन्दुराजाले यो शपथ ग्रहण गर्नै पर्ने हुंदा शासक पावन औसरवादीहरूले राजाको पद लिने गरेका ़ हुन । इन्द्र त आफूलाई देवता ठान्दछन । आफ्नो राज्यलाई फ्रान्सका लुईले झैं दैवी अधिकारमा बांधेका हुंदा उनीहरूलाई इन्द्र पनि मन परेको थिएन । स्वर्गको हालीमुहाली नै हजुराको पोल्टोमा हाली दिए पछि आफ्नो गुन चुकाउन हजुराले शासनको दैनिक कार्यक्रम सम्म मात हस्तक्षेप गर्नै छैनन भन्ने ठूलो आस्था राखेर इन्द्रको राज महलमा बरू सुनको गजुर पनि थपि दिने बारेमा गीत पनि जमाएका थिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

रामराज्यमा ज्यादा भरोसा गरेमा आफूहरूलाई नखुल्ने अनेकौं फसाद आइलाग्दछ भन्ने कुरा पनि बुझेका थिए । मृत्युलोकको महाजालले बट्टाइलाई सम्म छोपेता पनि घुडा टेकेर त्वंशरण गरेमा मान्छे बन्न पाइएला तर स्वर्गलोकको इन्द्रजालबाट फुत्कन त मुश्किल नै पर्दछ भन्ने पनि यी औसरवादीहरूले नसम्झेका होइनन ? तर के गर्नु स्वास्नी मानिसको चरित्र र मानिसको भाग्य देवले पनि जान्न सक्तैन भने बबुरो मुनिया के बुझोस ।

स्वर्ग कुनै एक राष्ट्रको पेवा वा बिर्ता होइन । यहाँ सबै राष्ट्रका जनता वास गर्दछन । स्वर्गमा धेरै जसो हिन्दू धर्मका मानिसहरू वास गर्ने हुंदा अरू राष्ट्रहरूको दांजोमा अधिराज्य नेपाल र गणतंत्र भारतका जन समूह नै धेरै थिए । यसै कारणले स्वर्गमा पनि यी दुई राष्ट्रका रैती र ज्न्न जनतामा बैमनस्य हुनु स्वभाविकै कुरा थियो । जम्बूद्वीपमा भारतीहरूले आफ्नो देशलाई हिन्दूस्थान भनेकामा संसारको* पर्ने हो भन्दथे । त्यसैगरी अधिराज्यमा सिद्धार्थमार्ग काठमाडौंको सडकको नाम राखेको भारतवासीलाई अनौठो लाग्दथ्यो । बुद्धले काठमाडौंमा के गरेर तिनको नाम राखेको होला भनी जिल्ल पर्दथे । भारतको राष्ट्रचिन्हमा अशोक चक्र पर्दा पर्दै पनि नेपालले बुद्धलाई अपनाउने धृष्टता कहांबाट गरेको भनी भारतीहरू भन्दथे । यस अवस्थामा हिमवत्खण्डको कन्दराका औसरवादीहरूलाई इन्द्रको राज्यमा एकदम राम राज्यलाई मान्यता खुल्लम खुल्ला दिन मुश्किल पर्यो । आर्यावर्तको वर्तमान राजनैतिक भौगोलिक विभाजनको मौका छोप्दै भारतीहरूले स्वर्गमा पनि रामलाई भारती नागरिक भन्दै भारतीय औसरवादीहरूले सबैजसो व्यापार हात पारेर स्वर्गवासी नेपालीहरूलाई मुनाफाको एक प्रतिशत मात्र दिए के गर्ने ? अथवा यी औसरवादीहरूले सुङको नपाउंदै भित्र-भित्र सलामी चढाउंदै बन्द व्यापार लिए भने ? मतलबी प्रतिष्ठित नोकरशाहीहरूले अवश्य नै जो हात सो साथ गर्नेछन । लूटको धन फुपूको श्राद्ध । यसै कारणले यी औसरवादीहरू पृथ्वीमा छंदा राष्ट्र कल्याणको लागि कुनै राजनैतिक दलबन्दीको पक्षमा थिएनन तापनि स्वर्गमा त आफ्नो पवित्र उद्देश्य फैलाउन आदर्शनीय गुटबन्दी नगरीकन धर पाएनन । भारतीय औसरवादीहरूको स्वर्गागमन अगावै आफ्नो परराष्ट्र नीति र गृह नीति निर्णय गर्न बाध्य भए । तर भारतीय औसरवादीहरूको स्वार्थ स्वर्गमा राज्य गर्नु थिएन । यसैले कन्दरावासी औसरवादीहरूले आफ्नो

* एक मात्र हिन्दू राज्य नेपालका मानिसहरूलाई [illegible] थियो। [illegible] भन्ने हो भने नेपाललाई नै त हिन्दुस्थान भन्नु

CC-0. In Public Domain. Digitization by eGangotri

परराष्ट्र विषय विशेषज्ञ चतुरयोगी मैथिलीलाई साहित्यकार यदुकुल श्रेष्ठको सहायता लिई स्वर्गको परराष्ट्र नीतिको व्याख्या गराए ।

चतुर्योगी मैथिली " हाम्रो स्वर्गको परराष्ट्र नीति राष्ट्रवादी असंलग्न नीति नै हुनेछ । हामी राष्ट्रवादको विकासको विषय बाहेक अरू कुरामा तटस्थ रहनेछम । यदि स्वास्नीले आफ्नो लोग्नेले राष्ट्रवादमा विश्वास गर्दैन भन्ने सुईको पाउनेबित्तिकै पारिवारिक संलग्नको मलेजाली तुरुन्तै जाहेर नगरेमा उसलाई अराष्ट्रवादी तत्व मानी नर्कमा धकेली दिनेछम । नर्कवासीले राष्ट्रवादको भलाइको कुरा गर्दछ भने नर्कबाट स्वर्गमा गण्यमान्य व्यक्तिको स्थान दिनेछन। स्वर्गमा कुनै पनि राष्ट्रको पक्षा लिइने छैन । विधर्मी साम्यवादी चिनिया भए ता पनि राष्ट्रवादको उत्थान गर्न स्वर्गमा शरणार्थी भई आउंदछ भने त्यसलाई राजनैतिक शरण अवश्य दिइनेछ । छोई छिटो हाल्न नपर्ने विदेशीले हाम्रो राष्ट्रवादमा विश्वास गर्दछ भने त्यसतालाई हामी हाम्रा परम मित्र ठान्नेछम । तर कुनै हिन्दू अछूतले आफूलाई हरिजन नै सम्झन्छ भने त्यसतालाई स्वर्गमा प्रवेश गर्न दिइने छैन । बरू डा० अम्बेदकरले झैं हरिजनबाट बौद्धमार्गी बनेर आफ्नो धर्म नै फेर्दछ भने त्यसतालाई हामीहरू अछूत नमानी आफ्नो पंक्तिमा बसाल्ने छम । हामीहरूले बरू रामराज्यलाई आफ्नो लक्ष्य तुल्याउनको यो मतलब होईन कि उनले आफ्नो राज्यमा जे जे मन परी गरे ती सबै कुराहरूको हामी समर्थन गर्दछम । वालि र सुग्रीवको घरेलु मामलामा रामले हस्तक्षेप गरेको हामी घोर निन्दा गर्दछम। रावणले सीतालाई हर्यो भन्देमा पहिले शान्ति-वार्ताले समस्या हल नगरीकन युद्ध छेड्नु हाम्रो अन्तरराष्ट्रिय नीतिको बर खिलाप कुरा हो । शत्रुको छोरा अंगद लाई... राजदूत बनाएर लंकामा पठाएको लाई शान्ति वार्ता भन्न सकिं दैन । राजदूतहरू त हाम्रा अनुभवमा देश भाडा हुन तिनीहरूको कुरा पत्याउन हुँदैन । त्यसैले सानोतिनो कुरा बुझ्न पनि परराष्ट्र मन्त्रीले विदेश यात्रा गरिरहने पर्दछ । यी सब कारणहरूले गर्दा हामीले रामराज्य प्रजातान्त्रिक ढंगले चलाउन पर्दछभनी संविधानमा प्रष्ट पारेका छौं । प्रजातन्त्रमा गद्दीनशीनले प्रत्यक्ष राज्य गर्न कदैना आधुनिक विचार धारा बमोजिम राज्य चलाउने पूरापूर अधिकार मण्डलकै मात्र हुन्छ । राष्ट्रवादी प्रजातन्त्रमा प्रभुसत्ता प्रतीकले सुटुक्क सर सल्लाह मात्र दिनु मनासिब हुंदा हामीले परामर्शग्राही मण्डल गठन गर्ने निर्णय गरेका छौं । रामराज्य

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दै मा भारतले दुलाहाको हक जमाउन सोंजेमा हामी नेपालीलाई सीताको समहकको दावा गराउन लगाउने छम । यदि नेपालीले सीताको माइत जनकपुरको जनतन्त्र स्वर्गमा ल्याउन खोजेमा हामी अयोध्याको शाहनशाहीको पदालिने छम । हाम्रो परराष्ट्र नीतिले मन-पदा नगर्ने त छँदैछ । तै पनि दुवै थरि मान्दैनन भने स्वर्गलाई दुइ टुक्रामा विभाजित गर्न पनि हामी हिचकिचाउने छैनम । यस भेद नीतिले गर्दा हामीहरूलाई हाम्रो प्यारो राष्ट्रवाद प्रचार गर्न सहूलियत पर्नेछ ।

परराष्ट्र नीति निर्धारित गरि सकेपछि घरेलु मामला अधिकारी अजातशत्रु थपुवाको गृहनीती अपनाउने घेरैजसो उग्रगामी औसरवादीको मन्तव्य बुझियो । "" प्रजातंत्रमा सबै जनाको समहक रहनेछ । प्रजातन्त्रमा कोही साना कोही ठूला भन्ने भावना बाउनु सामन्तीहरूको देन हो । लिंग, वर्ण, जाति भेद फगत बुढीरूढी-वाद मात्र भएकोले प्रजातन्त्रमा यिनीहरूलाई जरा देखि नै उन्मूलन गर्नेपर्दछ । आचार, ध्यान विचार, आहार-विहारको प्रजातन्त्र संग मतलब नै नभएको हुंदा यसको वास्ता राख्न पर्दैन । नैतिकता, पवित्रता, शुद्धता तथा ईमानदारी पालन गर्न पर्ने दगावाज पूर्वजहरूले १८५८ सनको सिपाही बगावत पछि लखनऊमा कैयन वर्षसम्म आफ्ना बच्चाहरूलाई तर्साउन "" जंग बहादुर आया "" भने जस्तै बढदो बल्दो राष्ट्रवादी नवयुवकहरूमा आत्मग्लानि ल्याउन हौवा देखाएका हुन । यस्तो प्रगतिशील युगमा यिनीहरूको केही पनि माने छैन । यो सब वकवास हुन । प्रजातंत्रमा जसलाई जे गर्न मन लाग्दछ गर्न नपाएमा के को प्रजातंत्र ! "" भन्ने कुराहरू त राष्ट्रवादी प्रजातंत्रको संविधानको भूमिकामा परेके थियो । निर्देशन सिद्धान्तमा "" राष्ट्रवाद नमान्नेहरू जस्तोसुके यज्ञ व्यक्ति भए ता पनि बुथ्था राष्ट्रवादी औसरवादीहरू सरह पनि मानिने छैनन । सामन्ती मनोवृत्तिवालाहरूलाई जसोतसो गरीकन भए ता पनि औसरवादीहरू भन्दा मुनि पार्नेपर्दछ । औसरवादीहरूलाई आफ्नो नेता गरी कायम राख्न परेमा अरू जोसुकैलाई पनि थिचो मिचो गरेमा पनि नालिस लाग्नेछैन । प्रजातंत्र भन्देमा शाहनशाही, सामन्तशाही, गुलामशाही, नोकरशाही र प्रतिक्रियावाद र अन्य प्रजातंत्रवादलाई औसरवाद सरह मान्यता दिइनेछैन । राष्ट्रवादलाई अरूवाद सरह वाद-विवादमा धकेल्न पाइदैन । मनभा जेसुकै भए ता पनि वचन र कामले राष्ट्रवादको प्रशंसा गर्ने पर्दछ । प्रजातंत्रको सिद्धान्तहरू राष्ट्रवादका नियमहरूसंग बाझिन गएमा राष्ट्रवादका नियमहरूलाई नै मान्यता दिन परेको थियो । संविधानका मूलाधार नियमबमोजिम स्वर्गको

CC-0. In Public Domain. Digitization by eGangotri

राज्य गर्ने हक उग्रगामी औसरवादीहरूको हो । इन्द्रासनमा बस्नेले कार्यकारिणी उग्रगामी औसरवादीहरूमध्ये बाहेक अरू प्रचण्ड औसरवादीहरू भए तापनि दिन पाइँदैन । बरू परामर्शग्राही मण्डलका मण्डलीहरू मनोनीत गर्ने महान अधिकार इन्द्रासन-धारीमा रहनेछ । इन्द्रासनधारीको परामर्श नलिई कुनै पनि स्वर्गको कार्य गर्न पाइनेछैन । अमृतको तरमारने हक चिनेको हो । सहकारी औसरवादीहरूले मह काटेपछि हात चाट्ने सम्म अधिकार प्राप्त गर्न पाउनेछन । ं राष्ट्रवादी तत्व को हो को होइन भन्ने अन्तिम निर्णय इन्द्रासनाधिकारीमा नै निर्भर रहनेछ ।" यी सब कुरा प्रष्ट उल्लिखित त हुँदै थियो । दलवन्दीको चेष्टा राख्नु, राष्ट्रवादमा आस्था नलिनु, स्वर्गीय गोप्य सन्देश नटेरी अरू राष्ट्रको बहकाइमा लाग्नु, राष्ट्रवादी प्रजातन्त्रको बरखिलाप विद्रोह गर्न खोज्नु, स्वर्गाधम र राष्ट्रद्रोही हो । यस्ता रैतीहरूलाई मकै भुटेको सरह भुटेर लाश नै वेपत्ता पारेमा अधर्म ठहरिनेछैन। यसता व्यक्तिलाई पछि पनि शहीद भन्न किमार्थ पाइनेछैन, अस्तु । .....

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ३

औसरवादीहरू सितिमितीका सानातिना काठले कहां ढ्ढदथिए? यिनीहरू त बड़ा कुच्चा हुन्छन । स्वर्गमा ठूलाबड़ा देवताहरूका रिक्त स्थान हजुराका परिवारलाई नैवेद्य गरेपछि, बाकि सानातिना देवताहरूका स्थान यिनीहरूलाई लिने इन्छा भएन । न त कृषिमुनि के आसनमा यिनीहरू वस्न चाहन्थे । यिनीहरू त राष्ट्रवाद फैलाउने पवित्र उद्देश्य राखी स्वर्ग सुधार गर्ने स्वार्थसेवी मात्र थिए । त्यसैले राष्ट्रवादी प्रजातांत्रिक सतसंगतका सत्संगी चुनिने प्रबन्ध मिलाए पछि परामर्शग्राही मण्डलका मण्डली भरमा नै चित बुझाउंदथिए । साच्चै नै भन्ने हो भने कुनै जवाबदेही कार्यबहन गरेर न दुखेको कपाल को दुखाई रहोस ? यिनीहरू स्वर्गमा अनेकौं लण्ठाटण्टा बोकन आएका थिएनन । स्वर्गको अमृत खाएर अमर हुने, सुरापान गरी रमाउन, अप्सराहरूको हाउगाउ हेर्दै मन बहलाउन र राष्ट्रवाद फैलाउन मात्रै यिनीहरूको काम थियो । स्वर्गलोकको पोका आफ्ना मृत्युलोकका घरघर लगी लुकाउन पो त केही वर्ष स्वर्गवास लिएकाहुन । कामै गरेर पसीना बहाई गुजारा गर्ने हो भने त आफ्ना घरबार छोडेर, इमान चरित्रको बाजि लगाउंदै यति टाढा आउनाको के मतलब भयो ? गोरखधन्दा घरमा गर्न नसक्दा नै स्वर्ग आउनु परेको हो । त्यसै कारण गाहो सांग्रो दैनिक कामहरू अरूको थाटलामा पन्छाएर लेनदेन को काममा मात्र आफ्नो हातमा राखी रेखदेखको मात्र काम गरे भई हाल्योनि ? परामर्शग्राही मण्डलको मण्डली बनि अमरावतीमा हालीमुहाली चलाउन पाए अथवा राष्ट्रवादी प्रजातांत्रिक सत्संगतको संगतीबनेर ठाउं ठाउमा ठालू, थकाली, मुखीया भए पुगिहाल्थो । अनि त पुस्पक विमानमा देश विदेशको यात्रा गर्दै ठाउं ठाउंमा जादै राष्ट्रवादको महिमा सुनाए माना पाथने नै भयो । यसै कारणले स्वर्गका अरू रित्तो ठाउं-हरूमा आफ्ना आशामुखीहरूलाई भर्ना गर्ने परमांगी माथिपठाए ।

औसरवादीहरूलाई जथाभावी ग र्न गर्न न दिन र साच्चि नै राष्ट्रवादमा आस्था राख्दछन कि राख्दैनन भन्ने कुरा चित्रगुप्तको खातामा नै प्रस्ट लेखिएको हुंदा माथिवाट कर्मचारीहरूको स्विकृति ~~नामावलि~~ नामावली आए पछि औसरवादिहरूले परजनन गर्न थाले । सबभन्दा पहिले कसैले पनि आइ उइ न गरीकन नारदको ठाउं चतुरयोगीलाई

CC-0. In Public Domain. Digitization by eGangotri

नै दिए । अजातशत्रु थपेयाले सप्त ऋषिको मुख्य स्थान भेट्टायो । वृहस्पति देवताहरूको गुरू नै भएकाले उनै ख्याली उटंगी व्यक्तिलाई नै वृहस्पतिको आसन ग्रहण गराइन पर्ने हुंदा जमिनध्वज रघुवंशीलाई राखिदिए । चित्रगुप्तको स्थान शालिग्राम आचार्यले भेट्टायो । धर्मराज अन्धा भएकाले उनलाई बर्खास्त गरी कृष्णचन्द्रबिहारीका नातिलाई दिए । वर्तमान स्वर्गको नाजुक अवस्थामा न्याय पार्नु भन्दा राष्ट्रवादी प्रजातान्त्रिक सत्संगतले बनाएका कानूनहरूको अभिप्राय संझन सक्नु अति आवश्यक थियो । यसैले नव नियुक्त न्याय मूर्तिको ऐनमा दखल नभए तापनि मतलब लाउनमा सिपालु थिए । त्यसै गरि जंगी नियमानुसार दक्षताभन्दा क्रमानुसार सेनापति रोज्नुपर्ने हुंदा जनरल विसेनसिंह नै सेनापति बने । हुन पनि स्वर्गमा भोग विलासमा नलागी जंग छेडनको आवश्यक नै पर्दैन थियो । फौज भनेको त राष्ट्रको गहना हो । बाकी अरू वाहन, गणहरूमा मुख्य-मुख्य औसरवादीहरूले पनि दामासाहीले आफ्ना साखा सन्तान, इष्ट मित्रहरू, नंदी, गरूड, कुकुर, रांगो, मुजुर इत्यादिमा घुसाउन पाए । तर गढौंशका बाहन मूसा थुकथुकेलाई भरना गर्न बाध्य भए । हजुरालाई सरसल्लाह दिन हंसराज सिं महर्जन ऐरावतको ठाउंमा छानिएकोमा हर्ष प्रकट गर्न आफ्ना निवासस्थानहरूमा औसरवादीहरूले दियो बलाउंदै अलाई भाइ-नाइकेको मान दिने सिफारिस पनि गरेका थिए । यी औसरवादीहरू लिन मात्र उत्सुक तर ठाउंमा भने पटक्कै दिन नखोजने हुंदा कुवेरको भण्डारको भण्डारी लक्ष्मीको वाहन लाटोकोसेरो सीधै माथिबाट भर्ना गरियो । कसैलाई दिंदैमा अरूले दिएको धन रित्तिदैन भन्ने कुरा केवल रवि वीर घरानियाले बुझ्दा आफ्नो साढे सातको दशाको अवधि-भरि पारिवारिक मद्दतले अखण्ड शासन चलाइएका थिए । हुन पनि लाटोकोसेरोलाई अर्थाधिप बनाउंदा स्वर्गको धनमा सबै औसरवादीहरूले ख्याल चुहाएका हुंदा लक्ष्मीको मूल ढुकुटी विष्णुलोकको विदेशी मुद्रा हात लाउन सजिलो हुने भयो ।

अब यी नोकर-चाकरको नोकरीको अवधि कति वर्ष राख्ने भन्ने कुरा (१)(नरलोकमा मानिसको आयु १२० वर्ष मानि[illegible]ो हुंदा) कसो गरिकन टुंगो लाउने बारेमा विचार विमर्श हुंदा (१) (...) त्यस[illegible]ो आधा याने ६० वर्षमा नोकरीबाट अवकास दिनु मनासिब थियो । तर स्वर्गको वासत आफ्नो पुण्य अनुसार हुने हुंदा आधुनिक स्वर्गमा वस राष्ट्रवाद प्रतिको देनबाट गर्न पर्ने हुंदा उमेरको हिसाबबाट अवकाश दिन मिलेन ।

CC-0. In Public Domain. Digitization by eGangotri

ने दिए । अजातशत्रु थपैयाले सप्त ऋषिको मुख्य स्थान भेट्टायो । वृहस्पति देवताहरूको गुरू नै भएकाले कुनै ख्याली उटंगी व्यक्तिलाई नै वृहस्पतिको आसन ग्रहण गराइन पर्ने हुंदा जमिनध्वज रघुवंशीलाई राखिदिए । चित्रगुप्तको स्थान शालिग्राम आचार्यले भेट्टायो । धर्मराज अन्धा भएकाले उनलाई बर्खास्त गरी कृष्णचन्द्रबिहारीका नातिलाई दिए । वर्तमान स्वर्गको नाजुक अवस्थामा न्याय पार्नु भन्दा राष्ट्रवादी प्रजातांत्रिक सत्संगतले बनाएका कानूनहरूको अभिप्राय संझन सक्नु अति आवश्यक थियो । यसैले नव नियुक्त न्याय मूर्तिको ऐनमा दखल नभए तापनि मतलब लाउनमा सिपालु थिए । त्यसै गरि जंगी नियमानुसार दक्षताभन्दा क्रमानुसार सेनापति रोज्नुपर्ने हुंदा जनरल विसेनसिंह नै सेनापति बने । हुन पनि स्वर्गमा भोग विलासमा नलागी जंग छेडनको आवश्यक नै पर्दैन थियो । फौज भनेको त राष्ट्रको गहना हो । बाकी अरू वाहन, गणहरूमा मुख्य-मुख्य औसरवादीहरूले पनि दामासाहीले आफ्ना साखा सन्तान, इष्ट मित्रहरू, नंदी, गरूड, कुकूर, रांगो, मुजुर इत्यादिमा घुसाउन पाए । तर गढांशका बाहन मूसा थुकथुकेलाई भरना गर्न बाध्य भए । हजुरालाई सरसल्लाह दिन हंसराज सिं महर्जन ऐरावतको ठाउंमा छानिएकोमा हर्ष प्रकट गर्न आफ्ना निवासस्थानहरूमा औसरवादीहरूले दियो बलाउदै अलाई भाइ-नाइकेको मान दिने सिफारिस पनि गरेका थिए । यी औसरवादीहरू लिन मात्र उत्सुक तर ठाउंमा भने पटक्कै दिन नखोजने हुंदा कुवेरको भण्डारको भण्डारी लक्ष्मीको वाहन लाटोकोसेरो सीधै माथिवाट भर्ना गरियो । कसैलाई दिँदैमा अरूले दिएको धन रितिँदैन भन्ने कुरा केवल रवि वीर घरानियाले बुझ्दा आफ्नो साढे सातको दशाको अवधि-भरि पारिवारिक मद्दतले अखण्ड शासन यन्लिचलाएका थिए । हुन पनि लाटोकोसेरोलाई अर्थाधिप बनाउंदा स्वर्गको धनमा सबै औसरवादीहरूले ख्याल चुहाएका हुंदा लक्ष्मीको मूल ढुकुटी विष्णुलोकको विदेशी मुद्रा हात लाउन सजिलो हुने भयो ।

अब यी नोकर-चाकरको नोकरीको अवधि कति वर्ष राख्ने भन्ने कुरा (१)(नरलोकमा मानिसको आयु १२० वर्ष मानिएको हुंदा) कसो गरिकन टुंगो लाउने बारेमा विचार विमर्श हुंदा (१)(------) त्यसको आधा याने ६० वर्षमा नोकरीबाट अवकास दिनु मनासिब थियो । तर स्वर्गको वासत आफ्नो पुण्य अनुसार हुने हुंदा आधुनिक स्वर्गमा वस राष्ट्रवाद प्रतिको देनवाट गर्न पर्ने हुंदा उमेरको हिसाबबाट अवकाश दिन मिलेन ।

CC-0. In Public Domain. Digitization by eGangotri

तर नोकरीमा रहन पाउने माप दण्ड तोक्न त के गाह्रो थियो ? कुनै व्यक्तिको ज. तिसुके पुण्ड भरतापनि हजुरा भन्दा जेठालाई सेवाबाट मुक्त गराउने र हजुरा भन्दा कम उमेरका लाई नवयुवक ठान्ने जाहेरी फैसला गर्ने निर्ष्कष्मा पुगे । तर अति उपयोगी व्यक्तिलाई यो नियम लागु हुने छैन जस्तो कि , यदकुल श्रेष्ठ ।

जमोनध्वाज रघुकुली एक विचित्रका मानिस थिए । नीलवर्ण स्याल जस्तै आफ्ना डफ्फामा पीत वर्ण देखिन्थे । कदमा भने होचो थिए । सिन्काले चिरेको जस्ता आंखाहरूलाई सुहाउंदो लाम्चो चस्मा लगाउंदथिए । दूध नखिबल जस्तो लाम्चो गोल आकारको टाउको उनको थियो । मुखभरि यस्तो विघ्न माखियाहरू थिए कि जुनेली रातमा ताराहरू चंकेको जस्तो लाग्दाथियो । मुण्टो वारंवार हल्लाई रहने हुंदा जुनसुकै कुरालाई पनि हुन्न हुन्न भनेको जस्तो भान पर्दथ्यो । कुर्कुच्चे जुत्ता लगाई- आफ्नो लंबाईलाई बढाउन खोजेका थिए । जंगी पोशाक लगाउंदा नापबमोजिमको किरिचभिरेमा मूसाले बोडि घिसारेको जस्तो देखिएला भनि आफ्नो कद खुल्दो नापमा तरवारलाई पनि कटाएका थिए । ओंठे जवाब दिनलाई अतिशय सिपालु थिए । शायद बूझ पचाएर होला कि गंभीर विषयमा खोक्रो देखिनथे । अशिलत भाषा बोल्नुमा नै साहित्यीक कला प्रदर्शन ठान्दथिए । स्वर्गमा सधैंभरि बस्न पाइएला भन्ने कुरामा उनी पत्याउंदैनथे । अयोध्याको मन्थरा जस्तै अरूहरूको मन खलबलाउनमा उनलाइ आनन्द आउंदथ्यो कुकुर भएर सबैको लात खपेर पनि राष्ट्रवादको आगमनमा ढुकुर भएर पिंजराबाट फुर्र उडेर नजानाको कारणले नै यिनलाई वृहस्पतिको पद मिलेको हो । आफ्नो घरको अमानुषिक चाल-चलन बाहिर कसैलाई थाहा नहोस भनेर नै कट्टर निरंकुश शासकको छोरा भएर पनि राष्ट्रवादी प्रजातन्त्रमा विश्वास गर्ने स्वाङ० देखाउदै अनेको मान पदवी हासिल गरेका थिए । एकफेरा समाजवादका अमात्यलाई मुकुट लगाई सात घोडे बग्गीमा चडेर आनसान राख्न पर्दछ भनी उक्लाउने व्यक्ति पनि यिनै थिए । हजुराका प्रशस्तिमा गगन बिहारी थपाउने महाशय पनि थिनै हुन ।

धुकधुके घर काजी चुच्चेका सुपुत्र हुन । आफ्ना सहजातिहरू बढे चढेको सहन गर्न नसक्दा उनी आफूलाई बुढी बाख्रोको छोरा भन्दथे । आजीवन परोपकारको लागी अरूले अहाँए पहाएको काम न-हिचकिचाई गर्ने मुसुमुन्द्रे हुंदा नै स्वर्गमा यिनले गणपति बाहकको ओहदा पाएका हुन ।

CC-0. In Public Domain. Digitization by eGangotri

वजीरशाहीको पालामा सधैभरी अग्रदूत हुँदै काममा यिनी तत्पर रहन्थे । यसैले गणेशको वाहनको ठाउँत खुवै खुलेको हो । एकादेशमा कुनै एक कर्मठ कार्यकर्ताले आफ्नो सेवाको फलमा तरक्की माग्दा एक कट्टर निरंकुश शासकले हाँस्दै " तेरो योग्यताले काम भएको हो की मेरो प्रतापले ? तेरो ठाउँमा त म बोका बाँधेर दाइँ गरिदिनछु भनेका थिएरे । स्वर्गलोकमा त दाइँ गर्ने साँढे कहाँबाट पाउनु । साँढे नै शिवजीले कैलासमा लगि सकेका थिए । तहाँ त दाइँ गर्ने विचरा बलिमा चढेका बोकाहरू बाहेक अरू कुनै पशु पाइदैनथ्यो । आफ्नो जवानी नुनको सोझो गर्दै देश र राजभक्तिमा बिताएको कुरा गर्दा गर्वै जोशमा आएर थुकथुकेलाई मुटुको दौर पनि चलि हाल्दथ्यो । देशको खातिर कैयन दलबन्दी जुलुसलाई लाठो मुंग्री गर्ने पर्दा आफू पनि मुखबाट गजगजो फिंज काढदै कैयन पटक आम सडकमा मुर्छा पनि परि हाल्दथे । मानिस एकदम नै जोशिला थिए । कुनै मार पर्दो काम उनलाई सुम्पिदिएमा मोटर मेटी पनि तार लगाउँदथे । सुरूवाल माथि मोजा चढाएर ग्याटिस लाएको मानिस त रांगोलाई भक्कुको ः जामा जस्तै भइ हाल्दथ्यो । ग्याटिस तान्दै त्यसको नरलीहाडमा फित्कौली हान्दथे । उनी कपालको जुल्फी पालेको त हेर्नै सक्दैन थिए । तुरन्तै गर्धनाउँदै नाउ कहाँ लागी भेंडा कतरेको जस्तै कपाल मुंडन लगाई हाल्दथे ।

चतुर योगी मैथलो त नढाटीकन भन्ने हो भने एक लायकका मानिस हुन । उनमा छोटोपन देखिदैन थियो । उदार दिलका भने पनि बेठीक रहने छैन। आफ्ना भूतपूर्व गुरूका कैयन गुणहरू यिनको काम गराइमा झल्कन्छ । राजनैतिक मामला बाहेक अरू कुरामा यिनलाई उदारवादी औसरवादी भनेमा अत्युक्ति हुनेछैन । यिनको रहन-सहन कुनै सामन्ती शोषकको भन्दा कम छैन । जुवा खेलन, हवाखोरी गर्न, मोज मतियारमा सामेल हुन,उनलाई मन पर्दछ । स्वार्थ सिद्धिको लागी क्रुरता दर्शाउन हुने तानाशाही शासक भन्दा पछि हटदैन थिए । उनको व्यक्तित्व नै विभाजित भएकोले नै यिनलाई उग्रगामी औसरवादी बन्न बाध्य परेको हो । आफ्नो मतलब साधन पूंजीवाद भईकन पनि समाजवादको नाटक खेलेर राजतंत्रलाई प्रोत्साहन दिन अनकनाउँदैनथिए । तातैखाउं जल्दै मरुं भन्दैमा कहीं " पनि यिनी दिगो गरी टिक्न सकेनन । यिनको प्रकृति नै कसैको पराधीमा

CC-0. In Public Domain. Digitization by eGangotri

रहन चाहदैन। यसैले राजतन्त्रमा आस्था नराख्दा पनि परिस्थितिले पर्दा राजतन्त्रलाई समर्थन गर्न वाध्यमएका थिए। शक्ति हत्याउन अचाक्लि नै छुतछुते थिए । अविकसित देसहरूले विकशित मुलुकको दांजोमा पुग्नलाई शताब्दिका प्रगति एकै वर्षमा गर्न खोजे झैं कम उमरमा नै आफ्नो राष्ट्रमा आफू सर्वशक्तिवान वन्न चाहदैमा धेरै समय सम्म कसैको पनि विश्वसपात्र रहन सकेनन। यसैले गर्दा उनी जुनसुकै प्रणालीलाई वनाउने भन्दा भत्काउने तर्फ लागि रहन्थे। गोलमाल परिस्थितिमा मात्र आफू उठ्न सक्दछु भन्ने गलत धारणा एक राख्दथे।यिनका चतुराइमा मुग्ध भएर साथिहरू यिनलाई चतुरे मात्र भन्दथे। औसरवादीहरू -को अगुवा भएर परामर्शग्राही मण्डलको महामण्डली हुन पर्नमा त नारदको आसन मात्र हात पर्दा खिन्न भएकाथिए। तर अरूले राष्ट्रवादी प्रजातन्त्रमा कुनै न कुनै वेलामा फेरी यिनको आवस्यक पर्न आउला कि भनेर नारदको स्थानमा राजनैतिक नियुक्ति मात्र गरेका हो । हुन पनि कते कहिले कुनै ठाउमा नारदजी धेरै वेर सम्म बसेका कसैलाई थाहा छ ?

...

हंसराज सिं महर्जन तुलसिदासका सुपुत्र भएकाले उनी रामायणमा पोख्त भएकोले रामराज्यको परिभाषा यिनीभन्दा अरू कोही पत्ति गर्न सक्दैन थिए । यसैले त औसरवादीहरू यिनको राय सल्लाह नलिईकन सत्-संगतमा कुनै पत्ति प्रस्ताव ल्याउदैन थिए । यिनको राय बिना स्वर्गको काम नै चल्दैन भने पनि हुन्छ । तुलसिदास जस्तै कुनै काममा पनि अगाडि पर्न चाहदैन थिए । लेखेका पाठहरू औसरवादीहरूलाई रटाइ दिन्थे । भाग्यवश हजुरालाई केही समय राजनैतिक ग्रुन्थहरूको दिग्दर्शन देखाउनेर उनको परिवारमा मित वाहिनी सयेत भएकोले हजुरा नै इन्द्रासनारूढ भएवाट उन लाई सुन माथि सुगन्ध थ पिन गएको थियो । यिनीले ऐरावतको ठांउ राम्रो भेट्टाएका हुन। हुन पत्ति बानी पनि हाची के जस्तो थियो । अनेको आभूषणले सजधज भई इन्द्रको भार उठाउन पाउनु आफ्नो सौभाग्य मानेका थिए । खानदानकै दास मनोवृति भएकोले बाबुको नामको पुच्छरमा दास भए ता पनि परिवर्तित राजनैतिक अवस्थामा हातीको ठुटे पुच्छरको अवहेलना गरी हुदै नभएको सी.डि.ओ हाचीको मस्तिस्कमा गासिएको धेरै भएको थिएन। यिनको देखाउने दांत अर्कै खाने दांत अर्कै थियो। वेदान्ताचार्य भएकाले जति धन भए ता पनि बाहिर प्रदर्शन ब गर्दैन थिए। वेला-वांटाका भेटी दक्षिणामै सन्तुष्ट रहन्थे। स्वर्गको ऐश्वर्यमा हंसराज सिं ज्यादा लोभानि पापानि पनि गर्दैन थिए । स्वर्गको पूंजो इन्द्र के हो भन्ने प्रचार गर्न चुम्दैन थिए । कसैसंग पनि ज्यादा हेलमेल वढाउन खोज्दैन थिए। तैपनि मंगल मूर्ते गणेशजीको रूप भनेर नै सवै नरनारी यिनको खुट्टामा घ्वापल्याक्क घोपटन्थे। रमिते भोजमा मने एक ठाउंमा उभिएर स्वर्गको राजमहलको आसव-पान गर्दै अरूहरू जडयाहाको तमासा हेरेर मस्त झुम्दथे। वाक् पटुतामा भन्दा खेलकूदमा बढी रूचि लिने हुंदा यिनलाई सवैजना

CC-0. In Public Domain. Digitization by eGangotri

खेलाडी मान्दथे । तालु खुइलेका हंसमुख व्यक्ति भवाट्ट हेर्दामा बम्बईको चलचित्रको कलाकार राजमेहराको हमशकल जस्तो देखिन्थे ।

माथि वर्णन गरिएका व्यक्तिहरू चतुरे बाहेक कोही पनि औसरवादी होइनन । यिनीहरू त औसरवादीहरूका गुरू-घण्टाल मात्र हुन । बिचरा औसरवादीहरूलाई यिनीहरू कहिले उचाल्दा उचाल्दा चंगा सरह हावामा उडाइदिन्थे त मौका परेमा हिलोको किलो जस्तै जमीनमा घस्न पनि वेर मान्दैन थिए । यिनीहरूमा र औसरवादीहरूमा आत्मीय मिलन रत्तिभर नै थिएन । औसरवादीहरू यिनीहरूसँगै सतर्क नै रहन्थे । न त यिनीहरू नै औसरवादीहरूलाई मन पराउंद थिए । यिनीहरूको चुरो सामन्ती दरो काठको बनेको थियो । यिनीहरूको पालन-पोषण नै शोषणमा निर्भर थियो । औसरवादीहरू भने फलको रस चुसेर खोष्टा मात्रै यिनीहरूलाई दिन चाहन्थे । औसरवादी त यिनको लागि छुचुन्द्रो समातेका सर्प जस्ता थिए । सर्पलाई दूध पिलाउन चाहदैन थिए । आपसको कुरा गर्दा औसरवादीहरूको प्रजातन्त्रलाई प्रजातन्त्र भन्दथे । मन्त्रालयलाई मन अपरालय भन्दथे । औसरवादीहरू यिनीहरूलाई सामन्तीका पिट्ट मान्दथे । शाहनशाहीका कमारा ठान्दथे । तैपनि स्वर्गको आवहवामा सर्प, भ्यागुतार बिच्छि साथमा परेको जस्तै राष्ट्रवादको खातिर हेलमेलया कार्य गर्न कमबद्ध भएका थिए । आखिर एको ब्रह्मको अकाट्य वचन पालन गर्न परेको थियो । राष्ट्रवाद फैलाउन आफ्नो आफ्नो वर्कत अनुसार स्वर्गको माँग गर्नुपरेकोछ । .....

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ४

रहे पहेका उच्च स्थान मध्ये सुतजीको आसन अति उपयोगी हुंदा औसरवादीको यस स्थानको लागि होडवाजी चल्नु मनासिब नै कुरा थियो स्वर्गमा झुठा बोल्ने चल्न नहुंदा यस आसनवाट जे लेखे पनि स्वर्गवासीहरू पत्याइ हाल्दथिए । यस आसनबाट आफ्नो कलम घुमाएर चन्द्रमाका सन्तालाई सूर्यको सन्तती ... गर्ने अथवा चन्द्रवंसी सबै कर्णके सन्तान हुन त्यसकारणले कुजात हुन भनेर ठूला-बडासंग घनिष्टता बढाई ठूलो ठाउं भेट्टाउने संभव पनि थियो । तर आफ्नो दक्षता साबित गर्न साथ इतिहासका पुस्तक पुस्तिका लेखेको मानिसले नै सुतजीको आसन भेट्टाउने हुंदा मुख्य तीन सुयोग्य महानुभावहरूको नाम औसरवादीहरूको जमातमा लिइन्थ्यो । एक थिए लम्बोदर शर्मा, अर्को इतिहास शिरोमणी र कोही नपाएमा मंगलमान घमण्डी । जमीन ध्वज पनि यताउतावाट इतिहासका टुक्का सुनाउनमा कम सिपालु थिएनन । तर उनलाई यो ओहदा दिनलाई रातलाई तुल्याउनको प्रयोजन न हुंदा यस होडबाजीबाट हटी वृहस्पति के स्थान लिनमा मंजूर भएका हुन् । तर सुतको आसनमा कोटी पाने भर्ना नहुनाको कारण थियो । यस ओहदामा मान्छे भर्ना नगरेमा नै इतिहासका पानाहरू अचम्मका चमत्कारी कुराबाट भरिने संभव थियो । अहिलेसम्म देखा नपरेका फेला नपरेका अरू कुनै विज्ञानहरू निस्कन सक्ने पनि संभव थियो ।

इतिहास शिरोमणीको कुरा नै अर्को थियो । मनुष्य लोकमा पनि कुनै भनेको जतो जागिर नपाउंदा आफ्नो दिमागलाई जतनले पेटमा थन्क्याएका थिए । सत्तारूढ वर्गलाई खुशी तुल्याउन औरालो लागेको मृगलाई वाच्छले पनि खेद्छ गर्ने जस्तै राष्ट्रिय महत्वका घटनालाई पनि निचा देखाउंदै आफ्नो पेट पाल्न खोज्दथे । समस्त युरोपलाई महासमस्मा होमी अशांति फैलाउने नेपोलियन बोनापार्ट नै फ्रान्सको ऐतिहासिक दृष्टिकोणबाट फ्रान्सको गौरव कालीन महापुरूष हुन भन्ने सम्म पनि इतिहासकार भनाउंदा शिरोमणीजीलाई पत्तो छैन भन्ने कुरा उनको इतिहासको पुस्तकबाट प्रष्ट झल्कन्छ । औसरवादीहरूको जगत जे जस्तो भए ता पनि प्रजातन्त्रशब्दलाई ओठे मान्यता दिने हुंदा शिरोमणीजीको इतिहासका पाताहरूमा सयौं वर्षका गौरवमय घटनाहरूमा हरितालिका लगाउने अथक परिश्रम विफल जस्तै देखिन गएको थियो । औसरवादीहरू कसैको पनि

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई सहन न चाहने हुंदा पनि साम्यवाद मुलुकहरूमा जस्तै शिरोमणीको ऐतिहासिक शैली उनीहरूलाई मान्य थिएन । पारिवारिक खुशामदमा लाग्दा पनि शिरोमणिजीले सुतको आसन भेट्टाउने संभव नदेखी साथीहरूले व्यंग गर्दै उनलाई इतिहास शिरोमणी भन्ने गरेका हुन ।

मंगलमान घमण्डी औसरवादी भए पनि उनी शोषक, औसरी, या उग्रगामी औसरवादी होइनन । उनी व्यक्तिगत औसरवादमा आस्था राख्दथे । कसैलाई पनि गन्दै गन्दैन थिए । बुद्धिको ठेका मैरै मात्र हो जस्तो गरी सबै संग नफरतले कुरा गर्दथे । जहां पनि आफ्ने मात्र प्रशंसा चाहन्थे । आफू न भएको कुनै पनि शासन बैठीक नै ठान्दथे । कतै भाषण गर्न जाँदा पनि आफ्नो आसपासका मानिसहरूलाई "" मलाई फूलमाला लगाऊं "" भन्दथे । यिनी भित्री दिलका कायर भएकाले समाजवादशाही, सामंतशाही, अल्पतन्त्र , निरंकुश शासन, पारिवारीक शासन इत्यादिको भए न भएको धज्जी उडाउँदै लेखे तापनि शाहनशाही शासनको क्रुरता बारेमा आफ्नो राय लिखितमा व्यक्त गर्दैन थिए । मुखले मनेत बनेको फाइफुट्टी लगाइने रहन्थे । अरूहरूलाई मुटु छेड्ने वचनले सरकार वरखिलाप उचाल्न खोज्दथे तापनि आफू अगाडि पर्न चाहदैन थिए । यसैले गर्दा सबैले यिनलाई पचुर गराएका हुन् । स्वर्गमा पुगेपछि त आफ्ना पुराना झूठा आदीपहरू सच्चाई प्रायश्चित गर्न नै सुतको आसन ताकेको पनि हुन सक्दछ । तर औसरवादीहरू भूल माथि भूल थुपार्न बाधा गर्दैन थिए । तर कुनै भूल सच्याउन समिति गठन गर्दथे ।

लम्बोदर शर्मा एक किसिमले औसरवादीको एक आदर्श नमूना भनेमा बेठीक पर्ने छैन । बाल्यावस्था काशीको अखाडाबाजीमा बिताएर पनि काशी विश्वविद्यालयबाट एम. ए. को डिग्री हासिल गरेका थिए । जवानीमा मलमलको कुर्ता, चुडीदार पाइजामा लगाएर एक सुकि भरको भांगको डल्ला ठंडाइमा घोलेर पान गर्दै, गलामा मघाई पानको खिल्ली च्यापेर, खसखसको उत्तर घसेर, नाडीमा मोथरा फूलको मालाको बाला लगाई साँझ तिर दालकी मंडीको गल्लीमा टहलिंदा खलीलखां या कुनै लखनउवा नवाब जस्तै देखिन्थे । कपाल सपक्क कोरेका, कछुवाको हाडको जस्तै नक्कली मोटो फ्रेमको चस्मा ठुटे नाकमा लगाएका, उदरका मात्र होइन कदमा पनि लम्बे, मानिसलाई देख्दा दमडी बिनाका गुण्डा हुन भनी कसले भन्न सक्दथे । बालजाक, स्टेन्दल लोकप्रिय उपन्यासकारहरू नै

CC-0. In Public Domain. Digitization by eGangotri

यिनका आदर्श थिए। लोग्नेमानिस र स्वास्नीमानिसका लसपसलाई यिनी चरित्रहीन मान्देन थिए। बरू प्राकृतिक आवस्यक ठान्दथे। पढाइ सकिना साथै अब के काममा लाग्ने भन्न पर्ने। यसै बेलामा यिनको देशमा आन्दोलन छेडिएकोले मुक्तिदलमा भर्ना भइहाले। बाफवेरी साधनलाई देशभक्ति देखाउदै मानिसका रगत पनि तनतनी तन्काएका थिए भनी यिनका सहकारीहरू भन्दछन। तर शर्माजीका बोलीमा मने मिठास छ।मतलव हासिल गर्न नपर्दा उनमा नम्रता र शिष्टाचार पृष्ट देखिन्छ। जातका उपाध्याय ब्रामण भए ता पनि आफ्नो रहन सहन,खानपानले गर्दा मात्र आफूलाई शर्मा नै भनी चिन्न शुरू गरेका हुन। यिनले भोजन गरेको देखेमा यिनी अवश्य नै अगस्तजीको संतान हुन भन्ने कुरामा शंका नै आउदैन। यिनी आहार र व्यवहारमा नाटीकुटी गर्दैन थिए। चीन ... जादा बादरको गिदो,रूस छदा खच्चरको मासु, नेपालमा रांगोको मासु खाएदैमा जात जान्छ भन्ने कुरामा यिनी विश्वास गर्दैन थिए। खानामा अलिकति लुव्य हुदा पाचक को रूपमा बेलुका रक्सी सेवन गर्दथे। सप्तशतीको तेस्रो अध्यायमा देवीजीले भन्नु भएको नक्कल गर्दै "हलो। हलो। मैले रक्सी खाइ नसके सम्म ती सामन्ती मनोवृतिवाला इतिहासकार भयाउदाहरू सामन्तीहरूको चापलूसी गरून। जब म बोतल नै रिताउदछु,अनि मैले सामन्तशाहीको भुर्रा उडाउदा समस्त औसरवादीहरू हर्षले गदगद हुने छन।" भन्दै शर्माजी नसामा धुत हुन्थे। हुन पनि मदिरा सेवन नगरीकन शर्माजीको कलमले अनौठा बूढा बूढीवाट सुनेका अनौठा घटनाहरूलाई इतिहासको मुकुण्डो लगाइदिन सक्दैन थिए। शर्माजीको मस्तक घुम्न थाले पछि बुढि-रूढीलाई अनुमानित प्रमाणले सिद्ध गर्न खोज्दथे। इतिहासको पृष्टभूमीको आधारमा पारिवारिक वैमनस्य र झैझगडालाई तामसिक रंग चढाउदै बढाई चढाई पुच्छर खिंचेर अरूलाई सिंगौरी खेलाउने कुराहरूले आफ्नो इतिहासको पुस्तकका पानाहरू भरेका छन।

अर्को मुख्य स्थान थियो शंकराचार्यजीको ।राष्ट्रवादी प्रजातन्त्रको भाष्य तथा टीका न निकालेमा स्वर्गका मानिसहरले राष्ट्रवादी प्रजातन्त्र कसोगरिकन बुझ्ने ? राष्ट्रवादी प्रजातन्त्रको भाष्य र टीका प्रकास गरेर मात्र पुग्दैन थियो। राष्ट्रवादी प्रजातन्त्रवादमा औसरवाद नै क्याहो स्वर्गमा अत्तोनपत्तो । प्रगतिशील आधुनिक राजनैतिक तथा सामाजिक भाषा बोल्न स्वर्गका मानिसहरूलाई प्रौढ शिक्षा दिनु पर्ने आवश्यक पनि देखिन आयो। यसै कारणले स्वर्गलाई आधुनिक शव्द कोषको अभाव पनि छिटै अवधिमा पूर्ति गर्न नै पर्यो। अव सवाल यो आयो कि कुन किसिमको भाषा प्रयोगमा ल्याउने , संस्कृत नै कायम गर्ने हो भने औसरवादीहरू आफ्नो भाषामा त पौरख थिएनन भने सुस्कृतको त कुरै भएन। भाषा यस्तो हुनु पथर्यो की स्वर्गका निवासीहरूले बुझ्न सकून र सथसाथै औसरवादीहरूको देन जस्तो भान परोस। यो भाषा अरू कुनै विदेशी भाषा संग मिल्दोजुल्दो पनि गराउन भएन। नत्र त त्यहांको भाषा नक्कल गरेको ठानिएला र विस्तारै विस्तारै आफ्नो पृथक सभ्यता र साहित्यमा पनि विदेशीहरूले हस्तक्षेप गर्न आउलान। ज्ञान,धयान,तन्त्र,मन्त्र हिमवत खण्डको पेवा मानेता पनि विज्ञानमा त

CC-0. In Public Domain. Digitization by eGangotri

भेउको ठूलो हात छ। वाद, तन्त्र, वादि इत्यादि कुराहरू पाश्चात्य देशहरूको देन हो भन्दै यमाधम यिनीहरू के भाषा आफ्नो भाषामा घुसाउन पनि मनासिव पर्दैन थियो। यिनीहरूको शब्दलाई संस्कृतको आधारमा अनुवाद गरेमा बंगाली, बिहारी, हिन्दी, नेपाली, भोजपुरी, मैथली, पालीमा पछि पर्यन्त के फरक रहनजाला ? राष्ट्रवादी प्रजातन्त्र त पाश्चात्य मुलुकहरूको देन होइन। यसमा औसरवादीहरूले कैयन कुराहरू थपघट गरेका छन भन्ने कुरा देखाउन पहिलेको आर्यवर्तको महाजानपदहरूको अध्ययन गर्ने आवश्यक पनि पर्न आयो। यी सब कुराको निर्णय गोष्ठीबाट गराउनु पनि फाइदाको कुरा भएन। कारण गोष्ठीमा बहुभाषीहरू घुस्न गएमा आफ्नैपनको भाषाको कोष कसो गरेर आविस्कार गर्ने, यस कारणले "स्वर्ग भाषा सुधार तथा अनुसन्धान समिति" गठन गर्ने निस्कर्षमा औसरवादीहरू पुगे।

यस समितिका सदस्य कस्तो हुनु पर्दछ भन्ने बारेमा विचार विमर्श गर्दा त जाति, वर्ण, पेशा, लिंग लाई मान्यता नदिईकन धर पाएनन। नयां जमानामा स्वास्नीमानिसहरूको सम-हक बारे, पारपाचुके बारे लोग्नेमानिसलाई दमन गर्ने बारेको ठीक ठीक शब्द स्वासनीमानिसहरूले बाहेक अरू कसले पत्ता लगाउन सक्लान त ? यसै हिसावले तागाधारी हरूलाई मतवालीहरूको पीर मर्का कहां थाहा हुन्छ ? प्रजातन्त्रमा छुतछातको माने नरहे पछि आज सम्म अछुत ठहरिएको जातको नव नामकरण गर्न छुतजातिलाई के थाहा न होला त ? त्याइतेको मर्का व्याइतेले के थाहा पाउन सक्दछन। तर मानिसहरू जिउदै स्वर्ग पुगेका हुनाले आफ्नो परंपरालाई छाड्न पनि गाह्रो नै पर्न आउदछ। बानी, आदत पनि एक किसिमको रोग हो। मालिकले लात खांदेको नै कुकूर प्यारो गरेको संफन्छ र भन उसको खुट्टामा लट्पटिन जान्छ। सामन्ती बिर्ताको अपहरण गर्नू आंट गरे ता पनि राजतन्त्रमा राज्यलाई राजा के बिर्ता मान्ने कुरा काट्नलाई औसरवादीहरू डगमगाउदछन। प्रजातन्त्रवादी औसरवादीहरू आदतले नै राज्यलाई राजा के पेवा मान्दछन।

यस स्वर्ग भाषा सुधार तथा अनुसन्धान समितिको कुलपति भाषाविस्तारक शुकदेव एमी मनोनीत भए। शुकदेव एमी आफ्नो सांप्रदायिक मातृभाषा र राष्ट्रवादी राष्ट्र भाषा बाहेक अरू कुनै भाषा जान्दैन थिए। उनी स्वर्गको भाषा बोल्न जान्दैन थिए तापनि संस्कृतमा उनको केही दखल थियो। न पठेत् यामिनी भाषां न जच्छेत् जैन मन्दिरम् को अनुयायी हुदा मात्र उनले विदेशी भाषाहरू नपढेका हुन। उहां राष्ट्रवादका आदि पुरुषको मूर्ति राखिएको मन्दिरमा बाहेक अरू कुनै देवताका मन्दिरमा जादैन थिए। स्याल बारामा आफ्नै घरको ध्याम्पा भित्र लुक्दथे, पराइ घरमा सरण लिन जादैन थिए। विदेशीलाई देखे मुन्टो बटार्दथे। किमार्थ कुरा गर्दैन थिए। अरूको भाषा जान्नु पनि के प्रयोजन थियो ? अरू देशका लेखकहरूले जे जति लेखेका थिए र लेख्ने छन यी सबै कुराहरू भाषाविस्तारकको दिमागमा स्वत फुरि नै हाल्दथियो। जस्तो नाम उस्तै काम। शुकदेवले पनि सालनालमा बेरिंदा देखि नै तत्त्व ज्ञान बुझिसकेका थिए।

CC-0. In Public Domain. Digitization by eGangotri

शुक बँको भने घोकाएको कुरा दोहर्याउन तेहर्याउन सिपालु हुन्छ। रन्ज अग्एमा मात्र मानिसलाई तं भन्दथे नत्र शिष्टाचारको नाताले कुकुरलाई पनि तिमी नै भन्दथे।

अब आधुनिक स्वर्गको नयां भाषा कसोगरीकन रच्ने ? भूतलमा त हिन्दू धर्मको प्रधानता भारत र नेपालमा मात्र हुंदा संस्कृत भाषा पृथवीमा बोलीचालीमा ल्याइदेन। दुवै राष्ट्रको बेग्ला बेग्लै राष्ट्रिय भाषाहरू पनि छ। यस उसले पाश्चात्य देशहरूको नक्कल गर्दै यहांका प्रगतिशील बुद्धिजीवीहरू पनि संस्कृतलाई मृत-भाषा भन्दथे।अब देवताहरू-र ऋषि मुनिले समेत स्वर्ग छाडे पछि त त्यहां पनि संस्कृत भाषाको आवश्यक देखिएन। भावुक राष्ट्रवाद जागृत भए पछि पनि वैज्ञानिक र राजनैतिक शव्दहरू संस्कृतवाट नै दुवै नेपाल र भारतले चोर्नै गर्दै थिए। शनै शनै दुवै देशले एकै थरी भाषा प्रयोग गर्न थालेमा दुइ देश विचको राजनैतिक पृथकता लोप हुने संभव हुन्छ भन्ने कुरा त भारत नेपालको पारस्पारिक समस्या हुंदा स्वर्गका नव-निवासीहरूलाई वास्ता नभएको कुरा भयो। यज्ञ-यज्ञादि वा अरू कुनै महत्वको कार्यमा संस्कृत प्रयोगमा ल्याए पनि चल्ती भाषा त संस्कृत भन्दा सरल र नेपाल र भारतमा बोलिने भाषा भन्दा छुट्टा गराउन पर्यो। यसै उद्देश्यलाई पूर्ति गर्न नै स्वर्ग भाषा सुधार तथा अनुसन्धान समिति गठन गर्नाको आवश्यक पर्न आएको हो। यस समितिका सदस्यहरूले म्लेच्छ भाषा पढेका भएमा अनेको विलायती,फ्रान्सीसी,यूनानी,ल्याटिन,फारसी,उर्दू, चिनिया भाषाहरूका शव्दहरू मिसिन जाला भनेर नै विदेशी भाषा पढेकाहरूलाई सकैसम्म लिएको थिएन। यस समितिले आधुनिक स्वर्गलाई रचेको शव्द कोष सबै नै यसमा समावेश गर्न साध्य नभएकोले केही शव्दहरू मात्र उदाहरणार्थ समावेश गरिएको हो। जस्तो कि आजकाल सात समुद्रपारवाट ल्याउने बेलायती सुंगुर देख्नामा देशी सुंगुर भन्दा फरक हुन्छ र त्यसको मासु नरम हुनाको साथ साथै बाथ पनि प्रसस्त हुने हुंदा यसलाई भक्ष वस्तु पार्नु मनासिब देखियो। तर हिन्दू धर्म अनुसार पालतु सुंगुर खान न हुने होता पनि वनको बदेल शव्दवाट "बङ्०" र सुंगुर शव्दवाट "गुर" को संधि गरेर बंगुर नाम दिएर खान हुने वस्तु तुल्याए! यस्तै किसिमले लुइचे खान हुन्छ तापनि कुखुरा खान नहुने भएकोले नयां शव्द कोषमा कुखुरालाई घडीचराको नाम दिएर खान हुने पनि बनाएका थिए। ब्रिटिश सम्राज्यवादको जमानामा उसैको नक्कल गर्ने प्रथा हुंदा फौजलाई अंग्रेजी शव्दवाट नै आदेश दिइन्थ्यो।राष्ट्रवादको आगमन पछि फौजलाई पनि आफ्नै राष्ट्रियपनको भाषमा आदेश गर्न पर्छ भनी गार्ड [illegible] शब्दवाट गारत, शोल्डर आर्म्सलाई कांध शस्त्र इत्यादि नयां कोषमा थपिन गएको थियो ।
स्वास्नीमनिस चिकित्सकलाई डाक्टर शब्द मात्र भन्दा महिलाबर्गलाई पुलिंग शब्द मन नपर्दो र स्त्रीलिंग डाक्टरनी भन्दा उही लोग्नेको दासी जस्तो देखिन जाने हुंदा स्वास्नीमानिस डाक्टरलाई मिसिनी भन्ने ठहरियो । अचेल घडी नभई काम नचल्ने तरघडीहरू भने विदेशमा बनि "वष्ट एण्ड वाच कम्पनी के घेरै चल्ती भएकोले घडीलाई "वेस्ट एण्ड व्याच्या घडी" नामकरण पनि गरिएको थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

भारत र नेपालको भाषा बीच पृथकताको साथै समानतर ल्याउनाको आवश्यक कुनै-कुनै शब्दमा पर्न गएको थियो । जस्तो कि कथालाई दुवै देशमा कथा नै भन्ने हुंदा स्वर्गमा कथ्था भन्न पर्ने भयो । नेपालीमा खांग्दा खांग्दा र हिन्दीमा खांस्ते खांस्तेको मिश्रणबाट खोकते खोकते शब्द बन गएको थियो ।

वाहन र गणहरूका स्थानमा औसरवादीहरूको मानिस सकिएकोले बांकी स्थानहरू जसजसलाई लिन मन लाग्दछ लिए हुन्छ । राष्ट्रवादी प्रजातन्त्रमा जसलाई जे गर्न मन लाग्छ गर्न पाउने पर्दछ भन्ने घोषणा गरिदिए । राष्ट्रवादी प्रजातन्त्रमा जसले जे पनि गर्न पाइन्छ भन्ने सुनेर देश विदेशबाट गाइनेहरू गंधर्वका ठाउंबाट राष्ट्रवादको लोकगीतहरू गाउन थाले । म्लेच्छका देशहरू पर्यटन गरी फर्केका युवायुवतीहरू किन्नरका भेषधारी अलकापुरीबाट आधुनिक लपक्क टांसिएर नाच्ने र हुल्लागुल्लाका गान अमरावतीमा सिकाउन थाले । प्रगतिशील महिलाहरू स्वर्गको शोभा बढाउने मनसुबाले स्वतः अप्सराहरूका स्थान रोजि नै लिए । मालवा नरेश भोज तथा विक्रमादित्यका पालिमा कविता र कविको कदर भए जस्तै इन्द्रासनबाट पनि कविता प्रेमीलाई विशेष स्थान मिल्ला कि भनी ठेस्नो राउराजाले पनि विदुरको, स्वर्गको ठाउं भेट्ने प्रयास गर्दा फण्डै नर्कमा ठेलिएको थियो । स्वर्गमा त योग्यता भन्दा परंपरालाई नै मान्यता दिइन्छ ।

स्वर्गको मुख्य मुख्य ठाउंमा उग्रगामी औसरवादीहरूका मानिसहरूले बाहन र गणहरूको स्थानहरू भरिएको देखी शोषक पावन र औसरी औसरवादीहरू त्यसै हिस्स परे । शोषक पावन औसरवादीहरूको त दिन पनि सकिएको देखिन्थ्यो। एकपटक औसरी औसरवादीहरूमा विलिन भएर उपद्रव गर्ने मनसुबा पनि प्रकट गरेका थिए । तर यस प्रयासमा सफल हुन सकेनन आफ्नो मालामा पक्ष-पक्ष गर्दै औसरी औसरवादीहरूलाई गुन लगाउन सकेका थिएनन। अब यिनीहरू औसरीहरूका उपयोगमा न आउने देखेपछि पनि औसरीहरू यिनीहरूलाई नाहकमा किन उचाल्दथे । भला सेवक र सेवीको स्वार्थमा पनि कहां कते मेलखान जाला ? विवशभई यी शोषक-पावन औसरवादीहरू बाढ, उत्सव, पर्वमा पिचाश, बेतालका ठाउंबाट स्वर्गको रमिता हेर्ने तमासे मात्र बन्न गए ।

तर औसरी-औसरवादीहरूले भने हिम्मत हारेका थिएनन । राष्ट्रवादको बरखिलाफ चुइंक्क पनि हावा न छाडे पछि कुनै न कुनै सन्माननीय स्थान कसो न पाइएला भन्ने आशामा थिए । यिनीहरूको दृष्टिकोणबाट बाहन, गण, लोकपालका स्थानमा कुनै पनि महत्व थिएन । तैसै कारणले तेंत्तिस कोटि देवताहरूका मन्दिरमा घुस्न गए । नरलोकमा साच्चि नै नारायणको

CC-0. In Public Domain. Digitization by eGangotri

अवतार नभए र पनि भयभित जनताले पशुका नाथ, गरीबका उद्धारक, दयाका समुद्र, धर्मका कारक पुरुष, करुणाका खानी, अन्न दिने भनें गरेवाट सच्चि नै आफूहरूलाई औतार नै संभन्थे । तसर्थ स्वर्गमा दिल्लगीका टोपी, हास्य पदार्थ भएर पनि देवताहरूका गण्यमान्य स्थान लिन चाहदथे । उग्रगामी औसरवादीहरू भने सानातिना देवतालाई ठूलो देवताको अगाडी नैवेद्य मात्र ठान्दथे । यसै कारणले औसरी-औसरवादीहरू स्वर्गमा पनि आफूहरूको छुट्टै गुट बनाएर आफ्नो पर्-परागत परिधि भित्र कसैले तपाई न भनें पनि आफै मपाई हुँदै अनौपचारिक तवरले " मेरो बाजेले घिउ खाएको थियो , मेरो हात सुँघ" भन्नेमा संतुष्ट लिंदै समाजमा लाज न मानेर छोरी-बेटीको आड भरोसामा छाती फुलाउँदै हिड्दथे । ....

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ५.

संविधान अन्तर्गत राष्ट्रवादी प्रजातान्त्रिक सत्-संगतमा चुनिएका संगतिहरूमा थप उनीहरूको रेखदेख र हेर-विचार गर्नलाई कैयन् सत्-संगतीहरू पनि मनोनित भए । चार वर्ण छत्तीस जातबाट नातादार, कृपा-पात्र, आशामुखीलाई कतै न कतै मिलाउन पर्दा यिनीहरू मध्ये कसै-कसैलाई परामर्शग्राही मण्डलमा र सो सरहका अरू मण्डलीमा पनि लिइएका थिए धेरै जसोलाई भने सत्-संगतका संगति मात्र मुखमा बुझो लाउन लिन परेको थियो । थेपचे काजी, नौरंगे डाफे, रविवीर धरानिया, पुलोमा, भगदत्त, बृहन्नल मोरंगी, नरमाधम, थरथरे गेहलोद, साम्राज्यवादी चौरिया, रंगी बिरंगी धामी, तारकासुर, चिनिया काजी, सत् संगतमा न चुनिए तापनि त्यहाँ भाग लिन पाढने भए । सत्-संगतको रौनक बढाउन र प्रजातंत्रको रीत पुर्याउन अनेकौं महिला पनि सत् संगती बनाइए । त्यस मध्ये शिखण्डिनी, चिरेचिरे मैयाँ, मृगिनी, फुपुहजुर, साली-नानीका नाम उल्लेखनिय छन् ।

शिखण्डीनीको सौन्दर्य रूखहरू न भएको जंगलमा अंडेलको वोटको शोभा भएको जस्तै हो भने पनि हुन्छ । आफ्नो देशका आइमाईको दांजोमा उनलाई अग्ली भने पनि हुन्छ । नोललाई खोल हाली दुइटा निबुवा झुण्ड्याइ दिएको जस्तो शरीर थियो । नसल सुधारलाई पशुहरूमा थरि थरीका रगत मिलाउंदा नयाँ सौन्दर्य पैदा भए झैं उनको मुहारमा रौनक थियो । शिखण्डिनी भए ता पनि उनका हृदयमा शिखण्डिको मर्दाङ्गीपन स्वत: छाइरहेको थियो । पाखाको चेलीलाई सहरको गन्धा वातावरणमा हुर्कएर उनको राय सल्लाह वगेर नै जल जन्तुको साथ मान र धनको लोभमा आफ्नो बाबुले विवाह गरि दिएकोले शिखण्डीनीलाई पहिला पटक लोग्ने-मानिस उपर नफरत पैदा भएको हो । ससुरा, जेठाज्युको दवावमा बस्न पर्दा उनलाई स्वतन्त्र हावामा लामो सास फेर्ने प्रबल इच्छा पैदा भएको थियो । आफ्नो लोग्ने संग आफ्नो आचार नमिल्दा उनलाई लोग्नेमानिस संग घृणा पैदा हुन गएको थियो । आइमाईसंगको संसर्ग भन्दा नोकरहरूलाई स्वास्नीमानिसको भेष बनाउन लाई उनहीहरूसंग नै रातोदिन नाच-गान र उठबस मात्र गर्ने हुंदा खसमको यस्ता चाल चलन उनलाई पटक्कै मन पर्दैन थियो । सामन्ती शासन स्वास्नीमान्छेहरूको पीर मर्का नबुझ्ने हुंदा कैयन रात लामो तकियालाई अंगालो हाल्दै बिताएको घटना उनको दिलमा बिझिने राखेको थियो । प्रजातन्त्रको बहार आउना साथै शिखण्डिनीको

CC-0. In Public Domain. Digitization by eGangotri

ओसर आइने हाल्यो । प्रजातन्त्रमा लोग्ने र स्वास्नीको सबै पुरामा बराबर हक हुने हुंदा भोली भाली, सीधा सादा आइमाईहरूको सम हक रक्षा गर्ने अविभारा आफ्नो कांधमा लिइ हालिन् । कहिले मोटरमा लोग्नेलाई आफ्नो बायां पट्टि राखेर हिंडद थिइन् त राष्ट्रवादको आगमनमा त भाले पोथीको लाकेट पनि लगाउन थालेकी थिइन् । लोग्ने र स्वास्नीको झगडा परालको आगो भनी निभाउन कोशिश गर्नुं भन्दा त त्यसैमा घिउ थपि दन्काउनमा अति सिपालु थिइन। कसैको घरमा जोइपोइको अलिकता पनि ठ्याक ठुक परेको सुंइको पाउने बित्तिकै ऐनको किताब लेर स्वास्नीको अगाडी पार पाचुकेको खण्ड खोलेर देखाइने हाल्द थियीन् । आवश्यक परेमा नारीहरूको जुलुस निकालने आश्वासन पनि दिइ नै हाल्दथिन । युग-युग देखि पुरूषले खडा गरेका असमान सामाजिक दिवार फोडने अथक प्रयासमा सधैंभरि लागी नै रहेकी हुन्थिन् । मौका पायोकि लोग्ने मानिसलाई टोकि नै हाल्दथिन् । आफ्नो र आफ्नो पति को मण्डे उत्रे कद भएकोले कुर्कुच्चे जुता नलगाई कहिले पनि बाहिर निस्कदैन थिइन् । कुनै लोग्नेमानिस उनी भन्दा अगाडि हिंडेको देखिन भने " ओ श्रीमानजी ! प्रजातन्त्रमा पनि महिला भन्दा अगाडि हिड्न ... लाग्दैन ? क्या हो यस्तो चाल ? " भनि ठुगि नै हाल्दथिइन । यिनको स्वभाव पनि अनौठा थियो । औंसीमा अर्कै, पूर्णेमा अर्कै मानिस बन्देथिन ।

चिरबिरे मैयां त एकातिर काट्यो गबुवा दुई तिर काटयो पुं०माड० जस्तै थिन । तै पनि उनी आफूलाई हरफन मौला संझन्थिन । कुनै कुरा पनि थांहा छैन, सुनको छैन या त बुझेको छैन भन्नु भन्दात मुतुक्कै मर्न निको मान्दथिन । जोसंग पनि आफन्तपन देखाउन, कसैको, पनि घरको कुनै गोप्य कुरा उनीवाट लुकेको हुंदैन थियो । स्वभावले परोपकारी हुंदा मलामी जान, कसैको घरमा आपत्ति पर्दा सान्त्वना दिन जान, कसैको घरमा विवाह वा अरू कुनै उत्सवको काम सकाई दिन जान उनी कहिले पनि चुक्दैन थिन । तैपनि कसैले पनि उनलाइ मन पराउदैन थिए । कसको घरमा जूठो परेको छै, कसलाइ घाटा चलाएको छ , को बिरामी परेर अस्पताल लेको छ यी सबै कुरा पत्ता लगाउनु परेमा चिरबिरे मैयां संग संपर्क राखेमा थाहा भइहाल्दछ । आफ्ना हित चित मिल्ने मानिसहरूलाई त तुरन्तै फोनबाट खबर गरि नै दिन्छिन् । त्यति मात्र होइन कुन मानिसको स्वास्थ्य सोध्न कतिपटक चिकित्सालयमा जानु पर्ने हो, को मर्दा समवेदना मात्र पठाए हुन्छ, कसको ... घरमा संवेदना दिन आफू एक्लै वा दम्पति जानु पर्दछ भन्ने राय सल्लाह पनि दिइ नै हाल्दथिन । विरामी हेर्न जांदा उनलाई के औषधि दिएको छ, सोधपूछ गरी औषधी ठीक

CC-0. In Public Domain. Digitization by eGangotri

बेठीक क्याहो डाक्टर, वैद्यसंग छलफल गर्न पनि तयार हुन्थिन बिरामीको मुख हेरेर नै बाच्ने मर्ने भन्न सक्दथीन । विवाह, वर्तबन्धमा के के विधि पुराउनु पर्दछ भन्ने कुरामा त पण्डित बाजे, पुरोहितलाई पनि हराइ दिन्थिन् । तपाईंले भनेर हुन्छ ? यसमात यसै गर्न पर्दछ भनि : लिंङ ढिप्पी लिइने रहन्थिन । चाड पर्वमा कुन कुन देवताहरूको भाग छुटेको छ उनी बिना सोधेर पनि भनि हाल्दथिन । मान्छे बोलाउंदा माथीको के प्रतिक्रिया पर्न जाला भन्नेमा ठूलो ध्यान राख्दथिन । बरू आफ्नो नजीकको नातादार माथिको निगाहामा छैन भने नवोलाई काम सकिए पछि निम्तो दिन छुटेछ भनि माफी मागें भाइहाल्दछ नि भनी राम्रो सल्लाह दिन्थिन । चिने-जानेका मानिसहरूलाई लम्बा चौडा चिठ्ठी लेख्ने यिनको बानी थियो । चिने जानेको सबै जनाको हालखबर पत्रमा हाल्दथिन कसलाई कहां भेटे, कसले के भन्यो, आफूले के के भने सबै कुराको बेलि-विस्तार लगाउंदा त उनको पत्र चार पाता भन्दा कमको कहिले पनि हुदैन । कागले छेरेको जस्तो उनको अक्षर हुंदा चिठ्ठी पढ्ने मानिसले धेरै नै समय नष्ट गरे पछि मात्र उनको तातो न छारो को चिठ्ठीको सार भिक्न सक्दछ । भान्दै पनि कति चिनेकी । उनको ठेगाना लेख्ने किताबमा देश-विदेशका राजा-रजौटा ठूला बड़ा सबै जनाको ठेगाना लेखिएको छ । खाना पकाउनमा उनकि सिपालु जुन कुरा पनि पकाउन पछि हट्दैन थिन । लप्सीको माडा पार्दा पिंधै नुनछ बिरैनन, मोटेनुन र अर्को साधानुनः बराबर हिस्सामा हाल्द थिन कसैले गाग्राको कुरा गरेमा उसको कुरा काट्दै आफ्नो छोरीको आग्रामा विवाह गरेको कुरा गर्द छिन । रोगले पनि उनलाई कस्तो विघ्न सताएको ? जसले जुन रोग लागेको कुरा गर्यो सो बिरामीवाट कुनै न कुनै समय उनी पनि बिमारी परेको आफ्नो अनुभव सुनाइ नै हाल्द थिन । कुरा गर्न अरू कसैलाई पनि उछिन्न दिन्-न थिन । शब्दहरू कम आउने हुंदा हात र मुख हल्लाउदै सब्दले भन्दा सानले आफ्नो कुरा पुरा गर्द थिन । कुरामा हार खान भनेको त जानेकी नै थिनन। केही लागेन भने बरू चिच्याउंदा चिच्याउंदा स्वां स्वां दम नै फुलि हाल्दथ्यो । तर चुप लाग्ने होइन । कुनै कुराको मर्म न सम्झेमा तिमीले भन्दैमा भन्दै अर्को विषय छेडि नै हाल्द थिन ।

औसरवादीमा नातिकाजी डिल्लीवाला भन्दा भद्र-पुरूष अरू भेट्टाउन साच्चि नै गाह्रो पर्नेछ । घरानिया खानदानका बच्चा औसरवादमा न लागेको भए यिनलाई सहजै सामन्तशाहीका पिठु भनी ः प्रगतिशीलवालाहरूले भन्ने थिए । कदमा अग्ला, गोरो वर्णका एक किसिमले राम्रो मानिस भने पनि हुने हो । कसैको बिगार गर्ने पट्टि यिनी कहिले पनि लाग्दैनन । खाऊ पिऊ मोजमज्जामा जिन्दगी बिताऊं भन्नेमा थिए । गीत गाउनु, हारमोनियम

CC-0. In Public Domain. Digitization by eGangotri

बजाउनु, परेवा उडाउनु, हाहुमा समय काटनुमा नै यिनलाई आनन्द आउंदथ्यो । आफ्नो बाजेका घरमा बटाइको पालीमा र भेंडा लडाउनेमा बाल्यावस्था देखि नै सक्रिय भाग लिएका हुन। अध्ययन गर्न विदेश छंदा पनि घोडदगुरमा बाजि लगाउन कहिले चुक्दैन थिए । पछि आफ्नो देशमा मंत्री भएकाले जुवा खेल्न नमिल्दा पनि जुवाको खालमा रात दिन बिताइ नै रहन्थे । आफ्नो श्रीमतीलाई खाले तुल्याएर पछाडिबाट भए पनि जुवा खेल्न सिकाइ रहन्थे । सिद्धान्तवादी देखाउन आफ्नो हातले भनें खालमा नकस या कौडा छुदैन थिए । परिस्थितिले नै यिनलाई औसरवादी बनाएको हो । गुरू द्रोह गरेर उनी ठूलो मानिस भएका होइनन् । आनन्तिको धज्जि उडाएर उनी राष्ट्रवादी औसरवादी बन्न गएका होइनन। अरूहरूलाई बिगार्दै आफू सम्प्रन गएका पनि होइनन्। यिनी राणा-कालमा नेपाली नागरिक भएका भए गौंडा गास्वाराको बडा हाकिम सुब्बा हुन पाएमा सन्तुष्ट नै रहने थिए । पितृ र राजभक्ति यिनको रगतमा छ । राष्ट्रवादी प्रजातन्त्र अपनाएपछि त्यसको सोंफो चिताउनु पर्दछ भन्ने यिनले दृढ संकल्प लिएका हुन । "कुनै निमकको सांफो गर्ने सेवकले दांया-बायां हेर्न हुदैन । पट्टा लगाएको घोडाले भैं सिधा मात्र हेरेर सवारको हन्टरको इशारामा बग्गी तानि नै रहन पर्दछ । बाटोको दुर्घटना बचाउने काम सवारको हो, घोडाको होइन " भन्ने यिनको अटल विश्वास थियो । आफूले सोंफो चिताएर लगाएका काम गरेमा माथिकाले अवश्य नै कदर गर्नेछन् भन्नेमा अन्ध-विश्वास ... राखेका थिए । यसैकारण स्वर्गमा परामर्शग्राही मण्डलको मण्डलीमा मनोनीत भए पनि राष्ट्रवादी प्रजातान्त्रीक सत् संगतका संगतिमा वा अरू कुनै बाहन गणहरूको रिक्त स्थानमा आफ्ना पक्षका मानिसहरू घुसाउने दाउपेचमा पनि यिनी लागेनन। वल्कि बान्को बमोजिमको खान्की अवश्य नै पाउने हुंदा यिनका नातेदार, इष्टमित्रहरूले पनि स्वतः ठाउं ठाउंमा जागिर पाइनै हाले । आफू मुनिका कर्मचारीहरूमा पूरापूर आड भरोसा लिने हुंदा जसले जेमा सही गर्न ल्याए पनि आइकुइ नगरीकन हस्ताक्षर हालि नै हल्दथे । कसैलाई पनि भनी बिजाउने होइन । साथी संगातिहरूलाई सितिमिति नाइं नास्ति गर्न सक्दैन थिए । भर्का नै पर्ने काममा भनें हुन्न न भनी कनै आलटाल पनि गर्न सक्दथे । यिनको यस्तो सरल स्वभाव देखेर होला राजनैतिक जिज्ञासुहरूको भनाइ अनुसार राष्ट्रवादी प्रजातन्त्रको अंतिम महामण्डली यी नै हुने छन् भन्ने भविष्यवाणी पनि गर्दथे ।

CC-0. In Public Domain. Digitization by eGangotri

थेप्चे काजी बहुला मेजरका छोरा हुन। नाक मिचौनी खेल खेल्दा उनको नाक गालामा लेप्सिन गएको थियो । गोलघरमा दुइ युग बिताउनु पर्दा केही कुप्रा पनि भएका थिए । दुनियाँका समस्त राजनैतिक नेताहरूमा मोहनदास करमचंद गांधीको मात्र नाम सुनेको हुँदा खादीधारी बनेर आफूलाई आफ्नो देशमा गांधी कहलाउन चाहन्थे । तर औसरवादी जगतमा घोडीलाई नै गांधी उपनाम दिएको कुरा शायद यिनलाई थाहा थिएन होला । बालककाल चाकडीको दौडधूपमा बितेकोले पठन पाठन गर्ने मौका नै मिलेन । स्वामितहरूको घोडाको पछाडि खलखली पसीना काटेर दौड धुप गर्दा पनि हुँदो सम्म पनिभेट्टाउन नसक्दा खिन्न भएका थिए । सिपाही गिरीबाट नै जीवन शुरू गर्नु पर्ने हो भने यी सब भागदौड के काम लाग्योत ? हतासिएर चाकडी नै छोडिदिए । इलम नहुंदा कुनै पनि भनेको जस्तो व्यवसाय पनि भेट्टाउन सकेनन । बेइलमीको सहारा "" शिवजीकी बुटी कवी साथ न छुटी "" गंजडीको असाडा नै थियो । एकै साथमा गांजाको चिलिम ध्याप्प बाल्न सकेमा आर्कै जगत्मा प्रवेश गरिने हालिन्थ्यो कहिले हावामा उडदा उड्दै कता हो कता पुगि नै हालिने, अनि अकस्मात् झ्याँग धरतीमा खस्दा भल्यास्स भएर केही बेर होश आइने हाल्ने अनि फेरि हंस अनन्तमा उडदै प्रतिशोधलाई साकार तुल्याउन उग्र प्रबल इच्छा जाग्रत भइ नै हाल्ने । यस्तो कमजोरीको अवस्थामा थेप्चे काजीले आफ्नो स्वामितको वंश विध्वंस गर्ने षडयन्त्रमा प्रवेश गरे । काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर हुन गै आजीवन कारागारको वास पनि पाइहाले । अनि त भल्यास्स बिउँकेर आफ्नो पुरानो मालिकको तस्वीरमा फूलको माला लगाउँदै भयालखानमा जंमिएका श्रीकृष्णको अमरवाणी गीता नै घोक्न थाले । यसवाट पनि कारागारबाट मुक्त हुन न सक्दामा राजनैतिक बंदिहरूको सहवास र कृपाले उनीहरूको साथै निगाहा र लाचारीवाट भयालखान छोड्न पाए । झ्यालखान छुटे तापनि बुद्धि विचार र आचार त बन्दी नै थियो । केही दिन बाघको छालामा स्याल भइ रजाँई गर्ने आफ्नो मालिक साटे जसको बदला अपमान नै आइलाग्यो । जनप्रियासंगको शाही शानदार विवाहले जनता जनार्दनको आँखावाट गिर्दै पतनको मार्ग मात्र देखिन आयो । राष्ट्रवादी प्रजातन्त्रको शरण लिंदामा हात-मुख जोड्न सक्ने सम्म भए ता पनि औसरवादीहरूले नक्कली मुजुर भन्दै आफ्नो पंक्तिमा लिन अस्विकार गरे । बिरालोले कति हज गर्दैमा साकाहारी मान्न सकिन्छ ? यही हालत बिचरो थेप्चे काजीको पनि हुन गएको थियो । ....

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ६

राष्ट्रवादी प्रजातान्त्रिक सत् संगतको पहिला बैठकमा सत् संगत शुरू गर्नु भन्दा अगाडि केही कुराहरूको टुंगो लगाउन आवश्यक परेकोले परामर्शग्राही मण्डलको महामण्डली भन्दछन् "" राष्ट्रवाद स्वर्गमा फैलाउने पर्दछ । प्रजातन्त्र भनेको क्या हो र राम राज्यको सही अर्थ त हाम्रो संविधानले मुक्त: सिद्ध प्रमाणहरू हुन भनी मानिए के छ । यसमा छलफल गर्नको आवश्यक छैन । स्वर्गलाई मृत्युलोकको उपनिवेश बनाउने कुरा प्रजातंत्रको सिद्धान्त बमोजिम संविधानमा उल्लेख गर्न न भए ता पनि राष्ट्रवाद को लक्ष्य त्यही नै हो भन्ने कुरामा सत संगतको दुइ राय हुन पाउदैन । राष्ट्रवादी प्रजातन्त्रको गृह-नीति र परराष्ट्रनीति सबैले बुझनु भएके छ । अब सत संगत शुरु गर्दा कसको प्रतिमाको आह्वान गर्ने, विसजर्नन कुन तरीकाले गर्ने र सत संगतको झण्डा कस्तो बनाउने कुराको निर्णय सत् संगत शुरू गर्नु अगाडि नै गर्नु परेकोले यस बारेमा छलफल होस भनी म व्यासासनलाई अनुरोध गर्दछु । ""

झण्डाको हकमा कुनै विवादग्रस्त विषय थिएन ! कालो झण्डा, रातो झण्डा अथवा नौरंगी पंखा मुनि भेलाहुन सन संगतीहरू तैयार थिए । त्यसैगीरी विसर्जन कसोगरी गर्ने विषय विशेषज्ञहरूको मामला हुंदा यसमा पनि धेरै जनाको केही पनि भन्नु थिएन । तर सत - संगतमा कसकोप्रतिमा स्थापना गर्ने बारेमा त सबै औसरवादीहरूको आफ्नो आफ्नो स्वार्थ हुँदा सबैजना गुनगुनाउन लागे । सत संगत वर्ण, जाति, पेशा, व्यवसायका आधारमा बनेको हुंदा सबैको आआफ्नो जातिय, राष्ट्रिय, व्यवसायिक अगुवा, विभूति, शहीद तथा आदरणीय पुरूष भएकोले यसै विषयमा लामो छलफल भई कुनै निष्कर्षमा हतपती पुग्न नसक्नु मनासिबै कुरा थियो । कुनै जात कश्यप, कुनै भरद्वाज, कुनै अरू कृषिका गोत्री हुंदा आफ्नै कृषीलाई नै ठूलो भन्दथे । भोटले माउ-त्से-तुंगलाई नै राष्ट्रपिता मान्न परेको थियो त कपिलवस्तुको गौतम समस्त नेपाल के विभूती ठहरिन गएका थिए । पहलवानहरू हनुमानलाई आदरणीय मान्दथिए त औसरवादीहरूले लक्ष्मीलाई आफ्नो इष्ट देवी बनाएका थिए । पसलेहरू भीमसेनलाई वीर पुरूष ठान्दथे त प्रगतिशील भद्र नारीहरूको दृष्टिमा पन्च कन्या (द्रौपदी, कुन्ति, अहिल्या, तारा, र मन्दोदरी) नै आदर्श थिए । यसैले सबैजना आफ्नो राष्ट्रिय अगुवा, शहीदलाई नै मान्यता दिन चाहन्थे ।

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै बेर कुर्दा पनि सत संगतीहरूवाट कुनै प्रकारको प्रस्ताव छलफललाई न आउदा व्यासासनले वृहस्पतिलाई नै सुझाउ पेश गर्ने आदेश भयो।

जमीन ध्वज :- श्रीमान व्यासजी! सत संगतीहरूको यसो मुख हेर्दा सव भन्दा पहिले विवाद रहित विषयलाई नै लिनु मनासिव लाग्दछ।सव भन्दा पहिले राष्ट्रवादी प्रजातान्त्रिक रामराज्यको स्वर्ग दमन गर्ने लक्ष हुदा स्वर्गको भूतपूर्व सेनापति स्कन्दको अस्त्रमा झुण्डिएको उनैको ध्वजा अपनाउन कसो होला ?

पृथवीमा रहंदा पुराण महाभारतलाई दन्त्य कथा सरह मानिआएकोमा अहिले कहिले पनि पुराण सुनाउने ठाममा खुट्टा नहाल्ने महासयहरूलाई स्वर्ग आएर त फेरि यिनै फाल्तु गनथन सुन्न मात्र पर्ने होइन कि यसवारे केही कुरा जान्न पनि पर्ने आवस्यक देखिन आयो। जमीन ध्वांजको यस्ता गहिरो कुराको अर्थ बुझ्न नसक्दा सत संगतीहरूले व्यासासनलाई जमीन ध्वजलाई मतलव साफ गराउने अनुरोध गरे।

जमीन ध्वांज :- स्कन्दको अस्त्र एउटा लामो तिखो भाला छ! यसको शक्ति अपारको छ। तीखो चुच्चोको मतलव एक मात्र लक्ष हो राष्ट्रवाद। राष्ट्रवाद बाहेक अरू जुन सुकै वादलाई हावामा नै टुक्रा टुक्रा पारिदिनु हो। यो भाला लामो भएको ले हाम्रो आदर्श पनि अति उचा छ भन्ने दर्शाउदछ। उनको ध्वजा कुखुरा भएकोले हाम्रो राज्य प्रणालीमा छूतछात,जातकुजातको स्थान छैन भन्ने बताउदछ। स्कन्दले असुरलाई धपाए झैं हामी पनि राष्ट्रवादी प्रजातन्त्रलाई नमान्ने अराष्ट्रियहरूको दमन गर्ने हो भन्ने पनि झल्कने छ। वास्तवमा मानिसको भलाइ विकासमा मात्र निर्भर गर्दछ।त्यसो हुदा सानातिना जातिय,वर्गीय,भावनाहरू मासेर एक कट्टर राष्ट्रवाद विकास गरेमा नै यिनीहरूको कल्याण हुने कुरा ध्रुव सत्य छ! कुनै पनि राष्ट्रलाई खंदिलो दरो राष्ट्रवादले मात्र गराउन सक्दछ। यो ध्वजा उठाएर नै स्कन्दले असुरहरूको अधर्म माथि विजय पाउन सकेकाथिए। आज हामीले पनि राष्ट्रवादको लागि उनैको ध्वजा र अस्त्र अपनाएमा राष्ट्रवाद स्वर्गमा फैलाउन सजिलो पर्ने छ। अर्को कुरा स्कन्द स्वर्गका विभूती मानिएकाले उनको ध्वजा सत संगतमा फहराएमा राष्ट्रवादी विभूतीतत्वको कदर गर्दछन भन्ने देखाउन पाइने छ।

जमीन ध्वजको यस्तो वाकपटुता देखेर सव जना जिल्ल परे।कुरा काट्न कसको मजाल। सवैको चित्त बुझिने हाल्यो। खालि सिखण्डिनी मात्र एक पटक देवी भागवतका पाना पल्टाउने समय माग्दै थिन। तर उनको माग अप्रसंगनीय ठानी व्यासासनवाट मान्यता दिइएन। यही ध्वजा नै अव उप्रान्त आधुनिक स्वर्गको झण्डा बनाउने ठेगान भयो।

सत संगत शुरू गर्नु भन्दा अगाडि कसलाई आहवान गर्ने वारेमा सत संगतीहरूको राय मिल्न सकेन। कोही के भन्ने कोही के। तर कसैले पनि आफ्नो राष्ट्र शहीद या राष्ट्रनायकलाई नै आहवान गर्नु पर्दछ भन्न आटेनन र कुरा घुमाउन थालेदमडी विना केही काम नै नचल्ने हुदा महेन्द्रमल्ली आहवान गर्न पर्दछ भन्ने धेरै जसो सत संगतीहरूको मक्तव्य थियो। शारीरिक तन्दरुस्ती नै नभएमा स्वर्गको रक्षा कसरी होला? त्यस कारण

CC-0. In Public Domain. Digitization by eGangotri

वजरंगवलीलाई नै : आहवान गर्न पर्दछ भनी नराधमले भने । वा ! बुद्धिको ठेकेदार हामी मात्र हौं । महिलामा अक्कल हुँदैन भन्ने पुरूषलाई सास्त्रार्थमा पराजय गर्ने गार्गीलाई नै आहवान गर्न पर्दछ भन्ने शिखण्डिनीको राय थियो । तेतिस कोटी देवताहरूको पुण्यभूमी स्वर्गमा देव मध्येका महादेवलाई नै आहवान गर्नु मनासिब भनी औसरी औसरवादीहरू को प्रतिनिधित्व गर्दै थरथरै गेहलोंदले भने । धेरै लम्बे चौडे कुरा किन गर्नु इन्द्रपुरीमा इन्द्रलाई नै आहवान गरेमा लण्ठाटण्टा नै हराइ हाल्दछ भन्ने थुकथुकेको कुरा काटेर पृथ्वीमा त इन्द्रको पुजा हुदैन भने मान स्वर्ग नै छाडेर भाग्नेको पछि कहांवाट धाउनु भन्ने अजात शत्रु थपेयाको भनाइ थियो ।

जमीनध्वज भन्‌वाट्ट भन्दछ :- "होइन शालिग्रामलाई नै आहवान गरे कसो होला ? हुन पनि शालिग्रामलाई जुन देवताको प्रतिनिधि ठाने पनि भइ हाल्दछ । ताक परे तिवारी न त गोतामै त छदैछ " भन्दै आफ्नो मुण्टो थुरथुर हल्लाउन थालेको देखेर सबै जसो सत संगतिहरू गल्ल हांसे ।

व्यासजी:- ठट्टा गर्दा गर्दै लट्टा पर्न जाला । तपाई औसरवादीहरूको वृहस्पति हुनहुन्छ । त्यस कारण के गरे ठीक पर्न जाला एक प्रस्ताव पेश गर्नुहोस भनी जमीनध्वजलाई पुकारे ।

जमीनध्वज :- कुरा बडो गहिरो छ । हामीहरू यहां स्वर्गमा राष्ट्रवादी प्रजातन्त्र स्थापना गर्न खोजेको कि कुन देवता ठूलो, कसको राज्य गर्ने हक बढ्ता पुग्दछ भन्ने कुराको फैसला गर्न सत संगतमा जम्मा भएका हौं ? यस विषयमा मलाई धेरै नै कुराहरू सुनाउनुछ । सवैजना न हडबडाईकन मेरो कुरा धैर्य साथ सुन्ने हो भने मात्र म कुरा सुनाउने छुं । नत्र त - - - - - - - " कुरानै पूरा गर्दैनन ।

सवैजनाले उनको कुरा ध्यान दिएर सुन्ने आश्वासन पाएपछि जमीनध्वज सुरू गर्दछन :- " हेर्नोस ! स्वर्गमा राष्ट्रवाद फैलाउनु पर्ने हुंदा आफ्नो आफ्नो जातीय, व्यवसायिक, संप्रदायिक आसक्ति राष्ट्रवादी तत्वको खातिर बिर्सेर एकै लगनमा लाग्नुपर्दछ । वास्तवमा कुनै पनि शुभ कार्य थाल्नलाई एकै व्यक्तिको शरण पर्नुपर्दछ भन्ने कुरा अविवादिय कुरा नै हो । यस राष्ट्रवादी प्रजातान्त्रीक सत-संगतमा यस्तो तत्वलाई आहवान गर्न पर्यो कि सवै जनाको मन रहन जाओस । यस विषयमा त्रिकोण अथवा चतुर्कोण दृष्टिकोणबाट मात्र म छलफल गर्न चाहन्न । खालि भौगोलिक दृष्टिकोणबाट मात्र म मनुष्य र राष्ट्रको अविच्छेद संबन्ध बारेमा संफाउन चाहन्छु । मनुष्यको शरीर पन्चतत्वले बनेको कुरा सबैलाई

CC-0. In Public Domain. Digitization by eGangotri

थाहा नै होला । अब कुनै जीवले कुनै खास समयमा कुनै खास ठाउंमा देह धारण गर्नुपर्दा त्यसै ठाउंको जल र वायु तत्वले बनेको शरीर लिनै पर्दछ। यसै ठाउंको माटोले बनेको, यहांको जलवायुमा हुर्केको आफ्नो आमाको गर्भमा प्रवेश गर्नुभन्दा अगाडि नै यसै ठाउंको पंचतत्वमा बनेको सूक्ष्म देह त्यस जीवले आफ्नो भावी बाबुको बीर्यमा लिइ नै सकेको हुन्छ । त्यसै कारणले त्यो जुन ठाउंमा पैदा हुन्छ त्यस ठाउं र त्यो शिशुको अविच्छेद संबन्ध ... हुने नै भयो । यसै माटो यानि भूमिलाई त्यो नवजात बालकले आफ्नो मातृभूमी भन्दछ । आमाबाबु पनि यसै ठाउंको पंचतत्व हुदां जननी भन्दा जन्म भूमीलाई नै ठूलो ठान्न परेको हो । मातृभूमी नै नभएको भए मातरी कहां पैदा हुन्थिन ? मातृभूमी कुनै देश नै हुनु पर्दछ भन्ने केही आवश्यक छैन । मातृभूमि भनेको त केवल आफू जन्मेको ठाउं मात्र हो । कोही प्रसुतिगृहमा जन्मन्छन त कोही मर्याडि० मुनि (सबैजना हांस्दछन) । कोही आफ्नो घरमा पैदा भएको भए कोही चाहि पाटीमा पैदा हुन्छन । शहरमा जन्मनेहरुको लागि शहर नै जन्मभूमि हो र गाउंमा जन्मनेहरुको लागि गाउं नै जन्मभूमि हो । को कहां पैदा भएको हो यसको मतलब छैन । वास्तवमा सबैजना प्रजा नै हुन । तर म को हुं भनी रामरी आफूलाई चिन्ह जहां बसी गुजारा गरेता पनि आफू जन्मेको ठाउंमा वारंबार फर्केर जानै पर्दछ चाहे त्यो ठाउं गाउं होस, मर्याडि०मुनि होस अथवा प्रसूतिगृह नै होस । असारको १५ दिन जांदा कान्तिपुरका बासिन्दाहरू आफ्नो जन्मेको ठाउंमा गई दही चिवरा खान्छन । अब जुनसुकै जन्मभूमि पनि एक न एक मुलुक भित्र परेको हुन्छ । त्यस्ता देशलाई एकीकरण गरी चार वर्ण छत्तीस जात बिलिन भई खडा गरेको पृथ्वीको कुनै एक हिस्सालाई राष्ट्र भन्दछ । चारवर्ण र छत्तिस जात र अरू संप्रदायले पनि यसै राष्ट्रको मतलबमा नै आफ्नो हित निहित छ भनी ठान्न पर्दछ । चारवर्ण छत्तीस जातले गठन भएको राष्ट्रमा दलबंदी आधारित संसदीय प्रजातन्त्र काम लाग्दैन । यस फुलवारिमा त सबै जात, वर्ण, पेशा, संप्रदायकका बराबर प्रतिनिधि भेला लाउने चन्जा फन्जा मिलाउनु पर्दछ । यी सब तर्क अनुसार यो सिद्ध हुन आउदछ कि प्रजा भन्दा माथि जन्म भूमि हो । जन्म भूमी भन्दा ठूलो राष्ट्र नै हुन आउंदछ । मनुष्यको चोला तत्वहरूले बनेको र राष्ट्र पनि थरि थरी तत्वबाट निर्माण भएको हुंदा तत्व ~~.....~~ नै ब्रह्म हो। यस माथि व्यवहारिक दृष्टिबाट त राष्ट्रवादी तत्व बाहेक अरू कुनै पनि तत्व केही होइन । राष्ट्रवादी तत्व को प्रतीक फगत धरतीपति मात्र बन्न सक्दछ । त्यस कारण स्वर्गमा मनुष्यको प्रभुताई कायम गर्ने हो भने धरती पतिको प्रतिबिम्बलाई स्वर्गको राज्य चिन्ह बज्र हातमा समाउन लगाई सृष्टिका सबै जनावर जन्तु-पशुका छाला उनको टांग

CC-0. In Public Domain. Digitization by eGangotri

मुनि घुसारेर इन्द्रको सिंहासनलाई औसरवादमा बेरेर नौरंगी डांफेको कल्कि लगाइदिई अस्थिरताको आसन जमाएर आत्मसमर्पणको हर्फागुले जलधारीबाट निथ्रुक्कै भिजाउँदै, हात उठाउन परेमा अराष्ट्रवादीतत्वमा, कदम बढाउन परेमा राजदरबार तर्फ, हृदयमा विश्वासघात, दिमागमा व्यक्तिगत स्वार्थ, तालुमा आफ्नै तरक्की, ललाटमा औसरबाद, नजरमा हरियाली, कानमा निन्दा, नासिकामा नफ्रत, वाक्यमा छोटोपन, नाभीमा जाबाजी, कामनामा चाकडी; सपनामा जागृति, विपनामा अन्धकारको न्यास गर्दै एकमात्र शक्तिवान जसमा आस्था छैन, तै पनि अनिवार्य छन, जो मन परेका छैनन तैपनि साथ दिन नत्थी लागेको छ, जसको उचाल्ने थचार्ने बानि व्यक्तिगत स्वार्थले गर्दा प्रशंसा गर्न बाध्य भएको छ त्यस व्यक्तिको ध्यान गर्दै त्यही तत्वको आहवान गर्नुबाहेक अरु कुनै पनि उपाय म त देख्दिन हे ।"

यति बखान गरिसके पछि अलिबेर सत संगतीहरुको आफ्नो व्याख्या प्रति के प्रतिक्रीया, कस्तो प्रतिघात हुन्छ भन्ने ठम्याउन जमीनध्वज मुसुमुसु हाँस्दै आफ्नो विशालो मुण्टो हल्लाउँदै चुप रहे । तर आफ्नो प्रतिक्रियामा भन्दा माथिको प्रतिकारमा बढता चासो लिने औसरवादीहरू कहिले हंसराज सिं तर्फ, कहिले शालिग्राम तिर पल्याक पुलुक हेर्दै केही भन्न सकेनन । हंसराज सिं र शालिग्रामले भने कुनै विरोधदर्शाएनन । केहीबेर. कुरेर जमीनध्वज फेरी भन्दछन:-

". मेरो यो भनाइ होइन कि तपाईंहरुको आफ्नो आफ्नो राष्ट्रिय विभूति, नाईके, अगुवा, राष्ट्रपिता तथा शहीदको कुनै न कुनै प्रकारको कदर नहोस । जनकपुरी की सीतालाई नेपालको आफ्नो विभूति मध्ये एक स्वीकार गरको छ । त्यसै गरी इटालीको नागरिक नेपोलियन बोनापार्ट फ्रान्सको विभूति भै बनिहाले । हिन्दूधर्ममा पनि कुनै एक खास देवतालाई सब देवता-हरूमध्ये सबभन्दा ठूलो मानेको छैन । विष्णु:पुराणमा विष्णु:के गुणगान गरकोछन त शिवपुराणले शिवजीलाई नै सर्वश्रेष्ठ मान्दछ । देवी भागवतमा शक्ति के प्रधानता देखिन्छ । श्रीमद् भागवत सबै कला संपूर्ण श्रीकृष्णलाई नै मान्दछ । सबै देवताहरू आफ्नो आफ्नो ठाउँमा आफै ठूला देखिन्छन । ब्रह्मा (श्रृष्टि-शक्ति), विष्णु (पालन-शक्ति) र महेश्वर (संव्हार शक्ति) तीनैलाई ब्रह्मको (कृपा शक्ति) एकै शक्ति मनिएको छ । त्यसै गरी तपाईंका वर्गीय, जातीय, व्यवसायिक, संप्रदायिक, शहीद, जाती पिता, पुत्र, राजनैतिक अगुवा सबै राष्ट्रीय विभूति हुंदा सत - संगतमा आउनु हुंदा अगाडी आफ्नो आफ्नो मन परेको मानिसको लाकेट छातीमा फुण्डाएर आउनु भए भइ-हाल्दछ । कसैको (शिखण्डिनी तर्फ हेर्दै) आफ्नो विभूति, शहीद अगुवा छैन भने प्रेमी-प्रेमिकाको लाकेट

CC-0. In Public Domain. Digitization by eGangotri

लगाए पनि हुन्छ भन्दा सबैजना दंगदास परे । कसैले कसैको लाकेट लाउन पाइँदैन भन्ने संविधानमा परेको छैन । पंचम जर्ज नेपाल तराईमा शिकार खेल्न आउँदा पनि काठमाडौंका वासिन्दाले उनको साथ श्री ३ महाराज चन्द्र शमशेरको लाकेट कैयन वर्ष सम्म लाएको कुरा तपाई-हरूलाई थाहा नै होला । हुनत एक फटारोमा दुइटा आँप खसाल्ने कुरा पनि गर्न सम्दथे । तर तपाईहरू उसै त मलाई सामन्ति भन्नुहुन्छ फन यस्तो कुरा गरे भने त कुकुरको पुच्छर वार वर्ष सम्म ढुंग्रोमा हाले पनि बांगो नै रहन्छ भन्नु होला । लाकेट कोटमा फुण्डाउनु सट्टा टोपीमा लगाउने गरेमा सत संगतमा कोही पनि मलामी गएको जस्तो मुखुलो आउन पाइँदैन थियो।तर राणाजीको पालामा दर्जा अनुसार टोपीमा व्याज लाउने प्रथा भएकोले प्रजातन्त्रमा यसो गर्नू भनेर म भन्न सक्दिन । त्यसैले तपाईहरू मध्ये कोही अगुवा, नाइके, शहीद, विभूती, राष्ट्रनायक या राष्ट्रपिता भएको लकेट लगाउन मन नभएमा महेन्द्रमल्ली नै भएतापनि छातीमा टांस्नु भएमा आफ्नो व्यक्तिगत पृथकता देखिन्छ" भन्दै जमीनध्वज यता-उता हेर्दै मुसुमुसु हांस्न थाले ।

जमीनध्वजको यस्तो मर्मज्ञ भाषणले राष्ट्रवादी प्रजातन्त्रको सार निचोरेर मनोनीत सत-संगतिहरू र परामर्शग्राही मण्डलीका अगाडि राखिदंदा पनि उनीहरूमा खास असर पर्न सकेन ।

" यो कुरा कस्तो हो । तत्वलाई पुजा गरेको कुरा प्रजाहरूले कहांबाट बुझ्न सक्दछन । गेह्र रैतीत सनातन धर्ममा विश्वास गर्ने हुंदा कुनै मूर्ति या पटलाई बाहेक भाव वाचक वस्तुलाई पूजा गर्न मान्दैछैनन । हामीहरू क्रिस्तान होइनौ जो कि ईसुको क्रस गिर्जाघरमा राख्दछौं । न त हामी सिख मजहब जस्तै गुरुद्वारामा ग्रन्थसाहिब किताबमा फूलमाला चडाई संतोष हुन्छ । न त हामी मुसलमान नै हौ जो सूर्य अस्ताउने दिशा तर्फ फर्कंदै निराधारमा घुंडा टेक्दछन हाम्रा गेह्र रैतीलाई साकार चीज जो पूर्ववाट उदाउन लागेकोछ पश्चिममा अस्ताउन लागेको होइन, त्यस्तो मूर्तिको प्रतिमा देखाउनु परेकोछ दक्षिणागत सूर्य गतिमा हामी त मर्न सम्म पनि चाहदैनौ । जे जसो शुभ काम गर्नु छ सूर्यको उत्तरायण गतिमा नै राष्ट्रवाद स्थापना गर्दछौं । एक आदर्श पुरुष मात्र होइन कि राष्ट्रवाद के ज्वलन्त अनुयायीके आहवान सत-संगतमा गर्नुपरेको छ " भनी रविवीर घरानियाले बोले ।

यसै कुराको पुष्टि दिंदै नातिकाजी भन्दछन " जबहामीले हजुरलाई इन्द्रको सिंहासनमा राखेपछि यिनको छत्रछाया मुनि नै राष्ट्रवाद स्वर्गमा फैलाउने वचन दिइसकेके छौं र उहाँले पनि आफ्नो राज्याभिषेकको शपथ ग्रहणमा प्रजाको

CC-0. In Public Domain. Digitization by eGangotri

धन संपत्ति र ज्यानको सुरक्षा गर्ने अभिभारा स्विकार गरि सक्नु भएको छ भने उनैको पटको पुजा हुनु हामीलाई के को आपत्ति ? के को सरम ? हाम्रो संविधानले पनि उहांलाई सर्वाधिकार संपन्न तुल्याएको छ । उहां फगत अमरावतीको प्रतीक मात्र होइन कि बल्कि समस्त स्वर्गका सार्वभौम हुन । यसकारणले हामीहरू सबै भाई-भारदार, गुरु पुरोहित, गैर रैतीले उहां के मूर्तिको सत-संगतमा आहवान गर्ने पक्षमा छौं ।

व्यासासनलाई हामी भन्ने बारेमा गुटबन्दिको आभास आए जस्तो लागी नातिकाजी को प्रस्ताव स्वीकार गरे तापनि हामी भन्ने शब्दलाई हरिताल गाउने आदेश दिए ।

समर्थकका नाम लिएर साध्य नै छैन । हजुरको नाम सुन्ने बिक्कि- " हो. तनि उहाँ न भए हामीहरू को हौं ? उहां भएर त आफ्नो नाक ठाड़ो. गरेर हिंडन पाएका छौं । म त मान्नुपर्ने मानिसलाई मान्नैपर्दछ भन्दछु । ठीक भन्नु भयो " भनि वैतालमा नै चिरेविरे मैयां बोल्हिालिन ।

चतुरेले त्यसै समाजवादी संसदीय प्रजातान्त्रिक प्रणालीलाई ठुकराई राष्ट्रवादी प्रजातन्त्र अपनाएको होइन । आफ्नो मेहनतको फल अरूहरू संग बांड्न चाहदैन थिए । कुनै पनि प्रकारको प्रजातन्त्रमा विश्वास देखाउद थिएतआफ्नो दुहुनो सोझ्याउनलाई मात्र हो । प्रजातन्त्रबाट भन्दा राजतन्त्रबाट आफ्नो फाइदा हुने देखेमा त्यही नै राम्रो । राजनैतीक शक्ति हात लाग्ने हो भने व्यक्तिगत स्वतन्त्रता विरोधी सिद्धान्तवाद (फ्यासिस्ट) नै बन्ने चतुरेको दाउ थियो । यसैले उनीभन्दछन :-तपाईहरूको भनाइ मनासिब हो । तर बाहिर देखाउने कुरामा हाम्रा भारा अगुवालाई किन अगाडि पार्नु । यस्ता सानातिना कुरामा त हामीहरूलाई नै अगाडि सार्नमा राष्ट्रवाद र उहांको समेत भलाइ छ । हामी नै उहां को प्रतिनिधी भई सत-संगत सम्भाल्ने छौं । उहांलाई त हृदयमा स्थान दिनुपर्दछ । आवश्यक परेमा हनुमानले जस्तै उहां मन मन्दिरमा बस्नु भएको कुरा म नै स्वर्गमा सबभन्दा पहिले देखाउनेछु ।

थरथरे गेहलोद :- आच्चा ! मन मन्दिर त मैले स्थापना गरें भनिठानेको त तपाईले पनि भनिहाल्नु भयो । मेरा मन मन्दिरमा त देवकन्या ले वास गरेकी छिन । तपाइको हृदयमा कुन सामिन्ति कन्याले चोरीहोलिन ।

चिरेविरे मैयांलाई जुन कुरामा पनि बोल्नु पर्ने हुंदा " त्यसो भनेर कहां पाइन्छ । छाती चिरेर पनि मुत्रो देखाउन सक्दछ । न चाहिने कुरा गरेको त

CC-0. In Public Domain. Digitization by eGangotri

म दुइ आखाले पनि हेर्न सक्दिन। त्यसो भए हजुराक ो पट सत संगतमा फुण्डाए के भयो त ? जे भए पनि हामीले वहालाई हाम्रो नाइके मानि नै हालेकाछम। पूपुहजुरले जसो गरे पनि वा उहाको मान बढाउने मात्र काम गर्नु भनी मलाई बारंबार भन्नु हुन्छ भनी चिच्याइ हालिन।

अरूले बोल्न नपाउदै चतुरे भन्दछन :- आइमाईलाई के थाहा छ ? जे मुखमा आयो प्याच्च बोलिदियो। उहालाई मूर्तिको दांजोमा खसाल्ने त कमसे कम मेरो राय छैन। कहां उहाको तस्वीर भित्तामा टांगने ? वरू वहाने आउनु भएर व्यासको आसन लिनु भएमा उहालाई सहयोग दिन म त तैयार छदैछु। तर फेरि पनि दोहर्याएर भन्दछु कि हामीहरू मद्धे कसैलाई पत्यार गरेर यस्ता सानातिना काम लगाउनु मै राष्ट्रवाद र उहांको कल्याण छ।

महिलाको अपमान सिखण्डिनी कहां खप्न सक्दथिन। "वाहा! के भन्नु भयो ? म महिलालाई थाहा नभएको कुरा लोग्नेमानिसलाई मात्र थाहा हुन्छ होइन ? छोराछोरी पाउने वेलाको वेदना पनि लोग्नेमानिसलाई नै थाहा होला होइन ? कृपया त्यो छोटो शव्द वापस लिनुहोस। महिलालाई होच्याएर आइमाई भन्ने हं! माई कसलाई भन्दछ केही थाहा छ ? माई त जोगिनीलाई पो भन्दछन" भनेर सिखण्डिनी कुर्लिन हालिन।

सत संगतीहरूले केही न भने ता पनि चतुरे लाज मानेर मुण्टो निहुराएको पारखी जमीनध्वज र थरथरेको नजरवाट लुक्नसकेन। एक जनाले हुन्न हुन्न भनेको जस्तो गरी र अर्कोले हुन्छ हुन्छ भनेको जस्तो गरी आफ्नो आफ्नो मुण्टो हल्लाउन थाले।

यत्तिकैमा मुसे थुकथुकेले "काम कुरा भड्खोलामा परोस ठट्टा गर्न छाड्ने होइन। आज यहां कति कुरा ठेगान लगाउनछ यता उताका कुरा गरेर के फाइदा ?" भन्दा सबै जनाको ध्यान कार्यक्रमको अर्को दफा पट्टि गयो।

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ७

सत संगत विसर्जन गर्ने वारेको छलफलमा नारंगे डाफे :- भूतलमा जस्तै कुनै राष्ट्र गान बजाएर सभा विसर्जन गर्न कसो होला ?

स्वर्गको माटोमा कहांको राष्ट्रगानको के धुन हाल्ने विचार गर्दा त स्वर्गमा राष्ट्र नै थिएन। स्वर्गमा त विवाद रहितको निरंकुश शासक इन्द्र भएकाले उनलाई कुनै व्यक्तिगत गान-बजानले पुष्टि दिन परेको थिएन। उनलाइ नमान्ने कसको ताकत ? अब के गर्ने भनी सबै जना अलमल्ल परेको वेलामा सेनापति विसेन सिंह (पदेन संगती) " एउटा व्यक्तिगत राष्ट्रगानले मात्र कहां पुग्दछ। महामण्डलीको एउटा,मण्डलीहरूको अर्के, चिपसाबको बेग्लै र वेगला वेगलै जसाबिहरूको पनि छुट्टा छुट्टै सलामी हुनै पर्दछ। वरू न्यायमूर्तिलाई पनि एउटा गान रच्न पर्दछ।"

नराधम :- बा! पुलिसको इनिस्पेक्टर जनरलले के विरायो ? उसले छुट्टै सलामी किन नपाउनु ? आठ प्रहरनै सुरक्षाको काममा लागिरहनेको किन कदर नहुनु ?

थरथरे :- मलाई त सलामी चाहिएको छैन बा। तर सानातिना देवताहरूलाई बनच्छे बाद्धाको नभएता पनि पन्चेबाजाको गित त सुनाउन पर्ने हो जस्तो लाग्दछ।

अजातशत्रु :- स्वर्गका समस्त देवालयहरू हात पारे पछि पनि फेरी केको सलामी खोजेको होला। सबै देवता भनाउदाहरूले मलामोमा सलामी खाने वन्दोबस्त गर्नु मै हालेको छ नि। हामीहरू पो न कुनै सलामी न त दमडी। राष्ट्रवादको लागि स्वर्गमा रातोदिन मरिमेट्न मात्र पर्ने।

चतुरे :- मलाई त सलामी चाहिंदैन ।यो त सामन्तीको प्रथा हो। प्रजातन्त्रमा विधि पुराउन कुन सुकै भए पनि एक राष्ट्रगान बनाए भै हाल्यो नि।

कमलवीरे प्रजातन्त्रमा कसैले खाई पाई आएको कुरा कहांवाट हर्न पाइन्छ? जसासापहरूले आफ्नो आफ्नो सलामी खान पाउनै पर्दछ। नत्र के को प्रजातन्त्र ?

शिखण्डिनी :- सबैले आफ्नो आफ्नो सलामी पाए पछि साचिजीले किन बेग्लै सलामी नपाउनु ? व्यासजीले किन आफ्नै सलामी नपाउनु ? मैले पनि सलामी पाउन पर्दछ भन्ने मेरो भनाइ होइन तर उपवाचिकाले पनि आफ्नै सलामी कि नपाउनै?

जमीनधोज :- स्वर्गमा राष्ट्रगान संमको त प्रथा नभएको ठाममा व्यक्तिगत सल सलामी दिने कुरा कतावाट आयो ? मेरो रायमा त यहां स्वर्गीय गानको चलन रैनछत के भयो ? कसैको प्रशंसा या स्तुति पाठ गर्ने चलन त यहां छ कि। राष्ट्रवादको प्रतीकको प्रशस्तिहरू पाठ गरी सत संगत विसर्जन गर्नु कुनै अवैधानिक कुरा हुने छैन।

अक्कलवन्दलाई इसाराने काफी भने भै नातिकाजी :- तपाइले बिल्कुलै मनासिव कुरा गर्नु भयो। हजुरा के छत्रछाया मुनि राष्ट्रवादी प्रजातन्त्र फलाउन फुलाउन परेको छ त वहाके राष्ट्रबाद,देश भक्ति,सुयश,प्रताप प्रजाहरूलाई नसुनाए राष्ट्रवादको महिमा कसोगरी फैलाउने ? म जोड दिदै जमीनधोजको प्रस्तावको समर्थन गर्दछु कि वहाको

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशस्ति पाठ मात्र गर्ने होइन कि वहांको कीर्ति,आदर्शको स्तुति पनि गाउने पर्दछ। यसैमा समस्त स्वर्गको भलाइ छ र यसैमा राष्ट्रवादको कल्याण निहीत छ।

करतल ध्वनिको बीचमा हसाउन जमीनघोज :- त्यो हामीले छत्रछाया लिएको रूख वट्ट वृक्ष जस्तै फैलाउन हुँदैन नि। नत्र छायाको सट्टा वफल पर्न गै मुनि केही पनि उम्रन नसक्ला" भन्दै आफ्नो मुण्टो हल्लाउदछन।

चतुरे :- व्यासजो! यसमा मेरो आपत्ति छ। मैले बार बार भन्दै आएको छु कि उहांलाई जुन सुकै कुरा मा पनि मुछ्न हुँदैन। उहां त छुट्टै अलग बसेर हामीहरूलाई अगि सार्न पर्दछ। उहांको मान मर्यादा बढाउने अभिभारा हाम्रो हो। उहांको इज्जत हाम्रो पनि इज्जत हो। कथंकदाचित उहांको स्तुति गाउदा कुनै आततताइ उभिएन भने राष्ट्रवादके नाक कटिएन ? यस्ता कुरामा निर्णय गर्दा राम्रो सोच विचार पुराउन पर्दछ।

थरथरे :- हामी त उठ्दछम बा।

चतुरे :- तपाइहरूको कुरा कसले गर्यो। तपाइहरूलाई कसले मान्छे गनेको छ र।

राववीरलाई चतुरेको चतुराइ भरिएको कुरा विल्कुलै मन नपर्दा भन्दछन" यो कस्तो कुरा हो! उहांलाई कुनै पनि कुरामा शरीक हुन नदिने हो भने उहां हाम्रो अगुवा भए र हामीहरूलाई कसरी उठाउने ? सबै कुरामा उहांलाई अगाडि नसारेमा काम कसोरी चल्न जाला ? योगीजीको भनाइत कमसे कम मलाई त मनासिव लागेन।"

शालिग्राम :- मही माग्ने ढुंग्रो लुकाउने कहां गर्न पाइन्छ र। उहांलाई मान्न मन छैन भने साफ भन्नोस। लुकि चोरीको कुरा छैन। हामि मानि देखाओंला। तपाइहरूमा स्वर्गपति बन्ने कसमा योग्यता छ,हामी पनि सुनौं। राजतान्त्रिक वायुजलको स्वर्गको माटोमा कतै जनतन्त्र ल्याउन पाइएला ? सारा स्वर्गवासीहरूले घोर निन्दा गर्ने छन। बजोरशाहीको सट्टा समाजवाद आ।ही कसैलाई मन पर्ला त ? औसरवादीहरूको प्यारी हुनु भन्दा त चक्रवर्तीको दासी हुनुमा नै आइमाईहरू रमाउनेछन। बुझ्दै नबुझेर बोल्नु र सुन्नेर मोटाउनु मा के फरक छ त ? हुति भए अगाडि सर्नोस हामी पनि मजा चखाइदिने छम। शिखण्डी बनेर राष्ट्रपितामहलाई कहां सिद्धाउन पाइएला त हं। हजुरालाई मान्नेकुरा निधो लागि सकेपछि उहांलाई सबै कुरा नसुम्पी कहां घर पाइएला त? उहांले लगाएको काम मात्र अरूले गर्न पर्दछ। एक जनाको अधीनमा नरहि राजकाज कसरी चल्ला त ? म त एक कट्टर ब्राह्मण हुं। एको ब्रह्म द्वितीय नास्ती बाहेक अरू कुरा नै जान्दिन।

लम्बोदर शर्मा :- ओहो! क्या घत लाग्दो कुरा गर्नु भयो बा। रोममा पनि नेरो मात्र एक मर्द थिए।बाकी सबै नामर्द नै थिए। उले पुरानो थोत्रो रोम जलाउन नलगाएको भए आज आधुनिक रोमको पुनरूथान कहांवाट हुंदो हो त। अरनिको चीनमा नपुगेको भए आज चीन कहावाट महाचीन बन्न सक्दो हो।अंशुवर्माकी छोरीको विवाह स्रङ्जनग्याम्पो संग नहुंदो हो त बुद्ध धर्म भोट मार्फत विश्वमा नै कहांवाट प्रचार हुन सक्दथयो।

CC-0. In Public Domain. Digitization by eGangotri

शिरोमणि :- शर्माजीको ऐतिहासिक अर्थको अनर्थ म कदापि समर्थन गर्न सक्दिन। अरनिको एक देशद्रोही हो। आफ्नो राष्ट्र छाडी मुगलान पस्दै राष्ट्रको कला विदेशमा सुद्ध्क प्रसार गर्ने सरणार्थी हो। आफ्नो राष्ट्रको माया भए आफ्नै देशमा बसी काम गर्दो हो।

जमीनघोंज :- हैन। त्यस बेलामा राष्ट्र गठन भै सकेको थिएन क्यार।

नातिकाजी :- हो त नि। देशमा कुनै सुधार ल्याउनु छ त देशमा नै बसी काम गर्न पर्दछ। विदेशबाट बक बक गरेको कुरा हामी सुनेर पनि नसुनेको मान्ने छम। विदेशबाट चलाएको आन्दोलन देखेर पनि आंखा चिम्लनेछम। त्यसको कही पनि माने हुदैन।हुँति भए देशैबाट जे भन्नु छ,जे गर्नु छ गर्न पर्दछ।

मङ्गलमान :- भृकुटीलाई मैले त परम्परागत अंशुवर्माकि छोरी भनी मेरो इतिहासको पुस्तकमा लेखेको छु। आजकालका ठेस्नाहरू उनलाई अंशुवर्माकी छोरी हैन भन्न खोज्दा रै छन्न। यस्मा मलाई के को आपत्ति भनेर भन मेरो पुस्तकको द्वितीय संस्करणमा विचारै नगरी संशोधन गरिदिएको त प्रतिलिपि अधिकार बरखिलाफ मुद्दापो चलाउन खोज्दा रै छन्न के भनूं, कस्ता मुच्छुकहरू ! हामी जस्ता विश्व विख्यात इतिहासकारले उनीहरूको अनुमानित प्रमाणलाई बिनातर्क नै स्वीकार गरिदिए पछि तिनीहरूलाई अरू के चाहिये । हिन्दूका पीछे बुद्धि भनेको कुरा पनि ठीक नै हो । वास्तवमा अंशुवर्मा मलाई त कहिले पनि मन परेको हैन । द्वैत प्रभुसत्ता स्थापक अंशुवर्मा चिनिया पर्यटनको आंखाले जस्तो चुके देखेता पनि आसरवादको कट्टर बिरोधी थिए । सामन्तशाहीका प्रतीक वजीरशाहीका अग्रदूत नै हो । शाहनशाहीको पालामा भए हाम्रा प्रिय साथी थेप्चे काजी सरह नै कारागारको वास पाउने थिए । थेप्चे काजीलाईत हाम्रा मुण्टेले मद्दत गर्दा कारागारबाट मुक्त हुन सहूलियत पर्योतिर अंशुवर्मालाई कठै विचरा भन्ने सम्म पनि कुनै व्यक्ति शाहनशाही पालामा पाउँदैन होलान । कानून बमोजिम " फल नल " नै काटिने थियो। भृकुटी अंशुवर्माकी छोरी हून वा न हून त्यसको मतलब छैन । तर नेपाली छोरी थिइन, यहिनै मुख्य कुराहो ।

यी सब कुराको छलफल हुंदा कुरा बुझ्न नसकी चिरिविरे मैयां ढुसु ढुसु उगि रहे की थिइन । बिचमा हजुराको नाम सबैले लिएको सुनी तान्द्रामा नै " मैलेपनि त त्यही भने कि हुं । साँचै ! मेरो मुख अगाडी मलाई महादेवी भन्नेहरूत मेरो पिठिउं पछाडि त मेरो राजर्षि जिजू बुवालाई असुर पुलोमा पो भन्दा रहिछन।यिनीहरू कस्ता अकृतज्ञ भनी सांचीजी भन्नु हुन्थ्यो बाबै । याद गर्नुहोला । मैलेत मौकामा नै भनि दिएकोछु " भन्दै चिरेविरे मैयां नाकको फोहरा पुराउंदै यताउता हेर्दछिन । कुराको छेउन टुप्पा सम्झन न सक्दा सत संगतिहरू त्यसै वाल्ल परे । ....

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ८.

राष्ट्रवादी प्रजातान्त्रिक सत संगतको पहिलो बैठक बिसर्जन भए पछि सत संगतिहरू स्वर्ग कस्तो रहेछ भनी हेर्न गए । स्वर्ग त उराठलाग्दो नरमाइलो ठाउं थियो । यहां त कुनै प्रकारको हा हा हु हु मोजमजा केही पनि थिएन । कोही पनि कसैको चासो नै नगर्ने । आफूहरूको त अर्काको चेवा चर्चा गर्ने बानी नै बसिसकेको थियो । आपसमा भेटघाट हुंदा अरूहरूको कुरा नगरे अरूके कुरा गर्नु ? यिनीहरू संग कुनै कुरा सोध्यो भने छोटकरीमा सोंघेको कुराको पृष्ठ साफ साफ जवाब दिन्थे । कुनै कुरा पनि घुमाई, चपाई, लम्बाई गर्न भनेको जाने के छैन जस्तो भान पर्दथ्यो । सोंघेको कुरा जवाब दिंदा कसैसंग पनि नडराएर जानेको कुरा दिलैबाट भनेको जस्तो देखिन्थ्यो । आफ्नो देशमा त आफ्नो घरका भित्ताहरूको पनि कान भएको जस्तो लाग्ने । एउटै बिछ्यौनामा साथ सुत्ने स्वास्नीको पनि डर लाग्दछ । छोरा छोरीलाई पनि पत्यार गर्न मन नलाग्ने, राती मस्त निदाएको बेलामा बरबराइएला र स्वास्नीले मनको कुरा थाहा पाउली भन्ने लाज पनि लाग्दथ्यो । यहांका मानिस त चिन्दैनचिनेका मानिसको पनि विश्वास गर्दा रहेछन । के यिनीहरूलाई विश्वासघात भनेको कुरा नै थाहा छैन त भन्ने शंका पनि मनमा उपजन गयो । राजनैतिक कार्य बाहेक अरू के काम गरी स्वर्गमा दिन बिताउने होला भन्ने ओडाहा पनि छुटन थाल्यो । यहां त हेर्ने डुल्ने मन बहलाउने केही पनि कुरा नै थिएन ।

एक फेरा नर्क पनि हेरि नै हालों त भनी स्वर्गबाट नर्क तिर (उनो) ब्लें । नर्कमा त पृथ्वीमा झैं रौनक रहेछ । न्यायमूर्ति अन्धा भए पछि त जसलाई जे गर्न मन लाग्यो त्यही नै गरी रहेका । आदर्श प्रजातन्त्र साँचि नै नर्कमा पोत रहेछ । कौडाको फमफमी, चापको छमछमी, नगद नारायणको खनखनीले गर्दा त यहांको वातावरण नै आफूहरूलाई मन पर्ने । स्काटलेण्डको ह्यूस्की, रूसको भोटका, चीनको माउथाई, जापानको साकी, फ्रान्सको स्यामपेन, इटालीको चीनज्यानो, हंगेरीको टोके, भोटको च्यांग, जर्मनीको बियर, नेपालको जांड त आर्यावर्तका गंगा, यमुना, गोदावरी, सरस्वती, सिन्धु, कावेरी, नर्मदा, भागीरथी, पवित्र नदीहरू बगेका जस्तै अटुट प्रवाहमा बोतलहरूबाट बगी नै रहेका थिए । आफूलाई बिर्सन भांग, धतूरो, गांजा, घोट्टाको यहां आवश्यके थिएन । कहीले कसैको खातिर, कहीले कसैको स्वास्थ्यको लागी, कहीले वर्षौं अगाडि भोगेको सुखको यादमा, कहिले दु:ख बिर्सनलाई, कहीले कसैसंग जोडी खाज्न र

CC-0. In Public Domain. Digitization by eGangotri

कहीले भने कसैको सम्झना मेट्न पिउंदा पिउंदा भूईंमा खुट्टा टेक्न नै मुश्किल पर्दथ्यो । समाजको कुनै परोपकारी भद्र महानुभावको काखमा बस्दा त पातनीहरू पनि आदर्श सती नारीहरू जस्तै देखिन्थे । कतै भने मानिसलाई मानिसले, स्वास्नी मान्छे स्वास्नीमान्छेलाई अंगालो हालेर बसिरहेका थिए । स्वास्नी, काकी, भतिजी, दिदी, बहिनी, छोरी, बुहारीमा केही पनि भेद भाव गरेको देखिंदैन थियो । यी मेरी जहान भनी नचिनाए सम्म त को कसको पोई को कसको जोई भनी छुट्याउन प्राय: गाह्रो नै पर्दथ्यो । नर्कमा त औसरवादीहरूले चिने-जानेका मानिसहरू पनि कति थुप्रो जम्मा भएका । स्वर्गमा त यिनीहरूलाई चिन्ने मानिसहरू पनि धेरै नै कम थिए । यहां त फेरि आफ्नो देशमा फर्केर आएको जस्तो पनि लाग्यो । राष्ट्रवादी प्रजातन्त्रलाई जतनले छातीमा जन्तर लगाएर लुकाउन पाएमा स्वर्गनै फर्केर नजाने मनसुबा यिनीहरूलाई लाएको पनि थियो ।

तर स्वर्गको अमृत चाखेर अमर हुने लालच पनि मनबाट हटाउन सकेनन । नर्कबाट.स्वर्ग फर्केर आउंदा बाटोमा एक थरी मानिसहरू अक्षायबोट मुनि बसेर कुरा गर्न लागेका यी सत संगतीहरूले देखे । सबैको बीचमा लामा-लामा कानहरू, सुलुक्क परेको नाक, ठूला-ठूला आंखाहरू, टाउकोदेखी कम्मर सम्म अनमोलका मणिहरूका गहना लाएकी,हातमा भने भूगोलको गुच्चा खेलाई रहेकी, एक थसुल्ली रवाफिली बूढी बसेकी थिइन । उनको दाहिने पट्टि छ फीट मन्दा पनि अग्लो,छाती फुकेको, गाढा नीला रंगका आंखाका नानीहरू, घुंडासम्मको लामो कोट र कसिएको चुस्ता लाएको एकजना बसेको थियो । उनीको बांया पट्टि तालु खुइलेको, लोखर्केको पुच्छर जस्तो जुंगा, माहुरीले टोकेर सुनिएको जस्तै प्वाक्क परेको अनुहारमा गलेबन्दी घांटीमा टनक्क बेरेको वर्को मान्छे थियो । बांया कांधबाट जनै भुण्डिरहेको, टुपीको शिखा ठाडो भएको, काठका खराउलाएको, हातमा कुश लिएको, सेतो धोती फेरेको, आंगमा रौं नै रौं भएको, गहूं गोरो देख्दैमा बाहुन भनी भन्न सकिने मानिस पनि नजोके उभिरहेका थिए । बूढीको अगाडि एक जना मान्छे जसको गर्धन सम्म कपालको जुल्फी लर्कि रहेको, पातलो दाढीको खातापाता भएको, बाजको पंजा जस्तै नसाहरू देखिएको कर्याङ-कुरूङ परेका हात भएको, बाघको जस्तो चटक कम्बर छिनेको आंखा जुधाउन डर लाग्ने, टाउकोमा भने हीरा चांदी मोतीको टोसमा पन्नाहरूका लुर्कन भुण्डिएको, हुमायु चराको प्वांखको कल्कीको श्रीपेच लगाएर बसीरहेका थिए । कतै न कतै कहां हो कहां देखेको जस्तो चिने-चिनेको जस्तो पनि लाग्दथे ।

CC-0. In Public Domain. Digitization by eGangotri

जमीनध्वजले "" सुतको आसन भेट्टाउने हो भने यिनीहरूको हुन त हामीहरूलाई बताइदिन पर्यो, भनी इतिहास लेखकहरूलाई सम्बोधन गरे । अलिवेर घोरिएर कनीकुथिक्न लेखकहरूले सबैजना पत्ता लगाइहाले । थसुल्ली बूढी भारतकी सम्राज्ञी वेलायतकी महारानी विक्टोरिया रहीछन । उनीको दाहिने पट्टिको मानिस अमेरिकाका जर्ज वाशिंगटन थिए । तालु खुइले मुकुल्ले बुढा त प्रुशाका शाहज्यादा अटोवन बिस्मार्क हुन । करड. नै करड. देखिएका बाहुन बाजे त हिन्दुस्थानको कुटनितिज्ञ चाणक्य ठहरिए । पछिल्लो मान्छे पत्ता लगाउन त कसैलाई पनि गाह्रो पर्दैन थियो । एकै मुखले सबैले एकै सासमा "त्योत नेपालको जंग बहादुर हो " भनि नै हाले ।

जमीनध्वजले मुसुमुसु हांस्दै भने, " हैन यी सबै आफ्ना आफ्ना देशका विभूति भई खाइ आएकाहरू पनि जंग बहादर संग के साठो गाठो गर्न लागेका होलान । ""

शिरोमणि :- मैले त यिनीहरू खूब लायकका देशभक्त भनी पढेको थिएं । तर यीनीहरूको पनि रत्तीभर बुद्धि रहेनछ । यत्रा-यत्रा ठूला मानिस भएर पनि त्यो चुथ्थो जंगेको संगत गर्न हुन्छ । जंगेलाई त आफ्नै देशका प्रगतिशीलहरूले चीरंजोवीहरू मध्ये नै मानेका छैनन । त्योत प्रतिक्रियावादको अगुवा हो । कसो त शर्माजी हैन त ?

शर्माजी :- खैबा ! के भनु ? मैले त मेरो त्रिभुवनको इतिहासमा त्यसलाई कमारा भनी दिएको छु । अब अरू बढ़ता के भनू ? कमाराको पनि कत्ति बुद्धि हुन्छ ?

थुकथुके :- म त मनमा एउटा कुरा मुखमा अर्को कुरा गर्न जान्दिन । जंग बहादुरलाई कसले सानो मान्छे भन्न सक्दछ ? उनले बहुलाएको मत्ता हात्ती बिजुली प्रसादलाई रूखबाट गर्धनमा हामफालेर बस गरे भन्दछन । त्यत्रो धरहराबाट हाम फाल्दा पनि जसलाई केही भएन त्यसलाई चानचुने मान्छे भन्न पाइन्छ ? हामीले सुनेको त बेलायतको सप्तम एडवर्ड पनि उनैका छोरा हुन रे । तपाईंहरू त " अक्कल ठूलो कि भैंसी ठूलो " भन्दा भैंसी ठूलो महाराज भनी हात मोल्नेहरू जस्ता हुनुहुन्छ । ""

चिरेचिरे मैयां :- प्रजातन्त्र भन्देमा ठूलो मान्छेलाई कहां होच्याउन पाईन्छ र ? म त जंग बहादुरलाई ठूलै मान्छे भन्दछु । जंग बहादुर महाराजकी जयः । जंग बहादुरकी दुवाई ।

CC-0. In Public Domain. Digitization by eGangotri

थप्दै काजी :- त्यो जंगे पाजी नै हो । आफ्नो मालिकलाई त छोडेन भने अरूको के कुरा । आफ्नो मालिकको छोरालाई ज्वाई नारायण पो भन्दो । खै ? मेरो यत्रो ठूलोसंग नाता भएर पनि मैले कहिले ससुरा, जेठानहरूको धाक लाएको छु ?

शिखण्डिनी :- जंग बहादुर एक किसीमले मेरो नातादार भएर मात्र भनेको होइन कि साँच्चै नै भन्दछु कि उनी एक महान पुरूष हुन भनेर सबैले मान्नै पर्दछ । तर खै ? उनले पनि महिलाहरूको लागि के गरे ? सती प्रथा हटाएर पनि आफू मर्ने बेलामा त आफ्नो बडा महारानीलाई आफ्नो सती जानकर लगाउँदै बलेको आगोमा जीउँदै होमि नै हाले । यी लोग्ने मानिसहरू कस्ता मतलबीहुन्छन म त दंग नै पर्दछु । उनीहरूले भने जति पनि स्वास्नी राख्न पाउने रे हामीले भने कसै संग आँखा जसम्म लडायो भने पनि मनहरा पुराउने बा ।

शर्माजी :- साँची नै भन्ने हो भने यी ठूला बडा भनाउँदा सबै जना सामन्ती चोर हुन । कुनचाहिं असल छ मलाई बताउनोस्त । यिनीहरूबाट हामीलाई के लिनु छ ? नजाने गाउँको बाटो नै न सोध्नु । कतै यिनीहरूलाई बाटोमा देखेमा मुण्टो फर्काए मै हाल्यो नि ।

घमण्डी :- अब संकुचित विचार गर्ने जमाना छैन । जंग बहादुरलाई नीचा देखाउने जमाना गइसक्यो । मानिसमा गुण, अबगुण सबैमा हुन्छ । नेपालमा अमानुषिक सजायहरू उसले हटायो । अराजकतावाट स्थिरता कसले ल्यायो ? हामी इतिहास लेखकहरूले दूधको दूध पानीको पानी छान्न डराउनु हुँदैन ।

जमीनध्वज आफैं एक्लै गुनगुनाउँदछन "" सूर्य नअस्ताउने साम्राज्य कसको पालामा खडा भयो होला , संयुक्तराष्ट्र अमेरिका कसले बनायो होला कुन्नी । सानातीना राज्यहरू एकत्रित गरी जर्मन राष्ट्र कसले खडा गर्यो । मौर्य साम्राज्यको स्थापना कसले गरेको होला । वर्तमान नेपाल कसको पालामा कायम भएको हो क्यार । ""

शर्माजी :- तपाई जतिसुकै भुतभुताउनोस म त सामन्ती प्रतिक्रियावादी , साम्राज्यवादी, स्वार्थीलाई कदापि ठूलो मानिस भनी भन्न सक्तिन । मौका पाए यिनीहरूले हामीलाई छाडदैनन । हामी राष्ट्रवादी प्रजातन्त्रीक सत संगतीहरूले यी कुसंगतीहरू को संगत गर्न हुदैन हुँदैन । बनारसमा छँदा सुनको थिए "" काजलकी कोठरीमा कैसो हुं सयानो जाए एक कील काजलकी लगनी है पै लागी है । ""

CC-0. In Public Domain. Digitization by eGangotri

अनि स्वर्गमा अमृत कहाँछ भनी घुइ-घुइती खोज्न थाले । तै पनि अमृतत कतै पनि फेला परेन । यता-उता बुझ्दा त हजुराले अमृतको घडा नै भोगवतीमा लुकाई सकेका छन भन्ने घुईंरो घुईंरो कुरा सुने । यी औसरवादीहरूको अभिप्राय उनले राम्री बुझेको हुँदा समुद्र मथन गर्दा श्रीविष्णुले असुरहरूलाई अमृत पान गर्न नदिई सृष्टिको स्थितिलाई बचाउनु भएको जस्तै हजुराले पनि यी औसरवादीहरूलाई अमृत हात पार्न नदिनलाई नै नागहरूको सुरक्षामा पातालमा अमृतको घडा नै पुर्याएका हुन्न । अलिकता पोखिएको अमृतमा चुच्चो डुबाउन पाउंदा काग कति चतुरो भएको छ । त्यसले चुच्चो पुछेको हुँदा मामुली घांस दुबो पनि सधैं भरि हरियो भई गणपतिको शीरमा सधैं भर बस्न पाएको छ । त्यस दुबो उज्जाड गर्न त्यसको जरा देखि नै नउखाडी घर पाइदैन भने औसरवादीहरूले अमृत खान पाएमा राष्ट्रवादी प्रजातन्त्रको अनुयायी मात्र भएर चित्त बुझाउने छैनन । हुन पनि अमृत खान नपाउँदैमा औसरवादीहरूलाई उति साह्रो मर्का पर्ने पनि त होइन । स्वर्गको कल्याणको लागि अमृत सुपात्रकै हात पर्नु पनि मनासिबै थियो । चाहिंदो नचाहिंदो कुराको नाटी-कुटी गरेर स्वर्गको भोग छोट्याउन कसलाई मन लाग्ला त ! स्वर्गमा अमृमत बाहेक नाना थरीका गरू अमर काम पनि त छँदै थिए । सीधै घूस नलिएर रैतीहरूलाई आफ्नो कब्जामा राख्न सकेमा पुरस्कार नै प्रशस्त हुन्छ । पारिश्रमिक , उपदानबाट एकाध वर्षमा दुई तिन लाख पर्ने घरबार जोड्न कसैले रोक्न सक्दैन थियो । किन्नर, गन्धर्व जस्तै पालो - पालो गरी पुष्पक विमानमा यात्रा गर्न कसले छेक्दछ । विदेशबाट विकासका सामानहरू खेपेर पीडित रैतीहरूको जीवनस्तर बढाइ दिने सुऔसर पनि मिल्ने नै भयो । साथमा रहेका विदेशी मुद्रा औसरवादी व्यापारिहरूलाई डेढी भाउमा बेचेर बन्द व्यापार बढाउनेमा सहयोग गर्न पाइ नै हालेको थियो भने अब अमृत हात लगाउने दाउ औसरवादीहरूले छाडि दिए । ......

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ६.

सत मिलनको नाम राष्ट्रवादी प्रजातान्त्रिक सत संगत राख्ने, सत संगतको आह्वान र विसर्जन गर्नेबारे, सत संगतको भण्डा, स्वर्गीय स्तुति गाना र स्वर्गीय परराष्ट्र तथा गृह-नीतिहरु ठेकान भए पछि एक दिन सतसंगत सकिए पछि हंसराज महर्जनले नाति काजी डिल्लीवाला, जाम्बुवान मगर, एलेचा, मंडारे, शिवप्रसाद सन्यासी र अष्टवक्र भूगोलीलाई इन्द्रमहलमा बोलाउन पठाए। रामायणको पारायण शुरू गर्नु भन्दा अगाडि यिनीहरू परामर्शग्राही मण्डलको मण्डलीहरूमा छानिएका कुरा सुनाए। बामनदेव पोखरालीलाई व्यासको आसनमा मनोनीत भएको समाचार पनि सुनाइ दिए। साथै नौरंगे डांफे बनारसीलाई परामर्शग्राही मण्डलको चेवा-चर्चा गर्न र छोट लगाउन असी मध्येका नाइकेमा नियुक्त भएको कुरा पनि सुनाइ दिए। वामनदेव र नौरंगे डांफेले स्वर्गको मर्यादाक्रममा उनीहरूका कहाँ-कहाँ स्थान हुनेहो, तोपको सलामी को सरह पाइने र आफ्नो वाहनको टाउकामा स्वर्गीय पताका फरफराउन पाउने कि नपाउने इत्यादि कुराहरूको स्पष्टीकरण मागन थाले। हंसराजजीले मुसुक्क हांस्दै " दर्जा अनुसार सम्मान अवश्य नै पाउनु हुनेछ। किन हड्बडाउनु हुन्छ। माग्नेलाई कहांवाट तातो भात पाउनु ? स्वर्गमा छान विचार विवेक नभए अन्त कहां होला ? हामी माथि यति पनि भरोसा छैन भने स्वर्गमा छौ, के काम गर्नु होला ? जानोस, अब मलाई मण्डलीहरूलाई शिक्षा, दीक्षा दिनुछ" भन्ने हुकुमती अनुरोध गरे। एक अक्षर सम्म पनि नबोली जर्याक जुरुक्क उठेर बामनदेव र नौरंगे डांफे लुते कान लगाउंदै कोठावाट लपक्क लम्केर गइनेहाले।

उनीहरू गए पछि हंसराजले भने " हेर्नोस न, कस्तो न चाहिंदो कुरा गरेका। दाताको दायित्वमा नै शंका गर्न थाले पछि स्वर्गमा दातव्य कहांवाट रहन जाला ? काट्टो खाने बाहुनलाई त लखौं रूपैयां उडाइन्छ भने राष्ट्रवादको लागी आत्मा समर्पण गर्नेहरूको मनासिब माफिकको कदर न होला त ? लौ तपाईंहरू आफै नै भन्नोस।" उनको भाषणाले मण्डलीहरूको मुटुमा च्वास्स घोचि नै हाल्यो। इन्द्रको वज्रले तालुदेखि पैताला सम्म छेडे जस्तै गरी भुईंचालोले कंपाए सरह मण्डलीहरूको शरीर कम्पित भयो। आफ्नो मनको कुरा आफ्नै आंखाले पो त देखायो कि भने जस्तै गरी सबै मण्डलीहरूले रवार-रवारति भूईमा मात्र हेररहे, केही पनि बोल्न सकेनन।

CC-0. In Public Domain. Digitization by eGangotri

हंसराज :- परामर्शग्राही मण्डल स्वर्गको राज्य चलाउने कार्यकारिणी हो । राष्ट्रवादको खातिर जहां जे गर्नु पर्दछ, जसलाई जे अह्राउनु पराउनु पर्दछ सो गर्न मण्डललाई पूरापूर स्वतन्त्रता छ । तर कुनै दिशामा कदम चाल्नु भन्दा अगाडि अथवा कसैलाई केही अह्राउनु भन्दा पहिले एक पटक परामर्श-लिई गर्ने गरेमा तपाईहरूलाई नै काम गर्न सुविधा हुनेछ । सत-संगतमा राष्ट्रवाद बारेमा जे मन लाग्दछ भने हुन्छ । अरूहरूलाई राष्ट्रवादमा मुछन जे गर्नु पर्दछ गरे हुन्छ । राष्ट्रवादको लिंडे ढिपी कुनै हालतमा पनि नछोड्नु होला । वास्तवमा तपाईहरू सत-संगत प्रति जवाबदेही हुनुहुदैन । तै पनि आफूहरूले नबुझेको कुरामा सत संगतमा बकबक गर्नु भन्दा अगाडि परामर्श लिएमा तपाईहरूकै भलाइ हुनेछ । आज बोलेको कुरामा र हिजो भनेको कुरामा मेल नखाएमा लाज मान्नु पर्दैन । हिजोको कुरा घैंजसो मानिसले बिर्सिसकेको हुन्छ । कथं कदाचित् कसैले सम्फी राखेको भए पनि त्यसको साथ प्रमाण कहाँ रहन्छ ? प्रचार तथा प्रसार विभागमा हिजोको भूललाई सच्चाई आजको आवश्यकतालाई पुष्टि दिने परम्परा चलाई सकेकाछन । भूत-कालको लागी आंसु बगाएर केही पनि फायदा हुंदैन। भूत देखेर त डराउन मात्र पर्दछ । भविष्य उज्यालो भएन भने वर्तमानको महत्व रहँदैन । वर्तमान त भविष्य उज्यालो पार्ने साधन मात्र हो ! त्यसकारण वर्तमानमा के गर्नु पर्दछ परामर्श नलिई सही राहमा चल्न सकिंदैन । परामर्शबिना मरीचिकाबाट तिर्खा मेट्न खोज्नु जस्तो मात्र हुनेछ ।

बिचरा मण्डलीहरूलाई हंसराजको तर्कले मणि बिनाको नाग जस्तो तुल्यायो । फुंकार्न खोज्दा पनि तत्वहीन हुनुपर्ने । राष्ट्रवादमा व्यक्तित्व विलीन गर्दा पनि तथ्य कुरा बोल्न डर लाग्ने । राष्ट्रवाद प्रजातन्त्रलाई नसमाते पेट कसरी पाल्ने ? पेट खोक्रो भएमा जीवन कसरी धान्ने ? हिजोका साथीहरूलाई मन लागे नलागे पनि आज बैरी नै भनी देखाउनु पर्ने । हृदयले बेठीक भनेको कुरालाई ठाउं-ठाउंमा गई यताउता फर्कंदै प्रचार गर्न पर्ने । तै पनि स्वर्गवासीहरूले पत्यार गर्दैनन । गुलाम मनोवृत्तीवालाहरू बाहेक अरू सबैले बाटोमा हिंड्दा पनि नचिनेको जस्तो गरी वास्ता नै नगर्ने । तै पनि स्वर्गको तर्फबाट आफूलाई तहांको प्रतिनिधि ठान्दै बकबक गरि नै रहन पर्ने । मतलब न परीकन औसरी औसरवादीहरूले बाहेक अरू कसैले पनि मान्छे नै ठान्दैनन।मेला, भोजमा भेला हुंदा पनि मण्डलीहरू गुटबन्दी गर्न नचाहंदा चाहदै पनि छुट्टै एक गुटमा अलगने वस्तु पर्ने।यस्ता ठाउंहरूमा मण्डलीहरू हांसको सभामा बकुला जस्ता देखिन्छन । परामर्शग्राही मण्डलमा आफूहरूले निर्णय गरेको भनी ठानेको प्रस्तावहरू भोली पल्ट आफ्ना विभागीय सेक्रेटरीहरूले आफूहरूलाई नै त्यसको मतलब सिकाई दिन पर्ने । आफैहरूले पास गरेका

CC-0. In Public Domain. Digitization by eGangotri

दरवारिया प्रस्तावहरू विभागको फाइलमा घुस्न जांदा सम्ममा त कते घिसिएर खिस्का, कते भनें फुलेर मानवको रगतले पोटिलो भएको जुगा जस्ते ठूल-ठूला अदार भइराखेका हुन्थे । विभागीय सचिवले देखाउंदा त आफ्नै दिमागले आफ्नै आंखालाई पत्याउन गाह्रो पर्ने ।

नातिकाजी :- आदरणीय खेलाडीजी ! तपाईंले भनेको कुरा हामीले कहिले होइन भनेका छम ? हामी पंचवाट मात्र राज्यको भार सचाल्न गाह्रो पर्दछ । त्यसकारण हामीहरूलाई सहयोग दिन भाई मण्डलीहरू पनि चाहिन्छन । साथै कार्यकारिणीलाई विभिन्न विभागहरुमा पनि बांड्न पर्दछ । यो काम हामीहरूले मण्डलवाट नै गर्ने कि सत-संगतको पनि राय सल्लाह खोज्ने ?

हंसराज :- यी सब कुराहरूको तपाईंहरूलाई चासो छैन । भाइ मण्डलीहरू छान्ने काम तपाईंहरूको होइन । एक पटक रवीवीरलाई मण्डलीहरूको नाम सिफारिस गर्न अह्राउंदा त गुटबन्दीको नकल गर्दै पारिवारिक शासन पो चलाउन खोजे । त्यस कारण माथिबाटै भाई मण्डलीहरू भर्ती गरिनेछ । कार्यकारिणीको विभाजन पनि माथिबाटनै गर्नु नित्यान्त आवश्यक छ । स्वर्गको जलवायु सुल्ने गरी मन्त्रालयहरू कायम गर्न पर्दछ । जस्तो कि राष्ट्रहरू नै नभएको स्वर्गमा परराष्ट्र मन्त्रालयको के काम ? त्यसै गरी रक्षा मन्त्रालयले राष्ट्रवादी तत्वलाई मात्र रक्षा गरेर पुग्दैन । अराष्ट्रवादी तत्वको विध्वंस गर्नु नितान्त आवश्यक हुंदा रक्षा मन्त्रालयको सट्टा ध्वंसात्मक मन्त्रालय बनाउनु परेको छ । गृह मन्त्रालयको स्वर्गमा के काम ? घरेलु मामला मन्त्रालयले नै काम चल्द छ। स्वर्गमा शिक्षा मन्त्रालयको के आवस्यक ? स्वर्ग सम्म पुगे पछि पनि के सिक्न वाकि रहन्छ ? बरू स्वर्गवासीहरूले जथाभावी विचार गर्न नसकून भनी बुद्धि सुधार मन्त्रालय कायम गर्नु छ। स्वर्गका बासिन्दा र मृत्युलोकवाट स्वर्गवास लिएका रैतीहरूको चरित्र रेखदेख गर्न आयुक्त शालिग्राम आचार्यले चित्रगुप्त आयोग संगठन गरी सकेकोछ। यस विषयलाई मन्त्रालय खडा गर्नाको आवश्यक छैन। गृह मन्त्रालयवाट पुलिस विभाग विघटन गरी साम्राज्यवादको अध्यक्षतामा चुकलीखोरी अखडा बनाउने बारेमा छलफल हुंदैछ।जेहोस,कुरा टुइंगो लागे पछि म तपाईंहरूलाई सूचित गर्ने छु। तर याद राख्नुहोला यी सव काम जे जस्तो हुन्छ सबै तपाईंहरूकै मतोले भएको हो भनी सतसंगतमा यसको गौरव तपाईंहरूले नै पाउनुहुनेछ।अब जानोस।

हंसराज संग बिदावारी भएर नातिकाजीले प्रथमवार परामर्शग्राही मण्डलको बैठक शुरू गरे। "मण्डली गण! काम सुचारू रूपले चलाउन हामीहरूलाई के के कुरामा परामर्श लिन पर्दछ सुझाव राख्न भएमा म सके सम्म चाडो परामर्श ल्याउने कोशिश गर्ने छु" भनी महामण्डलीले भने।

बास्तवमा राष्ट्रवादी प्रजातन्त्र रचयिता यिनीहरू होइनन। यिनीहरू त

CC-0. In Public Domain. Digitization by eGangotri

हहलहेमा उल्का मात्र हुन। राष्ट्रवादी प्रजातन्त्रको मर्मज्ञहरूको सहारा विना आफूहरूले नै राष्ट्रवादको टिका लेख्ने प्रयास गर्नु त अर्थनबर्थ गोविन्द गाई हुन जाने संभव पनि थियो। तसर्थ मण्डलीहरूलाई दीक्षा दिन त्रिमूर्ति चतुरयोगी मैथली, अजातशत्रु थपैया र रबिवीर धरानियालाई एक गुप्त मन्दिरमा आहवान गर्ने परामर्श माग्ने निधो गरे।

परामर्शग्राही मण्डल गठन भएको कुरा सुईंको पाउने बित्तिकै थरी थरीका मानिसहरू नातिकाजीको निबास स्थानमा आफ्नो आफ्नो गुनासो लिएर पुगि नै हाले। थुरथुरे गेहलोद ओसरी ओसरवादीहरूको प्रतिनिधि बन्दै " तपाईं महामण्डलीमा नियुक्त हुनु भएको कताहो कता सुनेर शुभकामना चढाउन आएको हुं। यस्ता विग्न सुयोग्य व्यक्तिहरूमा तपाईं नै छानिनु भएकोमा हाम्रो पनि नाक ठाडो भएको छ। यहांको जिजू बुबा र मेरो पिताजीको कस्तो घनिष्ट नाता थियो। म कहिले पनि बिर्सन सक्तिन। मेरो पिताजीले पनि यहांको जिज्यू बुबालाई कुनै कुरामा गुन लगाउनुभएको कुरा तपाईंलाई थाहा छ कि छैन ?"

नातिकाजी :- शुभ-कामनाको लागि धन्यवाद छ। हुन सके सम्म हजुरहरूको सेवा अवश्य नै गर्ने छु। धन्दा मान्नु पर्दैन। म हजुरहरू के मानिस हुं।

थुरथुरे :- अरू कुरा केही होइन, एउटा सानु कुरामा यहांलाई दुःख दिनु परेको छ। तपाईंहरूको कृपावाट हामी ओसरीहरूले देवालयहरू त भेट्टाएम, तर देवताहरू बनेर स्वर्गमा छाती फुलाएर हिंड्न भने पाएनौ।

नातिकाजी :- अब के चाहियो त ?

थुरथुरे :- खै, के भनु ? हिजो भात खाएर एकै छिन ओछ्यानमा पल्टेको त आंखा लाग्ला-लाग्ला जस्तो मात्र भएको थियो तलवाट कसले हो कसले " ए! फुवाज्यू , फुपाज्यू " भनेको सुने। झल्यास्स भएर झ्याल खोली हेर्दछु त मेरो बरको च्यामेको छोराले आफ्नो फुपाज्यूलाई बोलाइरहेको रैछ। म त लाजले भुतुक्क नै भै हाले।

नातिकाजी मुसुमुसु हास्दै :- हडबडाउनु पर्ने कुनै काम नै छैन। सव वन्दोवस्त अवश्य नै हुने छ। ढिलो होस छोरा नै होस भन्ने कुरा बिर्सन हुदैन।

थुरथुरे :- के गर्नु! आफ्नो त बल्लतल्ल पाएको छोरा पनि कूपुत नै निस्कयो।

नातिकाजी :- अहिले हजुरले उठाउनु भएको प्रश्न अरूहरूले पनि उठाइसकेका छन। अबसर भेट्टिएला भनी भूतलबाट स्वर्गलोक सम्म आएर राष्ट्रवादको खातिर अमरावतीमा झाडबडार गर्दा पनि कुसले नै मात्र भनिने भए घर छाडी आएको के फाइदा भयो त भनी सडक सफाइकारहरू पनि भन्दछन। त्यस कारण कुनै कुनै खास नातादारलाई, थरी थरीका व्यवसायका कुनै खास मानिसहरूलाई राणाशा.... राणाजीको पालामा नेपालमा राई लिम्बुलाई सुब्बा भने जस्तै देवी ससुरा, देवी कसाई इत्यादि भन्ने प्रबन्ध हुदैछ। तर यो कुरा अरूहरूलाई मर्जी नहोला।

थुरथुरे :- लौ भइहाल्यो। गोवर र बिष्टाको एकै भाउ हुने भएछ। बरू मलाई त मेरै ठाउको सर्वोच्च थुरथुरे बनाइ दिनुभए पनि हुने थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

नातिकाजी :- मैले गरेर हुने सम्म त म अवश्य नै गर्नेछु। तर एक पटक भगदत्त, पाजुकाजीहरू द्वारा पनि कुरा ओठ्याउनु मनासिव पर्दछ।

यत्तिकैमा शिखण्डिनी स्वां फवां स्वां फवां गर्दै "श्रीमानजी कहां हुनुहुन्छ" भन्दै बिना इजाजत कोठा भित्र प्रवेश गरिनै हालिन। "आच्या! महिलाहरू पनि सोद्दै नसोधेर अर्काको कोठा भित्र पस्दछन भन्ने त मलाई थाहा थिएन बा." भन्दै जुरुक्क उठेर जुगल हात पुरपुरो सम्म उचालेर" अब म विदा भए" भनेर थुरथुरे कोठावाट निस्के।

नातिकाजी :- सूचना नै नदिएर कतावाट अकस्मात दर्शन दिनु भयो ?

शिखण्डिनी :- तपाईंको घरमा आउन पनि मलाई केको निम्तो चाहिन्छ ? महामण्डली भएकोमा बधाइ छ। हाम्रो कल्किता काम गरिदिनु पर्यो। हाम्रा तल्ला कक्षाका महिलाहरूले भने काम गरेर कमाइ गर्नु पर्ने,उनीहरूका श्रीमान भनाउदाहरू भने कुनै पनि काम नगरी स्वास्नीको कम इमा मोज गर्ने,यो कस्तो निसाप हो। बिर्ता हरण भएता पनि पेवा त अपहरण गर्न पाइदैन।

नातिकाजी :- पेवा लोप गराउने कुरा कहांवाट आयो ? समझदारहरूले स्वर्गमा आर्जन गरेका संपत्ति स्वास्नीको पेवा बनाउने कुरा तपाईलाई थाहा छैनर ?

शिखण्डिनी :- कहांवाट थाहा पाउनु। आफ्नो श्रीमानको त अक्कल नै छैन। त्यसैले त मलाई रात दिन दौडधूप गर्नु परेको। अर्को कुरा मलाई अहोरात्र नारीहरूको पुनरुत्थानको वारेमा काम गरि नै रहनु पर्ने हुंदा एक दुइ घण्टा त मस्त सुत्न पाउनु पर्छ। एउटै कोठामा एउटै पलङ्गमा आफ्नो श्रीमान साथ सुंदा मेरो निद्रा कचमचिन्छ। कति फेरा अर्को कोठामा गई सुत्ने कोशिश गरें। त्यो नकटो पति भनाउदो त्यही नै आई सुत्दछ। म त वाक्क पनि भइसकें। प्रजातन्त्रमा लोग्ने र स्वस्नीको सम हक हुंदा जोई र पाइको सुत्ने कोठा छुट्टा छुट्टै हुने पर्दछ भन्ने ऐन बनाउन सक्नु हुन्न ? यति त मेरो निम्ति गरिदिने पर्यो बा।

नातिकाजी :- कस्तो कुरा गर्नु हुन्छ ? यस्ता ऐनपनि कहांवाट बनाउने ?

शिखण्डिनी :- म त ज्यान गए पनि मान्दिन। केही न केही उपाए गर्ने पर्दछ। नत्र भने यहां अहिले नै दुराग्रह शुरू गर्नेछु र महिलाहरूको जुलुसले तपाईंको घर घेरने छ। अनि के गर्नु हुन्छ ? नत्थी लागेर केही न केही त गर्न पर्ला कि ?

नातिकाजी :- जुलुसको नामले हडवडाउदै "मैले भनेको मान्नु हुन्छ भने सालीनानी, फुपूहजुरलाई पनि उचाल्न पर्यो। एक पटक हंसराजजीलाई पनि घरमा भोजनलाई बोलाए कसो होला त ?

शिखण्डिनी :- मलाई त खेलाडीजी देखेर डरलाग्दछ। कुनै भोज भतियारमा कसै संग सहोबास वढाएको कहिले देख्नु भएको छ?

नातिकाजी :- अरे! तपाईले वहांलाई के चिन्नु भएको छ।ऐरावतको देखाउने दांत एक छ त चपाउने अर्को दांत हुन्छ। वहां एक भद्र पुरूष हुनु हुन्छ। कसैले नैवेद्य चढाएको

CC-0. In Public Domain. Digitization by eGangotri

कहिले पनि इनकार गर्नु हुदैन। झन त्यस माथि पनि चंचल चपलाको रात्री भोज कसरी नाईं भन्नु होला त ?

शिखण्डिनी आगोको फिलङ्गो जस्तै रातो हुँदै "श्रीमानजी म को हुँ केही थाहा छ ? राष्ट्रवादको लागि तत्व, सार्वभौमसत्ताको लागि राजा जस्तै समस्त स्वर्गका अप्सराहरूको प्रतीक म हुँ बुझ्नु भयो ? भद्र नारीलाई चपला भनेर आज तपाईंले समस्त महिला वर्गको अपमान गर्नु भयो। यस्तो ठाउमा म एकछिन पनि बस्न सक्तिन भन्दै झ्याकी फिजाउदै कुरकुच्चे जुत्ता बजार्दै अभिमानको थ्याग काखीमा च्याप्दै हुरी चले झैं नाति काजीको कोठाबाट गइनेहालिन ।

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १०

एक दिन लम्बोदर शर्मा चिया पसलमा पानी पिउँदै थिए। यिनले आफ्नो खल्तीको दमडी चिया वा चमेनामा खर्च नगर्ने व्रत पालन गरेका थिए। कुनै खानेकुरा बेच्ने पसलमा गई ढुकेमा कोही न कोही चिनेजानेका मानिस आई नै हाल्दथे। शर्माजीलाई पुलु पुलु हेर्न लगाई आफूले मात्र को खान सक्तथ्यो। शिष्टाचारको लागि पनि कसैले श्रद्धा गरी अर्पण गरेको चीज कसो गरी अस्वीकार गर्नु भनिकन पनि शर्माजी मन लागे पनि नलागे पनि पेटमा ठाउ भए सम्म कोच्ने वहांको स्वभाव नै थियो। नाइ भन्न नसक्ने। बिहान बेलुका स्वस्नीलाई पकाउन लगाएर आफू भने लतलती खाई मात्र रहनु, उनलाई खाएको होइन घिचेको जस्तो पनि लाग्दथ्यो। त्यसैले मउका पाउना साथै शर्माजी पेट चर्कने गरी खाई नै हाल्दथे। कमसे कम आजकलभुकल स्वास्नीलाई बेलुकाको खाना पकाउन नपर्ने गराइदिन्थे। तर आज बेलुका भने शर्माजीलाई मफ्तमा खुवाउने मानिस धेरै बेर सम्म पनि त्यस पसलमा आइपुगेका थिएनन। शर्माजीको आदत थाहा हुंदा पसलेले दुइ गिलास कागतीको सर्वत त सित्तिमा खुवाइदियो। तर वहांको पेट भर्ने गरी खुवाउने आंट पसलेमा थिएन। पसलको टाट चाहें नै उल्टाउन चाहंदैन थियो। दुइ गिलास सर्वतले मात्र शर्माजीलाई कहांवाट पुग्दथ्यो। कोही आइने हाल्दछ कि भन्ने आसा लिई शर्माजी अरू दुइ तिन गिलास पानी पिउँदै थिए। यत्तिकैमा शिरोमणिजी टुप्लुक्क आइपुगे। ओहो शिरोमणिजी आउनोस! आउनोस! भन्दै शर्माजीले शिरोमणिजीको पाखुरा समाउदै मेचमा राखिहाले। जोगीको घरमा सन्यासी पाउना लागेर कुनै काम बन्ने त होइन, तै पनि अरूहरू आई नै हाल्दछन कि भनी अलमलिने बाटो त पाइहाले।

शर्मा :- हामीहरू साथमा बसेर विचार विमर्श गर्न नपाएको कति दिन भई सक्यो हो कि ? आज सुयोगवश तपाईलाई भेट्ने सौभाग्य मिल्न गयो। (अलिबेर पछि) आजकाल के काममा व्यस्त हुनुहुन्छ ? यहांहरू जस्ता बिद्वानले बीच बीचमा लेखहरू प्रकासमा ल्याउनु भएन भने त इतिहासका तथ्य कुराहरू नै लोप हुने डर हुन्छ।

शिरोमणि : - खग जाने खग हो की भाषा तुलसीदासले त्यसै कहां लेखेका हुन र? अब म आजकाल के काम गर्दैछु भन्ने कुरा तपाईलाई थाह छदै छनि। तै पनि किन बूझ पचाएर प्रश्न गर्नुहुन्छ ? बरू मेरो लेखमा निष्पक्ष आलोचनाको अनुराघ गर्दछु। केही विषयमा तपाईको राय पनि मलाई चाहिएको छ । नठराउनोस । तपाईको नाम मेरो पुस्तकको भूमिकामा अवश्य पर्नेछ । कुरा के हो भने इतिहास लेख्दा कुनै व्यक्तिलाई आकाशमा पुर्याउनु हाम्रो बायां हातको खेल हो भन्ने कुरा तपाईलाई थाहा नै छ । त्यसै गरी कुनै बंशको उत्पत्ति विष्णुसंग जोड्न पनि सकिन्छ । तर कुनै देशको सय डेढ सय वर्षको घटनाहरू नै इतिहासवाट लोप पार्न त बडो फसाद पर्दो रहेछ बा । कुनै शासकवर्गलाई मन-परी गाली गर्न पनि सकिन्छ । तिनीहरूको पालामा घटेका ऐतिहासिक घटनाहरू त कतै न कतैवाट प्रमाणित हुन

CC-0. In Public Domain. Digitization by eGangotri

जाइ नै हाल्दछ । यसमा के गर्ने ?

शर्मा :- तपाईं नाहकमा राईंको पर्वत बनाउन खोज्नुहुन्छ । शायद तपाईंलाई इतिहासको अध्ययन गर्ने वहानाले रूस भ्रमण गर्ने मन लागेको बुझ्दछु। म अहिले नै तपाईंलाई बताईदिन्छु कि त्यहां सजिलै संग म्लेच्छ कन्याहरू भेट्टाउन सक्नुहुनेछैन । तर जहां सम्म तपाईंको प्रश्नको सवाल छ पहिले मलाई बताउनोस कि कसले लेखेको इतिहास सधैंभर शुद्ध मानिएको छ ? मोहेन्जोदारो र हरप्पा खनेर पदार्थहरू न भेटिए सम्म परिक्षितलाई तक्षक नागले डसेर मारेको पौराणिक कथालाई बच्चा फुलाउने कथा नै ठानिएको थियो । अब तक्षशिलाका नागवंशका तक्षक राजाले हस्तिनापुर हमला गरेको कुरा गूढार्थमा व्यासले लेखिएको रहेछ भन्ने थाहा भएर हिन्दूहरूमा भागवतको महिमा घट्न गएको छ त ? त्यसै गरी तपाईंले लेख्नु भएका कुराहरू पछि कसैले पत्ता लगाए भन्दैमा तपाईं सुविख्यात इतिहास लेखक होइन भनी भन्न कसको मजाल होला ?

शिरोमणि :- तपाईंले भन्नुभएको कुरा त ठीक हो । तर खै ! सांच्चै तपाईं त रूस गएर आउनु भएको हो । के सांच्चिकै स्टालिनको पालामा लेखिएको इतिहास जनताले पत्याउंछन त ?

शर्मा :- छोड्नोस यस्ता कुराहरू । केही वर्ष पत्याएका भए पनि अब कहांवाट पत्याउन पाए ? अर्कै ढंगको इतिहासनै लेखी सकियो । यस्ता कुरा गरेको कसैले सुने भने मलाई साम्राज्यवादको टट्टु भन्लान ।

शिरोमणि :- त्यसो भए तपाईं को रायमा मलाई जे मन लाग्यो त्यही नै लेख्दै जाउंत ? कहिले मेरो कदर होला त ? यस खान्कीले त जहान-बच्चा पाल्न पनि पुग्दैन । अपढ रैतीहरू मेरा पुस्तक पनि किन्दैनन । पहिलो बेंगमा सरकारले जति लिएका थिए त्यति मात्र हो ।

शर्मा :- अरे ! शिरोमणिजी ! यो त रामराज्य हो, रामराज्य, तपाईंको देश होइन । किन हडबडाउनु हुन्छ ? किन हिम्मत हार्नुहुन्छ ? ढिलो होस छोरा नै होस भन्ने कुरा विर्सनै हुन्न ।

शिरोमणि :- आजकाल त छोरा भएर के फाइदा ? छोराको कमाई खाउंला भन्ने त परै जावस भूमिसुधारले गर्दा उमेर पुग्ना साथै छोरालाई छुट्याइ नै दिनुपर्ने । बरू छोरी भएमा त आफूले कमाएकी सम्पत्ति बाबुको घरमा आउंदछ ।

शर्मा :- ठट्टाको कुरा छाड्नोस । रामको गुणगान गर्दा रत्नाकर डाकू बाल्मीकि मुनि बन्न गई भारत नेपाल मिली भैंसालोटनलाई बाल्मीकि आश्रम बनाइदिए । तपाईं पनि यताउताको विचार नगरी आफ्नै विचार मात्र लेख्दै जानोस । अनि थाहा होला कस्तो हुनेछ ?

CC-0. In Public Domain. Digitization by eGangotri

शिरोमणि :- तपाईंले भन्नुभएको कुरा त ठीक हो, तर आजकल एक थरी फटाहाहरू निस्केका छन । जो रात दिन अर्काको खोट मात्र निकाल कम्मर नै कसेका छन । हेर्नोस ! विचरा मंगलमान घमण्डीलाई कस्तो मनपरी भन्दछन । तपाईंको त्रिभुवन को इतिहासलाई पनि त अशुद्ध भन्दछन । सबैजस्तो कुरा अर्कोले भनेको सुनेको मात्र लेख्नु भएको छ भन्दछन ।

शर्मा :- खोटैं मात्र हेर्ने हो भने द्वैपायन व्यासका ग्रन्थहरूमा कति खोट निकालि दिऊं ? गिबनको रोमन साम्राज्यको उत्थान र पतनका सबै कुरा सत्यछन ? छलफलको लागि मानि-दिऊं कि मेरो किताब अशुद्धछ । त्यसबाट के भयो त ? जबसम्म मेरो पुस्तक पाठशालाहरूमा पढाइन्छ तिनीहरूको भनाइको मलाई के प्रवाह ? मैले अर्कालि भनेको कुरा लेख्यो भन्नेमा त यिनै फटाहाहरूले नभनी दिएको भए अरूले कहांबाट थाहा पाउंदथे । आंखा नै नदेख्ने मानिसले कहांबाट किताब लेख्ने ? त्यसमा पनि उनीलाई कसले इतिहासकार मानेको छ ? उनी त फगत ऐतिहासिक तथ्यांक संकलनकर्ता हुन । गरे ! काग कराउँदै जान्छ पीना सुकतै जान्छ ।

शिरोमणि:- मेरो हकमा त पीना पनि जहिले पनि आलो नै छ । आजसम्म मैले कुनै पुरूस्कार भेट्टाउन सकेको छु ? कुनै पनि वार्षिक उत्सवमा कुनै पदक दिए ? कसैलाई भने दोहर्याई तेहर्याई एउटै पदक पनि दिन्छन । हाम्रो देशमा कामको कहां कदर हुन्छ र।यहां त सतीको सराप परेको छ भन्दछन ।

यत्तिकैमा सेनापति बिसेन सिंह त्यही बाटो भई जान लागेका रहेछन । यिनीहरूलाई देखेर " " ओहो ! यो कस्तो अपूर्व दर्शन हो । सूर्य चन्द्र एकै ठाउंमा उदाएका ? यहांहरू कुन गहन विषयमा चर्चा गर्न लाग्नुभएको हो ? हामी पनि हाम्रो कान पवित्र पार्न पाउंदछम् कि "" भन्दै एउटा मेचमा गएर थ्याच्च बसे ।

सेनापति :- हैन तपाईंहरूको जलपान भइसक्यो त ? अगाडि त केही पनि देख्दिन ।

शर्मा:- म यहां आएको त धेरै बेर भइसक्यो । जाऊं भनेर उठेको मात्र थिएं शिरोमणिजी आई पुग्नु भैहाल्यो । त्यसैले गलि बेर अलमलिइहाले । धेरै बेर भइसक्यो अब जान्छु । शिरोमणिजी भरखरै आउनुभएकोले केही पनि नास्ता गर्नुभएको छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

शिरोमणि शर्मालाई पुलुक्क हेर्दै "" भो भो मलाई के ही पनि चाहिँदैन । भरखरै घरबाट खाएर आएको हु । त्यसमा पनि चिया जस्तो टर्रो तातो पानी के खानु ? ""

यिनीहरूबाट केही मतलब हासिल गर्नु पर्ने हुंदा सेनापति "" के गर्नु म जंगीको मानिसले सूर्य अस्त नभई खाकी लुगामा लालपरी चढाउन हुँदैन । त्यो पनि दोबाटोमा सिपाहीहरूले देखे भने के भंलान । बरू जंगी अड्डामा आउनु भयो भने तपाईहरूको सनमान अवश्य नै गर्नेछु । कुनै दिन त्यस तर्फ बाटो बिराए पनि त भइहाल्दछ ।

शर्मा :- मलाई त खाकी लुगा लाएको मानिस देखेर पुराना कुराहरू याद आउंदछन । त्यो पनि जंगी अड्डामा ! खप्रो हातको अर्ध चन्द्र खान मन छैन बा । बरू यहांको निवासस्थानमा बोलाउनुहुन्छ भने अर्कै कुरा हो ।

सेनापति :- "तपाईहरू जस्ता सुयोग्य पुरूषहरूले हाम्रो भुपडी पवित्र गरिदिनु भए कस्तो खुशीको कुरा ? पर्खनोस त्यो दिन पनि आउला । अहिले त सानो सेवा गर्न पाउं ! अलिकता केही न केही नखाई जान पाउनुहुन्न । भोक नलागे पनि मेरो निम्ति भए पनि केही न केही खानैपर्दछ ।" भन्दै मिठाई, नमकीन, मासु, चिउरा, साँधेको लसून, भटमास र कुखुराको फुलहरू मगाइ नै हाले ।

"" लौ त तपाई कर गर्नु हुन्छ भने के लाग्यो । खान त मन थिएन । तपाईको मन राख्न पनि खानै पर्यो "" भनी दुबैजना भन्दछन ।

अलि बेर पछि अब त नमकीन र मासुमा परेको आफ्नो नूनले यिनीहरूको पेटमा असर पर्यो होला भनी ठानी सेनापति अनकनाउंदै भन्दछन "" लौ न तपाईहरू जस्ता इतिहासकार धुरन्धर विद्वान-हरूले हामीहरूको पनि मद्द गर्नुहोस्न । यसबारेमा तपाईहरू संग कुरा गरूला भनी ठानेको धेरै दिन भइसक्यो । आज बल्ल भाग्यले मौका पाइहाले ।""

शिरोमणि :- के कुरामा सेवा गर्नु पर्यो आज्ञा मात्र होस्न हामी जे पनि गर्न तत्पर छदैछम नि । कसो होइन त शर्माजी ?

सेनापति :- हुन त मैले धेरै पढेको त छैन । कहांसम्म भने कलेजको मुख सम्म पनि देखेको होइन । तै पनि स्कूलमा व्याकरण त राम्ररी पढेकोहुं । जर्नेलको जहानलाई के हिसाबबाट श्रीमती भनेको होला ? श्रीमानको जोईलाई पो श्रीमती भन्नु

CC-0. In Public Domain. Digitization by eGangotri

मनासिब पर्दछ हैन त । जर्नेलकी जहान पनि श्रीमती, कप्तानकी स्वास्नी पनि श्रीमती हुंदा हुंदा जाबो सिपाहीको जोई पनि श्रीमती नै रे । यो कस्तो अचम्मको कुरा हो ? यो के किसिमको प्रजातन्त्र हो ? हाम्रो फौजमा त यस्तो कुरा चल्दैन । वेग्ला-बेग्लै दर्जाको गेग्ला-बेग्लै व्याज र जंगी पोसाक छ। जर्नेल जर्नेलमा पनि थरी थरीका सलामी नै कायम रोखका छन । हाम्रा जहानहरूलाई बेग्ला-बेग्लै मान दिनैपर्दछ . नत्र भने फौजमा अनुशासन कहाँबाट रहन जाला ? यो त भएन वा !. तपाईंहरू जस्ता विद्वानहरूले कुनै न कुनै तरीका निकाल्नै पर्दछ ।

शर्मा मासुको चोंकटा लुछदा बोल्न नसकेकोले केही बेर घोरिएको जस्तो गरी अनि भन्दछन "" तपाईंको विचारमा के भने देखि ठीक पर्ला त ?

सेनापति :- खै ! के भनेमा ठीक पर्ने हो म त केही भन्न सक्तिन । त्यसैले त तपाईंहरूको शरण पर्न आएको । केही बेर पछि अनकनाउंदै "" फौजी ज्ञान विश्व कोष हेर्दा त कुनै कुनै देशमा जर्नेलको जहानलाई रानीसाहेब भन्ने पनि फैला छ । त्यही आधारमा जर्नेलहरूको हौसला बढाउन आफ्नो नीजी व्यवहारमा आफ्नो जहानलाई रानीसाहेब भनेहुन्छ भनी आर्डर पनि दिइसकेको छु । तर के गर्नु हुन्छ तपाईंहरूको प्रजातन्त्रमा कसले कसको कदर गर्दछ र ! घर्ती धमक चीफसाहेब हुंदा उनको र मेरो ठ्याक नमिलेता पनि उनकी रानीसाहेबलाई मैले नै बरू बडा रानीसाहेब भनिदिएको थिएं, जुनबेला अरू जर्नेलका जहानहरूलाई उनले रानीसाहेब हुन दिएका थिएनन । औपचारिक तवरले रानीसाहेब भन्नु नभन्दैमा मैले आफ्नो नीजी व्यवहारमा जर्नेलकी जहानलाई रानीसाहेब नै भन्ने आडर गर्दा पनि ती बेईमान जर्नेलहरू मेरी विवाहिता रानीसाहेबलाई एक चोटी पनि बडा रानीसाहेब भनेका छैनन । हेर्नोस कस्तो गजबको यो दुनिया ? के यसैलाई प्रजातन्त्र भन्दछ ? तपाईंहरू आफै नै भन्नोस त "" ।

आफ्नो अन्तर्राष्ट्रिय ऐतिहासिक ज्ञान नुमायश गर्दै शिरोमणि :- तपाईंको मतलब पारिवारिक शासन नेपाल अधिराज्यमा चल्दाको कुरा कोट्याउनु भएको होला है न ? तर त्यस बेलामा नेपाललाई राज्यमात्र भन्ने चलन थियो। नेपाल अधिराज्यमा परिणत भईसकेको थिएन । अब ताईनै भन्नोस राज्यको कुरा अधिराज्यमा कहांबाट लागू हुन सक्तछ । त्यस माथि पनि दुर्भाग्यवश त्यस बेलाका जति जर्नेलहरू थिए ती सबै आफूहरूलाई राणानै भन्दथे । राणाका स्वास्नीलाई रानी नभनी के भन्नु ? "

CC-0. In Public Domain. Digitization by eGangotri

सेनापति :- बा ! कस्तो अनौठो कुरा गर्नुहुन्छ ? तिनका भित्रिनी छोराका स्वास्नी कर्णेल भए सम्म दुलही साहेब मात्र भनिन्थे । जर्नेल हुने बित्तिकै रानीसाहेब भइहाल्दथे । यसमा के भन्नु छ त ?

शर्मा :- प्रजातन्त्रमा त्याईंते ठ्याईंतेको सवाल आउँदैन । मठ्या भएता पनि उनीहरूलाई राणा नै भन्दथे भन्ने कुरात तपाई मान्नुहुन्छ कि ? सामन्तशाही द्वापर-युगमा वर्तमान स्वर्गमा भन्दा मेरै नै रथी महारथीहरू थिए । जो आजका स्वर्गका जसाबिहरू सरह नै होलान बरु काम थिएनन । द्रोण, कृपाचार्य, कर्ण र हुंदा-हुंदा सल्य पनि तपाई जस्तै दुर्योधनका सेनापति नै थिए । तै उनीहरूका श्रीमतीलाई कतै प्रसंगमा पनि रानी भनेको त संकेत सम्म पनि भेट्टाईदैन । पाकिस्तानी पाक जनरल याह्या खांकी बेगमलाई पनि कसैले रानी भन्दैन । अब हाम्रो राष्ट्रवादी प्रजातन्त्रमा सामन्तिहरूको नक्कल गर्नु त म यसै हो भन्ने असमर्थ छु ।

सेनापति केही भर्कदै :- के कुरा गर्नु हुन्छ ? हाम्रा वृहस्पति जमीन ध्वजजी त्यसै बेफ्वाकमा कहां बोल्नुहुन्छ ? आफ्नी भूतपूर्व रानीलाई सबैको अगाडी साथी भने तापनि हाम्रा रानीहरूलाई आम पब्लिकमा रानीसाहेब नै भन्नुहुन्छ । बिना प्रमाण उहाँले कहां बोल्नु भयो होलात । हाम्रा रानीसाहेब -हरूको उहां कहिले पनि अपमान गर्नुहुँदैन ।

शर्मा :- कुरामा कुरा गर्दा गमाउन पर्ने म त कुनै पनि मतलब देख्दिन । छलफल गर्दा आफ्नो मनमा लागेको कुरा गर्ने न हो । त्यसको मतलब हामीहरूले तपाईहरूको समस्या समाधान गर्न मद्दत गर्दैनौं भन्ने कुरा कहांबाट उठ्तछ । नेपालकै कुरा गर्ने हो भने त सबभन्दा पहिला पटक जनरल पदवी लिने भीमसेन थापाले आफ्नो जहानलाई मुखिनी नै भन्न लगाएका हुन । त्यसपछि पनि जनरल माथवर सिं आफ्नी जहानलाई रानी साहेब भनेका छैनन । जनतन्त्र नेपालको प्रथम प्रधान मन्त्री जनरल मातृका प्रसाद कोइरालाले आफ्नी ब्राह्मणीलाई रानीसाहेब नबनाई श्रीमती मै चित्त बुझाएका थिए । त्यसवेलामा उनले चाहेका भए आफ्नी श्रीमतीलाई महारानी पनि भनाउन सक्दथे ।

सेनापति :- क्या गजबको कुरा गर्नुहुन्छ ? हिजो सम्म सुब्बिनी बज्यै भइराखेकी, प्रजातन्त्र लाग्यो भन्दैमा एक्कासि उनलाई रानीसाहेब तुल्याउँदैमा कसले मान्दथ्यो । त्यसवेलामा प्रजातन्त्रको जग कहां बसिसकेको थियो। धुरथुरे गेहोलदले पनि आफ्नी शाहनशाही स्वास्नीलाई कहां रानीसाहेब भन्छ ?

CC-0. In Public Domain. Digitization by eGangotri

थापाहरूको नाम सुन्ना साथै सेनापति बिसेन सिंहको कानका लोतीमा गुरांसको फूलको जस्तै लाली चढि हाल्यो । मुख पनि सुकन गयो । सेनापति :- थापा, थापा, ओकाई फकाई थापा मात्र । हामी बताई दिऊं थापा कस्ता चुत्थाछन । गोरखाली राजाका चहर काजीहरू थापा, पांडे, कुंवर र बस्नेतहरूमा थापा त काजी हैन पाजी हो । त पाईलै भनि नै हाल्नु भो नि । ३२ वर्ष राज्यको बागडोर हातमा परेर पनि भीमसेनले आफ्नी जहानलाई कुनै ठूलो मान दिन सकेन । आखिर फ्यालखानामा सडेर आत्महत्या गर्दै पिशाचको जुनी बिताउँदैछ । त्यो अराष्ट्रवादी तत्व नभएको भए आफ्नै राजाले त्यसलाई त्यो दुर्गतिमा पुर्याउँदथे ? पांडेहरूको त के कुरा गर्नु ? पांडे त सांडे हुन । त्यो दामे बेवकूफलाई सम्फनोस त । थुनिएको ठाउंवाट सजिलैसंग भाग्न सक्दथ्यो ता पनि देशमा बढ्ता रक्तपात बचाउनलाई भाग्दिन भन्दो रे । त्यो त्यस्तो देश भक्त भएको भए आफ्नै राजाले त्यसलाई देशद्रोही भन्दथे ? देशको मायाले नभागेको कहां हो र डरले नभागेको हो । आखिर नतीजा के भयो ? माछाको कांढा नै कांढामा शूली चढन पर्यो कि ? कंवरहरूमा त बाले त ज्यानमारा हो । बिचेरा शेर बहादुर शाहीलाई स्वामी महाराजको पेटमा तरवार घुसाएको निहुंमा फ्यालवाट उम्कन लाग्दा दुई टुक्रा नै पारिदियो । तर यो कुरा त मान्न पर्दछ बा जंगे त सांच्चिकै मान्छे हो । फेरि जंगेको तारीफ गर्यो भन्दैमा मलाई पनि संकुचित बिचारको भनि नठान्नुहोला । म त पूरापूर राष्ट्रवादको पक्षमा छु । राष्ट्रवादको खातिर बागीहरूलाई धुलो पार्न पनि सेर मान्ने होइन । अब बिचरा बस्नेत काजीका सन्तानहरूले मात्र राजभक्ति देखाउने मौका नै पाएनन , नत्र भने कोही भन्दा कोही कम थिएनन बुझ्नु भो ?

बिचरा सेनापतिको भाषण दिने बानी नहुंदा यति लामो कुरा एकै सासमा बोल्न पर्दा ओंठहरूको बीचमा सेतो फीज पनि निस्किहाल्यो ।

यस्ता नचाहिंदा कुराहरू सुनिरहन नसक्दा "" त्यसो भए दामोदर पांडे, भीमसेन थापा, माथबरसिंहलाई ऋद्धि-सिद्धिका ठाउंमा बसेको देखेर पनि किन गलहची दिन सक्नु हुन्न त "" भनी पसलेले भन्दा सबैजना पल्याकपुलुक हेर्दै त्यसै चुप भए ।

अलिबेरपछि शिरोमणि :- "" तपाईको भनाइ पनि एकदम नै ठीकछैन पनि भन्न सक्तिन । भरखर राष्ट्रवादी प्रजातन्त्रको स्वर्गमा जगको श्रीगणेशायनमः गर्न आंटेको बेलामा अराष्ट्रवादी तत्वहरूको विध्वंसी आक्रमणहरूवाट हामीहरूलाई सुरक्षित राख्न पर्ने सैनिकहरूको चित्त दुखाउनु मनासिब पर्दैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईंहरूका रानीसाहेबहरूलाई केही न केही उपनाम त दिने पर्ने जस्तो मलाई त लाग्दछ ।

शर्माजी :- अरे चिफ साहेब ! हामी इतिहासकारहरू यसमा के गर्न सक्दछम र । हामीहरू त फगत हिजो अस्ति कहां के के भएको थियो भन्ने कुराहरू सम्म सुनाउने हौं । भोलि के गरेमा राज्यलाई आदर्श तुल्याउन सकिएला भन्ने कुरा त सरकारिया नेताहरूको हो । उंहांहरू यसबारेमा नवीन राजनैतिक शास्त्र लेख्दैहुनुहुन्छ । औसर हेरी आज के गर्नाले ठीक पर्दछ भन्ने काम त परामर्शग्राही मण्डल को हो । सत संगतको बैठकमा कुनै भरपर्दो सत-संगतिलाई प्रस्ताव पेश गर्न लाउंला । तपाईं नहडबडाउनोस भन्दै सेनापतिको नूनको सोझो पनि गरे ।

शिरोमणि :- हैन बरू सत संगतमा प्रस्ताव पेश गर्नु भन्दा अगाडि एक पटक शुकदेवजीको पनि राय सल्लाह लिए कसो होला ? उंहांको सिफारिश लिन पाएमा त झन् सजिलो भइहाल्दछ ।

शर्माजी खान पिउन पाउने मौका कहिले पनि नछाड्ने हुंदा भन्दछन " तपाईंले ठीक भन्नुभयो । " यसो घोरिएको जस्तो गरी " खै ! शुकदेवजीलाई आजकल एकान्तमा भेट्न नै मुश्किल छ । बरू एकपटक उहांलाई चीफ साहेबको निवासस्थानमा पुर्याउन पाए कसो होला त शिरोमणिजी ?" शिरोमणि:- हो ! यो बडो अक्कलको कुरा गर्नु भयो । लाल परीमा रमिएपछित शुकदेवजी जे गर्न पनि तयार हुनुहुन्छ ।

सेनापतिबाट हां या ना न आउंदा शर्माजी झ्वाट्ट भन्दछन " तपाईं डराउनु पर्दैन हामी चारजना मात्र भट्ने हुंदा शालिग्रामजीले गुटबन्दीको आरोप लाउन सक्नेछैनन । पंचको समूह त पवित्र हुन्छ भने चार जना भेटी कुरा गरेको कसरी अपराध होला त ?"

सेनापति अनकनाउंदै मैले हुन्न कहां भनें त ? आउनोस न । तपाईंहरूलाई सधै स्वागत छ ।"........

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ११

एक दिन थुकथुके सत संगतमा आउन ढिलो भएछन । स्वा स्वां र फ्वां फ्वां गरेर रातो पीरो मुख लगाउँदै सत - संगतमा प्रवेश गरे । उनको त्यो अवस्था देखी कुनै सत-संगतिले "" आज किन नि तपाईंको निको चाल देखिदैन नि थुकथुके दाइ "" भनी सोधे । थुकथुकेको तर्जुमा र उनको उमेरले गर्दा नै धेरैजसो सत संगतीहरू उनलाई दाइ भन्ने गर्दथे । थुकथुकेको सत-संगतमा सचिव को आवश्यकतापरेको भए उनले सहजं संग दुर्वासाको स्थान भेट्टाउने थिए । तर के गर्नु माथिबाट यिनलाई रूख नभएको जंगलमा अडेललाई पनि रूख मानें फैं यिनी बिना सत संगत नै चल्दैन भन्ने सम्झिएको थियो । हुन पनि मुसुमुन्दे बानी हुंदा कानले हेरी अरूका लै लेघा काम चलाउने मानिसहरूलाई त यस्ता मानिस साह्रै नै उपयोगी हुन्छन ।

थुकथुके रिसले मुरमुरिदै चारै तर्फ आफ्नो थुक छर्दै "" किन अब प्रजातन्त्र "" प्रजातन्त्र सम्म भन्न सकै, बाकी कुराहरू कोधले घांटीमा नै अडकिहाल्यो । अलिबेर आफ्नो रिस मारेर "" तपाईंहरूले सुन्नु भएन ? त्यो माष्टर मनाउंदो हंसक्कलीले आफैले पढाउने गरेको केटीलाई सुटुक्क उडाएर लोछ र एक मन्दिरमा गई स्वयम्बर गरे जस्तै माला लाइ दिएछ । फूलमाला लगाउँदैमा कतै शिक्षा स्वास्नी हुन्छे ? कस्तो अनर्थ ? त्यसकी जहान सहनशीला सुशीलाको नमूना छिन विचरी घरमा तीन चार बटा लाला-बालाहरू पनि छन । तै पनि त्यसलाई कहांबाट जवानी खिल्न आएको । प्रजातन्त्र भन्दैमा यस्तो मनपरी गर्न पाइन्छ ? "" भन्दै आफ्नो मनको तीतो थुकथुकेले फ्यांकिने हाले । यसबारेमा माथिको के प्रतिक्रिया हुने हो भनी सत-संगतिहरू कसैले पनि ठीक बैठीक भन्न सकेनन ।

जमीनध्वज :- पहिले पनि यस्तो हुँदैन थियो र ? बासवदत्ताले आफ्नै वीणा बजाउन सिकाउने गुरू संग विवाह गरेकी होइनन ?

थुकथुके :- राजाहरूको कुरा नै अर्को हुन्छ । कसैलाई प्राण दण्ड दिनु, मन परेकी स्त्री ल्याउनु, पशु-पक्षीको शिकार खेल्नु त क्षत्रीको धर्म हो ।

चतुरे :- अरूहरूले आफूलाई मनपरेकी स्वास्नी किन ल्याउन नपाउनु ? वा थुकथुकेजी ? सुन्नोस प्रजातन्त्रमा त "" जब मियां बीबी राजी तो क्या करे काजी "" बुझ्नु भयो । कसैको निर्जी मामलामा अरूहरूलाइ केको चासो आफ्नो

CC-0. In Public Domain. Digitization by eGangotri

वृरिपरिका संगतिहरूलाई हेर्दै भुत भुताउँदछन "" यस्तो संकुचित विचार भएसम्म प्रजातन्त्र कहाँबाट फष्टाउँदछ ! हैन त कसले के गर्‍यो हामीलाई के वास्ता ?""

शिखण्डिनी :- सके मैथिलीजीलाई पनि त्यसै गर्ने मन छ क्यारे अनि त्यसो भन्नुहुन्छ । तर महिलाहरूलाई दिल बहलाउने कठपुतली मात्र बनाउन पाइदैन बुझ्नुभो श्रीमानहरू ? महिलाहरूले दुईटा लोग्ने साथमा लिन नपाउने हो भने लोग्ने मानिसहरूले पनि प्रजातन्त्रमा दुईटी स्वास्नी राख्न पाइदैन । त्यस कारण त्यो मास्टरको एउटी श्रीमतीलाई खोसेर अरू कसै सित विवाह गरिदिने प्रस्ताव म अहिले नै राख्दछु ।

व्यासासनबाट उनको प्रस्ताव अस्वीकार भएपछि अर्को विषयमा छलफल शुरू भयो ।

त्यसदिनको कार्यक्रममा सब भन्दा अगाडि स्वर्ग छाडी भागेर जाने देवताहरूको घर जग्गा स्वर्गीयकरण गर्ने बारेमा बहस गर्नु थियो । परमार्शग्राही मण्डलका पंचहरू यस बारेमा कुनै निष्कर्षमा पुग्न सकेका थिएनन । यो बडो जटील प्रश्न थियो । कतै लहरा तान्दा पहरा नै गर्जन नजावस भन्ने डर पनि हुँदै थियो ।

उग्रगामी औसरवादीहरूको भनाइमा स्वर्ग नै छाडेर गइसकेपछि देवताहरूलाई स्वर्गको देवालयहरूको के काम ? वैकुण्ठ अथवा अरू कुनै लोकमा मोजमजा गर्ने देवताहरूको घरजग्गा अपहरण गरेमा देवस्व लाग्दैन भन्ने तर्फ थिए ।

औसरी औसरवादीहरू को मनमा कुनै खास पीर मर्का, नपरीकन आफ्नो जन्मभूमि छाडी कसलाई विदेशिन मन लाग्दछ । केही कारणले देवताहरूले स्वर्ग छाडी गएका हुन सरकारबाट पत्ता लगाउन पर्दछ । उनीहरूले स्वर्गमा फर्केर आउँदिन त भनेका छैनन । जरूर केही अपमान हुन गयो होला र त गए होलान । देवताहरूलाई के चाहिएको छ र अलिकता पूजा आजा, फूल नैवेद्य न हो । त्यति पुर्‍याइदिएको खण्डमा फर्केर आई नै हाल्दछन भन्ने भित्री अभिप्राय हृदयमा लिएका थिए । बिचराहरूलाई प्रगतिशील आधुनिक स्वर्गमा औसरवादी युगमा देवता-हरूको आवश्यक छैन भन्ने गुह्य कुरा थाल थिएन । बिनाकसूर प्रजातन्त्रमा कसैको श्रीसंपत्ति अपहरण हुँदैन भन्ने पुस्तकको भरमा अन्ध विश्वास गर्दथे ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस बारेमा शोषकपावन औसरवादीहरूले दुइटा नाउंमा एक एक बुट्टा टेक्ने नीति अपनाएका थिए । स्वर्गको कुनै उपयोगलाई अथवा सरकारलाई मन लागेमा मात्र देवालयहरू स्वर्गीयकरण गर्न हुन्छ । तर देवताहरूलाई क्षति-पूर्ति दिने पर्दछ भन्ने पक्षमा थिए । आफूहरूले पहिले देखि मानि आएका देवताहरूको पूरापूर हानि नोक्सानी गराउन पनि चाहँदैन थिए । साथै महादेवलाई खुशी पार्ने मनसाय बमोजिम चल्न पनि पछि हट्‌दैन थिए । त्यसकारण यिनीहरूको नीतिमा स्वर्गको कामलाई सरकारले मनासिब ठाने जति देवालयहरू क्षति-पूर्ति दिएर लिन हुन्छ । तर त्यसै अपहरण गर्न त रामराज्यको आदर्श विपरित हुनेछ भन्ने थियो ।

हरे हरे ! मानिस बिना प्रयास स्वर्ग सम्म पुगेर पनि बिना मतलब कुनै पनि काम गर्न चाहँदैन थिए । कतै न कतै व्यक्तिगत स्वार्थ लुके-छिपेको हुन्छ । स्वर्गमा आएर देवताहरूको स्थान आफूहरूले नलिने अठोट गरेपछि उग्रगामी औसरवादीहरूलाई ती थोत्रो, पुरानो, ढांग्रो देवालयहरूको के काम ? कुबेरको खजानाको द्वार खुलेको बेलामा आधुनिक अमरावतीलाई जापानको टोकियो, अमेरिकाको न्यूयोर्कको दांजोमा पुर्याउन आधुनिक ढंगको आधुनिक सुविधाहरू भएको नयांघरहरू नबनाएर को पुरानो देवालयहरूको टाल टुल, मरम्मत गरी रहोस । आफूहरूलाई यी देवालयहरू नचाहिए पछि अरूहरूलाई किन लिन दिने भनिकन नै उग्रगामी औसरवादीहरू देवालयहरूको अपहरण गर्ने पक्षमा भएका हुन ।

औसरी औसरवादीहरूको हकमा भने आफूहरूले देवताहरूको ठाउं लिन पाएको हुनाले आज स्वर्ग बाहिर बस्ने देवताहरूको घर-जग्गा अपहरण भएमा भोली आफ्नो पनि पालो आउला भन्ने भयले सबैजना मिलीजुली दानव राक्षसको दुःखबाट मोक्ष हुन सबै देवताहरूले विष्णुको स्तुति गरे झैं, घर-घरमा प्रशंसा गान गर्दै, चाकडी चुकलीमा व्यस्त हुन थालेका थिए ।

सोसकपावन औसरवादीहरूले आफूहरूले मानी आएका देवताहरूलाई पनि चिढाउन नचाहने साथै तैंतीसकोटी देवताहरूको घर जग्गा अपहरण हुंदा एकाध घर हात पारी स्वर्गमा घरबास जमाउन चाहने हुंदा केमडोलको मोलमा क्षतिपूर्ति दिई मात्र देवालयहरू स्वर्गीयकरण गर्ने पक्षमा थिए ।

उग्रगामी औसरवादीहरूके बहुमत भएको देखी थुकथुकेको चित्त रहन नसक्दा भनि नै हाले "" रांडीलाई ढोक्यो भने के भन्दछौ ? म जस्तै भइहालोस बाबै भन्ने आशीर्वाद दिन्छे "" ।

CC-0. In Public Domain. Digitization by eGangotri

शिखण्डिनी :- व्यासजी ! थुकथुकेजीको अभद्र शब्दमा म घोर विरुद्ध गर्दछु । आम महिला-वर्गलाईनै अपमान गरी विधवालाई रांडी भन्न पाईदैन । स्वास्ती मरेका लुठाहरूलाई हामीले के भन्ने नि - रांडो ?

बीरेविरे मैयां :- त्यहीत ! तपाई पनि के भाको । राम्रो बोली बचन गर्दैमा आफू सानो होइदैन क्यारे ? खै त विधवा भएर पनि म के राडी जस्तो देखिन्छु त ?

शिखण्डिनी :- श्रीमान् ! हाम्रो आदर्श रामराज्य भन्ने कुरा थुकथुकेजीलाई राम्रो ज्ञान छैन क्यारे ? शायद बाल्मिकी रामायणको पनि उहांलाई राम्रो थाहा छैन जस्तो लाग्दछ । रामराज्यमा कोही पनि विधवा हुदैनन भनी वाल्मिकीइजीले प्रष्ट लेखेकाछन । हाम्रो समाजमा विधवा हुने कुरा कहांबाट आयो ? यो त पुरानो बुढी-रूढीवाद मात्र हो । यस्ता कुरा हामी किमार्थ मान्न सक्दैनम । पारपाचुके दिए पछि अथवा पति मरेपछि महिलाहरू फेरि कुमारी नै हुन्छन भन्ने कुरा थाहा छैन ? प्रजातन्त्रमा पुनर्विवाह गर्ने नारीको सामाजिक अधिकार छैन भनी कुनचाहिं मर्द भनाउंदो मेरो सामुन्ने खडा भएर भन्न सक्तछ हेरौं भन्दै बाणले घाइते भएकी बिरालो जस्तै छ्यारै दांतहरू देखाइन ।

थुकथुके :- क्या फसाद ! रांडीलाई रांडी नभनेर के सदुवाई भनौ त ? जतिसुकै लुठाहरू खेलाएर पनि सतनारी नै बन्न मन लागे पहिले हुने नर पीपल संग विवाह गर्नु ? भैगो ! लौ हुन्छ । यहांले भन्नु भए पछि अब रामायण शिक्नलाई भैसा लोटन फर्केर जानुपर्ला । बाल्मीकिजीको अर्थको अनर्थ सुने । तुलसीदासजी के भन्नुहुन्छ नि ? "" ढोल, गंवार, शुद्र, पशु, नारी यह सब ताडनके अधिकारी ।""

घोसे मुण्टो लगाउंदै दुबै हातलाई छाती अगाडि बांधेर "" भो भो यस्ता नचाहिंदा कुरा गरेर के पाइदा ? त्रेताका कुराहरू कलियुगमा लागू हुदैन । अब कामको कुरा गरौं । अरूकुरा कार्यक्रममा के छ भन्नुहोस थुकथुकेजी "" भनी घमण्डीले भने ?

थुकथुके :- जाम्बु मन्त्रीको सैनिकको होसला बढाउने विषयको व्यक्तिगत प्रस्ताव ।

CC-0. In Public Domain. Digitization by eGangotri

जंगी फौजको हौसला बढाउन जर्सीबहरूका धर्मपत्नीहरूलाई सामाजिक कुनै प्रकारको मान पदवी प्रदान गर्नु रक्षाको दृष्टिकोणबाट नितान्त आवश्यक देखिन आएकोले उहाँहरूलाई खालि श्रीमती मात्र नभनेर कुनै उपनाम दिनु मनासिब देखिएकोले व्यक्तिगत प्रस्ताव सतसंगतमा पेश गर्दछु "" भनी जाँबुवान मगरले पेश गरे। प्रस्तावको पारायण गरिसकेपछि टिप्पणीमा यस प्रस्तावमा आफ्नो निजी स्वार्थ छैन भन्ने पनि आश्वासन दिए। साथै भूमिका बाँधे वहाँको पालामा भालु बाँदरहरूलाई सेनापति, रथि, अतिरथि बनाउने चलन नहुँदाउनी सेनानि सम्म पनि हुन नपाएको कुराको बेलीबिस्तार पनि लगाएर सुग्रीव नै सदा-सर्वदा हाम्रा सेनापति थिए भन्ने कुरा पनि सुनाए। यस विषयबाट आफू तटस्थ छु, तर करकापमा परी मात्र यो प्रस्ताव पेश गरेको हुं भन्ने कुरा झल्काउन "" सुग्रीवकी धर्मपत्नीलाई हामीहरू रानीसाहेब भन्दैनथ्यौं मीमसाहेब नै भन्दथ्यौं," पनि भने।

एक मुट्ठी मानिसहरूलाई फुल्लाउनुपर्ने कुरामा धेरैजसोले दिलचस्पी लिएनन। यस प्रस्तावमा आफूहरूको केही फाईदा थिएन तापनि जाम्बुवान मण्डली जस्ताले व्यक्तिगत प्रस्ताव ल्याउनमा केही रहस्य होला भनी शुकदेवको अध्यक्षतामा पाँचजनाको एक समिति गठन गरिदिए। कुनै पनि उच्च पदवी भेट्टाउन नपाएकोले मंगलमान घमण्डीले यस समितिलाई सहयोग नगर्ने निश्चय गरे। लम्बोदर शर्मा, ऐतिहासिक शिरोमणि, जमीनध्वज, शालिग्राम आचार्य र उपाधि वितरण समितिका अध्यक्ष यस समितिका सदस्यमा नियुक्त भए।....

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १२

स्वर्गका भावी जनरलहरूका जहानहरूलाई के नयां उपाधि दिन मनासिब पर्ला भन्ने बारेको छलफल गर्न नव गठित समितिको बैठकमा आफ्नो सल्लाहकार सहित उपस्थित हुन सेनापतिलाई अध्यक्षले बोलाई पठाए ।

अध्यक्ष :- राष्ट्रवादी प्रजातन्त्र सुरक्षाको लागि तपाईहरूका जहानहरूलाई के उपनाम दिएमा अराष्ट्रवादीहरूलाई मृत्युलोकवाट स्वर्गमा आउन रोक्न सकनुहुन्छ यस समितिलाई बताउनोस ।

देश खाई शेष पाएका जनरल कमलवीरले आफ्नो कुरा आफूले भन्दा राम्रो कूटनैतिक भाषामा समितिलाई छकाउन सक्ने देखी सेनापतिले उनलाई बोल्ने आज्ञा दिए । .

कमलवीर :- अध्यक्ष महोदय तथा सम्माननीय सदस्य महानुभावहरू ! प्रजातन्त्र भनेको कुन चिडियाको नाम हो हाम्रो फौजी जवानहरूलाई राम्रो थाहा छ । प्रजातन्त्रमा हामीहरू नाजायज फाइदा उठाउन चाहँदैनम । त्यसमा पनि राष्ट्रवादी प्रजातन्त्रको खातिर आमलाई बांधुला बाबुलाई काटुंला भन्ने प्रंण गरेका छौं । पुर्खा-पुर्खादेखि सेवा गर्दै आएका हौं । सेवामा नै आजीवन रमाइनै रहनेछम । प्रभुसत्ताको जोसुकै प्रतीक होस त्यसको वफादार सेवक हामी सदा काल बनी नै रहनेछम । प्रजातन्त्र भन्दैमा हामीहरूलाई मन्त्री संत्रीको पद चाहिएको छैन । जो छम त्यसैमा सन्तुष्ट छम । राष्ट्रवादको लागी बाबुमार्ने आमा चुन्ने आठ प्रहर नै तत्पर रहने जंगी जवानको हौसला बढाउने काम श्रीमानहरूका हातमा पर्न आएको छ । हाम्रो कामको कदर होस , अरू केही कुरा चाहिंदैन । प्रजातन्त्रमा घांस र परालको फरक हुनेपर्दछ । मास्टरनी पनि श्रीमती, डाक्टरनी पनि श्रीमती हुंदाहुंदा जर्सीबकी वामांगीलाई पनि श्रीमती, नै बोलाउनु राष्ट्रवादी प्रजातन्त्रलाई सुहाउने कुरा भएन । त्यसकारण हाम्रा अर्धांगीनीहरूलाई फगत श्रीमती मात्र भनी नपुकारीयोस । कुनै उपनाम प्रदान गरियो भन्ने हाम्रो पुकार हो ।

शालिग्राम आफू कहिले पनि जनरल हुने आशा नराख्ने हुंदा उनलाई यस विषयमा कुनै चासो नै थिएन । शालिग्राम " कस्ता कस्ताका जहानलाई त श्रीमती भनीन्छ भने तपाईहरूको जहानलाई श्रीमती भन्दैमा तपाईहरूलाई के को आपत्ति ? प्रजातन्त्रमा प्रधानमन्त्रीकी जहानलाई पनि श्रीमती भन्दछन ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधान न्यायाधीशको जहान श्रीमती कहलाइन्छिन भने तपाईहरूका जहानलाई श्रीमती भनेर के भयो त? तपाईंले भन्नु भए झैं डाक्टरको जहानलाई डाक्टरनी, मास्टरको जहानलाई मास्टरनी भने सरह जर्नेलको जहानलाई जर्नेली भने भइहाल्दछनि । जर्नेलको जहानलाई श्रीमती भन्देमा राष्ट्रवाद कहांबाट खतरामा पर्न जान्छ ? म त केही बुझ्दिन बा ।

सेनापति :- बाहा ! त्यस्तो कुरा नगर्नेस । हाम्रो चिज नबुझाएमा राष्ट्रवादी प्रजातन्त्र कताबाट सुरक्षा हुन सक्दछ ?

जमीनध्वज मुसुमुसु हांस्दै:- के उपनाम वा पदवि दिएमा तपाईहरू खुशी हुनुहुन्छ साफ-साफ भन्नु भए भइहाल्दछ नि ।

कमलवीर :- यता उति कुरा किन घुमाउनु , स्वर्गमा हिन्दू धर्म नै प्रधान हुंदा र समस्त विश्वमा नै एक मात्र हिन्दूराज्य नेपाल भएकोले त्यहांका जनरलका अर्धांगिनीहरूलाई जे भन्ने चलन थियो सोही उपनाम हाम्रा अर्धांगिनीहरूलाई दिएमा हामीहरू सन्तुष्ट रहनेछम ।

जमीनध्वज :- त्यहां त कुनै कुनै कर्नेलको स्वास्नीलाई पनि जर्नेलको स्वास्नीलाई बोलाउने पदवीले बोलाइन्थ्यो क्यारे होइन ?

सेनापति :- वाइहात ! कर्नेलको जोई पनि कतै रानीसाहेब हुन पाउछे ? त्यो जमाना गयो हजूर । लौ त मेरा कुनै कर्नेलले त्यस्ता कुरा बांट सम्म गरोस त अनुशासनहीनको कानून लगाएर प्रमोशन नै रोकिदिन्छु ।

जमीनध्वज :- लौ भैगो ! कर्णेल, मेजरले त प्रमोशनको आशामा आफ्नो स्वास्नीलाई रानीसाहेबको पदवी नखोज्लान । तर मगर राना हुइदोले त आफ्नो स्वास्नीलाई रानीसाहेब भन्यो भने त - - - - मुण्टो हल्लाउदै यताउता हेर्दछन ।

सेनापति :- त्यसको बाबुको मजाल । हामी तीनलोक चौध भुवन देखाई दिनेछम । यहांले नै सबभन्दा अगाडि हाम्री रानीहरूलाई रानीसाहेब भन्नु भएको होइन ?

कुरा छल्दै जमीनध्वज :- लौ मानूं कि जनरलको स्वास्नी त रानीसाहेब तर तपाईंको श्रीमतीलाई के भन्ने ?

CC-0. In Public Domain. Digitization by eGangotri

सेनापति बोल्न नपाउँदैमा कमलवीर " प्रजातन्त्रमा जर्नेल जर्नेलमा पनि के को भेदभाव ? सबै जर्नेलका अर्धांगिनीहरू रानीसाहेब, प्रधानमन्त्री र अरू मन्त्रीहरू सबैका चाहिं श्रीमती नै हुन्छन " ।

सेनापति :- त्यसो कसरी हुन सक्तछ ? म चिफसाहेब भए पछि मेरी रानीसाहेबलाई बडा रानीसाहेब मान्नैपर्दछ । प्रजातन्त्रको शुरू शुरूमा हामीहरू सबै नै धर्तीधमक्को घरमा उनकी जोईलाई बडारानीसाहेब भनेका हैनाम ?

हावा उल्टो बहन लागेको सुइंको शर्माजीले देखे । अब सेनापतिको निवास्थानमा माफती खाने दिन सकिएको कुरा पनि महसूस गरे । यतिका दिन त सेनापतिलाई मृगतृष्णा देखाई-देखाई उनको घरमा विषयको पुष्टि लिने निहुंले कति पटक भोजमा डुब्न पाएको थियो । आज पनि त्यही दाउ खेल्नेमा आफू अप्रगतिशील साबित हुन जाने हुंदा बूझ पचाई लाज नमानी शर्मा भन्दछन " वास्तवमा कुरा के हो भने संयुक्त राष्ट्रको १२५ सदस्य राष्ट्रहरूमा जनरलकी स्वास्नीलाई रानी भन्ने चलन छैन । प्रथम विश्वयुद्धका विख्याति बेलायतको लार्ड किचनरकी श्रीमतीलाई मिसेस किचनर नै भन्दथे । फ्रान्समा जनरल हुंदा नेपोलियन या देगलकी धर्मपत्नीहरू रानी बनेका थिएनन । द्वितीय महासमरका मित्रराष्ट्रका सेनाध्यक्ष जनरल आइजन हावरकी श्रीमतीले मिसेसमानै चित्त बुझाएकी हुन । राष्ट्रपति भएर पनि आजसम्म मार्शल टीटोकी जहानलाई मिसेस टीटो नै भनीआएकोछ । नेपालका छिमेकी राष्ट्रहरू के कुरा गरौं भने पनि भारतका सेनापति करियप्पा, चीनका चेनी, बर्माका जनरल नेविन, पाकिस्तानका जनरल टीकाखां कसैका जहानहरूलाई रानीसाहेब भन्ने चलन छैन । त्यस कारण यहांहरूकी जहानलाई पनि रानी साहेब भन्न त मिलोइन । "

सेनापति :- वा बेईमान ! क्या गजबको कुरा गर्नुहुन्छ ? म्लेच्छहरूका उदाहरण दिएर पनि कतै सनातन धर्मावलम्बीहरूका मुखमा बुजो लगाउन पाइएला ? हिन्दूहरूका कुरा गर्नोस न ।

शर्मा :- सत्ययुगको कुरा गरौं भने पनि हिरण्यकशीपुका सेनापतिकी जहानलाई बडा रानीसाहेब भनेको कतै फेला पर्दैन । त्रेता युगमा लंकाका सेनापतिहरू प्रहस्त, शार्दूल, इत्यादिका जहानलाई बडा रानी भनेको भेट्टाइदैन, द्वापरमा पनि द्रोण अस्वत्थामा, कृपाचार्य कसैकी स्वास्नीलाई रानी भन्दैन थिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

सेनापति :- सत्य, त्रेता, द्वापरमा त निरंकुश शासन चल्दथ्यो । हाम्रो राष्ट्रवादी प्रजातन्त्रमा कते ती प्रतिक्रियावादी शासनको नकल गर्न सुहाउला ? तपाइलाई पनि प्रतिक्रियावादी भन्दै सुरक्षा कानून अन्तर्गत थुनिदिए भयो, बुझ्नुभो ? "" भन्दै प्याक-प्याक मुख सुकाउँदै ओंठहरुको बीच सेतो थुकको त्यान्द्रो देखिन थाल्यो ।

जमीनध्वज :- त्यसोभए के कारणले तपाईहरूकी श्रीमतीलाई रानीसाहेब भन्नै हामीहरूको चित्त बुझाइदिनोस ।

सेनापति :- हाम्रो राष्ट्रवादी प्रजातन्त्रको मुख्य ध्येय नै सामन्तशाही, वजीरशाही, साम्राज्यवादी अथवा (अकमकाउँदै) अरू कुनै शाहीको दमन गर्नै होइन त ? राणा जर्नेलकी जोईलाई रानी भनेको हुंदा अरू जसबिको रानीसाहेबलाई पनि रानीसाहेब भनिदिए पो तिनीहरूको नाक भाँचिनेछ । हैन भने के को प्रजातन्त्र ?

समितिका अध्यक्ष साहै नै विश्वासपात्र थिए । भाई-नाईको मसौरा बिना कुनै पनि काम गर्दैन थिए । जनरलकी स्वास्नीलाई रानी तुल्याउनमा भाइ-नाइकेलाई केही मतलब नै थिएन । सबै जनालाई मन्त्र सुनाउने, दीक्षा दान गर्ने हुंदा सबै जनाले उनको कदर गरेर हाम्रा सरदार भन्दथे । हुंदा-हुंदा उनको श्रीमतीलाई पनि सरदारनी भन्न थालिसकेका थिए । अब आफू भन्दा तल्लो दर्जाका स्वास्नीहरूलाई उनको मान बढाउनमा उनलाई के खाँचो परेको थियो ? यसैले गर्दा सेनापति र अन्य जनरलहरूले शुकदेवलाई जति बोतलमा डुबाउन खोजे पनि टसको मस भएनन ।

"" हैन तपाईहरूका श्रीमतीलाई रानी भन्न मिल्दैन । व्याकरणको दृष्टिबाट हेर्ने हो भने राजाकै स्वास्नीलाई रानी भन्न पर्दछ । नभएमा राणाकै स्वास्नी रानी हुन्छन । गद्दिका उत्तराधिकारी युवराजकी धर्मपत्नीलाई पनि रानी नभनी युवराज्ञी भन्ने चलन छ । जनरलका श्रीमतीलाई कहांबाट रानी भन्नु ? यस्तो कुरा प्रजातान्त्रीक सिद्धान्तको बरखिलाप मात्र होइनकि व्याकरणको दृष्टिकोणबाट पनि अशुद्ध हुनजान्छ । जर्नेलकी श्रीमती जर्नेलनी नै हुन्छ । जंगी सेवाको हौसला बढाउन जर्नेलकी श्रीमतीलाई रानी भन्ने गरेमा निजामती सेवाका महान्यायाधिवक्ता, महालेखाका श्रीमतीहरूलाई पनि रानी भन्न सरकार बाध्य हुनुपर्नेछ । अनि त निजी सीमित कम्पनीका महानिर्देशककी श्रीमतीहरू पनि रानी नै कहलाउने भए । सब भन्दा असल करा त सबैले या त

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो आफ्नो जातको या पेशाको स्त्री लिंगवाट आफ्नो आफ्नो जहानलाई पुकार्ने गरेमा अति उत्तम । बस्नेतको जहान बस्नेतनी र खत्रीको जहान खत्रिनी अथवा जर्नेलको श्रीमती जर्नेलनी, काजीको श्रीमती काजिनी भन्नेमा कसैलाई केही आपत्ति पर्ने छैन । जातीय स्त्रीलिंगको सट्टा बर्गीय स्त्रीलिंग प्रयोग गर्ने हो भने बाहुनकी स्त्रीलाई बाहुनी, क्षेत्रीकी स्त्रीलाई खसिनी र नेवारकी स्त्रीलाई मयजू भन्ने गर्नू भन्ने सम्म त म सिफारिश गर्न सक्दछु । त्योभन्दा बढता मबाट हुन सक्दैन, माफ राख्नु होला । तपाईहरूलाई चित्त नबुझेमा जाहेर गर्नु भएमा केही न केही कुराको अवश्य टुंगो लाग्नेछ ।" भनी शुकदेव एमीले आफ्नो निर्णय जनरल साहेबहरूलाई सुनाइदिए ।

बिचरा जसाबिहरू हिस्स बूढी खिस्स दांत भए । "हैन हामीहरूले हाम्रो घर व्यवहारमा त रानी भनेमा केही आपत्ति छैन हैन त ?" भनी सेनापतिले सोद्धा "यसमा मेरो केही भन्नु छैन" भनी शुकदेवले औपचारिक मुखमुला धारण गरे।

जमीनध्वज :- थपिनो रानी, मानन्धरनी रानी भन्ने गरेमा कसो होला त ? .....

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १३

सतसंगतको मध्यान्तरमा जलपान गर्न लागेको वेलामा केयन संगतीहरूले आफ्नो आफ्नो मुलुकमा प्रजातन्त्रको लागि आफहरूले के के काम गरेका थिए र सामन्ती अत्याचार विरूद्ध के के गरे थे बारे गफ गर्न थाले ।

थेपचेकाजी :- मैले जस्तो प्रजातन्त्रको लागि दु:ख कसले भोगेका होलान । एक बाजी लडकपनमा समस्त परिवारकै ध्वंस गर्न बारूत बनाएको त ती रांडीका छोराहरूले सुइको पाइनै हालेछन । मलाई फलामको सिक्रीमा फनफनी बांधेर बर्षौ झ्यालखानामा सडाइनै दिए । अहोरात्र प्रजातन्त्रको नामको माला फिराउंदा फिराउंदा वल्ल तल्ल मेरो देशमा प्रजातन्त्र ल्याइनै हाले । तै पनि राजनैतिक बन्दीहरूलाई छोड्दा त मलाई षडयन्त्रकारी भनेर ती पाजीहरूले छोड्न नखोजेका ।

जमीनध्वज :- प्रजातन्त्रको माला फिराउनु भएको कि युद्धको नाम जपनु भएको ?

थेपचेकाजी :- जेकुरा पनि खिस्सीमा उडाएको मलाई मन पर्दैन ।

घमण्डी :- भुन्टेले तपाईलाई नछाडी उ पनि झ्यालखानावाट निस्कन्न भनेको के सांच्चि हो ?

थेपचे :- मलाई नछाडिकन भुन्टे मात्र किन अरू कोही पनि निस्कदैन थिए । झ्यालखानामा गांधीको नक्कल गर्ने मै मात्र त थिए नि । ती उल्लु सामन्तीहरूले मलाई षडयन्त्रकारी भन्देमा जनता जनार्दन किन मन्दथे ।

जमीनध्वज :- त्यसो भए तपाई वारूत-काण्डमा पर्नु हुंदा रामायणको पाठ गर्न शुरू गर्नु भएको त होइन होला कसो ?

थेपचे :- कस्तो बेवकूफी कुरा गर्नुहुन्छ । बारूत काण्ड कुन चाहिने सच्चा क्रान्तिकारीले गरेको छैन ? एक फेरा विदेशी राजदूतले मेरो बारेमा के लेखेका छन रामरो पढ्नु होला ।

जमीनध्वज :- राजदूतले त तपाईले आफ्नो बारेमा आफैले यसो यसो भन्नुहुन्छ सम्म मात्र लेखेका छन । उनले आफ्नो राय व्यक्त गरेका छैनन ।

CC-0. In Public Domain. Digitization by eGangotri

शर्मा :- तपाईं जेसुकै भन्नोस, मैले त मेरो त्रिभुवनको इतिहासमा थेपचेकाजीको वारूत-काण्डले हाम्रो देशको ऐतिहासिक घटनामा मोड ल्याएको मनी लेखेको छु । उहांले जतिको राजनैतिक जीवनमा कम मानिसले यातना भोगेको होला ।

थेपचे :- कुकूरको पुच्छर बार्ह वर्ष ढुंग्रोमा हाले पनि बांग्रोको बांगै । त्यसैले त तपाईंहरू जस्ता सामन्तीहरूको नाक भांच्व म मन्त्रीहुंदा चौघोडे बग्गीमा तोपको सलामी खांदै आफ्नो जन्ति लगेको थिए । नत्र भने म जनता जनार्दनको सेवकलाई त्यसो गर्नाको के प्रयोजन थियो ?

जमीनध्वज :- त्यसैले होला जनता जनार्दनले नक्कली मुजूर मनेको ।

थेपचे :- गरमाउंदै ठूलो डांको गर्दै " मेरै बढता कुरा नगर्नोस । सामन्तीहरूको मुंडी फोरिदिउंला । लो त मनि नै हाल्दछु । साथि हो ! मेरो कुरा ध्यान दिएर सुन्नुहोस (अझ ठूलो स्वरमा मन्चवाट भाषण गरेको भाउ देखाउंदै) यी सामन्तीहरू बडा मतलबी हुन्छन । यिनमा दूध पानी छुट्याउने शक्ति हुंदैन । एक फेरा दुइजना बहालवाला मन्त्रीहरूको साथमा डांकूको सरदार सामन्ती सरताज कहां हामी चन्दा माग्न गएका थियौं । कस्तो लुच्चो ! मन्त्रीहरू देख्ना साथै " आफ्नो देशको मर्यादा राख्न म तपाईंहरूलाई तपाईं भन्न गाह्रो मान्दिन । दोस्रो कुरा - बाहुनहरूलाई हामीले पहिले देखि नै मानेर आएका हुंदा तपाईंहरूलाई म तपाईं नै भन्दछु " भन्दो । त्यो सामन्तीले आफ्नो बढ्दो-चढ्दो समयमा कहिले देशको गौरवको वास्ता गरको थियो त लौ तपाईंहरू आफै भन्नोस । अनि त म तिर फरक्क फर्केर " तंलाई त म तं नै भन्दछु बुझिस ? तं पागल मैजरको छोरा होइनस ? के गर्दछस बाबै मेरो दाजुको छातीमा रौं उम्रेको रहेनछ र बाचिस । मेरो पालामा भएको भए तंलाई खरीको बोटमा फलाई दिनेथें " भनी मलाई त्यो चुच्चा धम्काउदो ।

नातिकाजी दिलचस्पीको साथ :- अनि के गरे ? तपाईंले के भन्नु भयो ?

थेपचे :- त्यस बहुलालाई के भन्नु । म अहिंसावादी नभएको भए तोरीको फूल देखाइ दिने थिएं । बेगुनीलाई गुनले मार्नपर्दछ भनी चुप नै बसें । मलाई मात्र बेइज्जति गरेको हो र । त्यत्रा क्रान्तिका अग्रदूतहरूलाई राजकाज कसरी चलाउन पर्दछ भन्ने भाषण गरेर नपुगी आउने बेलामा

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसको नोकरलाई बोलाई ' यी बाहुन नानीहरूलाई मेरो मठया छोराको लंगमा लगेर कुकुरा र भात ख्वाएर पठाइ दे ' भनी अह्राउँदो । हामी के खान नपाएर त्यसको घरमा गएका हौं ?

शर्मा :- नगद कति भेटियो नि ?

थेपचे :- त्यो कुरा छाड्नोस ।

शालिग्राम :- थेपचे काजीको कुरा सुन्दा मलाई पनि एक भूतपूर्व महाराजको कुरा याद आयो । हाम्रो देशमा परिवर्तन आउनुभन्दा अगाडि मान्छे हेरी कसैलाई प्रभु, कसैलाई सरकार, हजुर, तपाई, तिमी, तं भन्ने चलन थियो । त्यसपछि सबैले सबैलाई औपचारिक तवरमा तपाई नै भन्न पर्ने ठहरिएपछि एक थेपचे काजी जस्तै महान नेता जसले महाराजको धेरै सेवा गरेका थिए र महाराजको बानीबानी पनि राम्ररी चिनेका थिए महाराजलाई भेट्न गएछन । उनलाई तपाई भन्दा के गर्दा रहेछन त भनी पारख गर्न गएका थिए । बूढा बडो होशियार थिए । आफ्नो इज्जत बचाउन जानेका थिए । बिना मतलब यो धूर्त त्यसै यति टाढा अवश्य नै आएको छैन भनी ठानेर ' महाराज अहिले आराम लिइबक्सेको छ ' भनी त्यसलाई बगैचामा घुमाउनु भनी अह्राएछन । अलिबेरमा आफ्नो कोठाको झ्याल व्हांग उगारेर " क्या हो ! कतावाट आइस । मलाई सच्चो नहुंदा तंलाई माथि बोलाउन सकिन माफ गरेस है " भनी उही बुलन्द स्वरमा भन्दा बिचरा नेताजीले फुलुक्क माथि हेर्दा त उहि पुराना रवाफिला महाराजलाई देख्नेबित्तिकै नेताजीको हुंसले ठाउँ छोडि नै हाल्यो । पत्तो नै नपाईकन हात जोडि नै हालेछन । मुखवाट " महाराज " शब्द निस्कि नै हाल्यो । अरू केही भन्न सकेनन । आन्द्राभुँडि चिसो गैलन गै तिघ्राहरू काम्न थाले । यत्तिकैमा " अब जा है त " भनेर बूढाले झ्याल थुनि नै हाले ।

शालिग्रामको मुखले सामन्ती राजाको प्रशंसा ! तै पनि प्रतिशील चतुरे, अजातशत्रु, शिखण्डिनी शिवप्रसादले पनि कुरा नकाटेको देखी सतसंगतीहरू जील्ल परे । रवि वीर, नाति काजी, मंगलमान यी कुराहरूको रसपान गर्ने नै भए । सुर, विरता कसलाई मन पर्दैन । मानवको मनोवृत्ति सितिमिति फेर्न सकिदैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

शिरोमणि :- एकातिर तपाईं त्यस्तो कुरा सुनाउनुहुन्छ अर्कोतिर तिनै महाराज भनाउंदाका सुपुत्रको किन कुरा सुनाउनु हुंदैन नि ? त्यो पुत्रको आफ्नो बाबुको पालामा भूईंमा खुट्टै थिएन । प्रजालाई त मान्छे सम्म पनि ठान्दैनथ्यो । हातमा लौरो लिएर सबैजनालाई ठटाउला जस्तै गरेर हिड्दथ्यो । कस्तो डर लाग्दो थियो । ती बाघ जुंगा अब कहां गए ? स्वर्गमा गाएर त मुचकुन्दे पो बनेछ । आजकाल त कुन ठूलाबडा मानिसहरू आउंदछन भनी स्यालले घाट कुरे झैं विमानघाटमा ढुक्न पनि समाउंदैन । नरलोकमा गरूसंग घूंडा जोडेर बस्न बेइज्जत मान्ने सामन्ती स्वर्गलोकमा त देवी च्यामेको पंक्तिमा सुरापान गर्न पनि लाज मान्दैन । यी सिद्धान्त बिनाका सामन्तीहरू भन्दा त जन्तु नै बनमा धेरै आजादछन ।

शर्मा :- मेरो देशमा प्रजातन्त्रको स्थापना पछि यी सामन्तीहरूले छेपारोले रंग बदलेको जस्तै आफ्नो चोला बदलेको सम्फदामा त म एक्लै पनि दंगदास पर्दछु । शहीदहरूका रगतले हात मुछिएका मानिसहरू स्वर्गमा आएर वकुला भक्त बनेको देख्दा मन मनै हांस्दछु । कोही सामन्ती मनोवृत्ति नाममा हाँसिएको छ भने जस्तो गरी नाम छोटयाउन थाले । उनीहरूको पालामा पो त मन परेको भीम बहादुरलाई भीमे भन्दथे । तर भैरव बहादुरलाई भैरे भन्नु त अपहेलना गर्नु हो । कसैले आफ्नो निवासस्थानमा सामन्ती मनोवृत्ति देखिएला भने र दरबारलाई डेरा भन्न थाले । यिनीहरूले कति सजिलो संग चोला बदल्न आँटेका होलान।

चतुरे :- सामन्ती भन्देमा सबैजना कहां एकै नासका हुन्छन र ? विचरो थुंरथुरे गेहलोद छ हामीले जति वास्ता नगरे पनि कसरी हामीहरू संग टांसिन आइ नै रहन्छ । हामीहरूलाई दर्शन गर्न कहिले पनि चुकेन । जे जसो भने पनि केही मान्दैनन । अब त उनी ज्यादै बूढा पनि भईसके। चोला फेर्नु अगाडि आफ्नो बाबुको पगडी बाल्न पाए अरू केही चाहिंदैन भन्दछन । मैले त हजुरलाई कति चोटि भनि पनि सकें । किन हो कुन्नि उहां मान्नु हुंदैन ।

जमीनध्वज :- चोरको खुट्टा काट्ट भन्देमा थ्वाच आफ्नो खुट्टा धुतेको त होइन । तर मलाई त्यसो भन्न पाउनुहुंदैन । मैले त बजीरशाही शासन संगनै टेक गरेको थिए । मलाई इखाउन म भन्दा मुनीका (थुंरथुरे तिर हेर्दै) लाई लड्डु भन्दा पनि ठूला तकमा दिंदा पनि वास्ता नै राखिन ।

CC-0. In Public Domain. Digitization by eGangotri

विदेशमा जंगी पोशाक लगाउँदा भंगेराको फूल जत्रो हीरा घाटीमा झुण्डयाइदिए । तिनीहरूको निगाहामा बाँच्नु मन्दा त आफ्नै पुरुषार्थले कमाउन सक्दछु भनी देखाउन मेरो घरको बगैंचामा १६ माई बडा-बडा कोडाहरू १५ बटा घोप्टो पारी गाडिदिएको छु । म त पंन्जा याने पन्चमुखीके भक्त हुंदा आज स्वर्गमा पनि यत्रो आसन पाएं । थुरथुरेलाई हेर्दै कहिले सासूको पाली कहिले बुहारीको पाली ।

नाति काजी :- सामन्ती कुलमा पैदा हुँदैमा कसैलाई सामन्ती नै हो भन्नु गल्ती हुनेछ । त्यसो नभएको भए हाम्रा हजुराले जमीनध्वजलाई कदापि वृहस्पतिको स्थान दिनु हुने थिएन । कुल र पानी को मूल नकोटयाउनू भन्दछन । हामीहरू मध्ये एक दुइजनालाई छाडेर कसको नशामा सामन्ती र.गत छैन त ? मलाई हेर्नोस । मलाई सामन्ती भन्न कसको मजाल चल्दछ । हाम्रा हुजुरा नै कम सामन्ती खानदानका हुनुहुन्छ । तर उहाको विचार, सहनशीलता, ध्यान, विवेक, राष्ट्रवादमा अटल विश्वास, प्रजातन्त्रमा दृढ आस्था सबै छत्तिस गुणहरू संपन्न हुंदामा नै हामीहरू उहाका शरण परेका हौं । सामन्ती जस्तो कहां देखिनुहुन्छ ?

रविवीर :- तपाईको यो कुरा त सबैले मान्नैपर्दछ बा । हामीलाई पशु चिन्न गाह्रो पर्दछ । वहां यो मानिस यस्तै हो ठवाक्क चिनीनै हाल्नुहुन्छ । कसलाई कुन काम दिएमा आफ्नो काम बन्दछ भनी बुझि नै हाल्नुहुन्छ ।

यतिका बेर अरूहरू मात्र बोलिरहेका र आफूले एक पटक पनि बोल्न नसक्दा चिरेचिरे मैयां ठुस्स परिरहेकी थिइन । हजुराको नाम सुन्ने विक्तिकै दुवै हातहरू नचाउँदै, आंखिभौ माथितिर खिच्दै चिरिचिरे मैयां भन्दछिन" मेरो कुरा त सुन्नोस । साँच्चै वामन तस्वीर खिच्न सिक्न अमेरिका जाने भो बाबै । हुन पनी वामन जसतो तस्वीर खिच्न अरूको सिपालु छ र ? एकैथरिको तस्वीर पांच छ बटा खिचेर दस दस रूपैयांमा मात्र वेच्दछ । विचरालाई कति मिहिनेत गर्नुपर्छ। नजानेकोभए त्यसो गर्दथ्यो ? एकफेरा (दाहिने हातको चोर औंला पश्चिम दिशामा देखाउँदै, चोसो अगाडि पसार्दै) उहांहरूको पचास साठी वटा तस्वीरको अलबम बनाएर चढाएको थियो । अरूहरूले कति मोल ठटाएर लिंदा पनि उसले एक पैसा पनि लिएन (फेरी मुण्टो हल्लाउंदछिन) । मान्छे सिपालु नभएको भए साचीजीले उसलाई त्यसै अमेरिकामा पढ्न छान्नु हुन्थ्यो ?

CC-0. In Public Domain. Digitization by eGangotri

हेरीरहनोस । मैले मनेकी छु । फर्केर आए पछि उ एउटा ठूलो मान्छे बन्नेछ । मुठ्ठी बांधेर चोर आँला ठहराउंदछिन, ढुकुरले पानी पिए झैं गरी गर्धन तल माथि गर्दछिन ।

वास्तवमा वामन कोहुन । उनी अमेरिका गएर तस्वीर खिच्न सिकेर स्वर्गको के लाभ हुने हो । दश रूपैयामा एक प्रति तस्वीर बेच्देमा कसरी नामी फोटोग्राफर भए । सतसंगतीहरूले केही पनि बुझ्न सकेनन ।...

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १४

एक दिन शिखण्डिनी, चिरैविरै मैयाँ, चूडामणि, नौरंगे डाँफे, चतुरे सतसंगत शुरूहुनुभन्दा अगाडि नै आइपुगेको हुनाले वसी व्यालोमा कुरा गर्न थाले ।

चूडामणि :- हैन अर्ध सामन्तीहरू पनि प्रजातन्त्रको आडमा मनपरी गर्न थाले । त्यो बहुला मेजरलाई हेर्नोस त । एक फेरा तिनलाई बाटोमा हिडिरहेको देखेर मोटरवाट खिस्स हाँसी दिएको त के केहो केके भुतभुताउँदै दुबै हातको बुढी औँला कानका पालहरूमा हाली हातहरू हल्लाउँदै जिब्रो झिक्दै अनेकों प्रकारको मुख बंग्याईं दियो । म त छक्कने परें । तै भाग्यले बाटो हिंड्ने मानिसहरू भण्डावाल मोटरलाई वास्ता नै गर्दैनन र पो कसैले देखेनन । म त भुतुक्क नै हाले ।

चिरैविरै :-' तपाईंले त्यसलाई चिन्नु भएको छ हं । वहां कस्ता कस्ता मानिसलाई (आँखा पल्किक पल्टाउँदै कुनाबाट आकाश हेर्दै ओठले शान गर्दै) साँझ विहान धारे हात लगाउन छाड्दैन, तपाई हामीलाई के गिन्दथ्यो । एक फेरा विचरा महान्यायमूर्ति विमान घाटमा टेविलमा वसिरहनुभएको थियो । म तं नजीक गएर नमस्कार गरिदिएं । त्यो बहुला पनि नजीकै उभिएको रहेछ " न्यायमूर्तिलाई चिनेको छैनौ ? नमस्कार गर " भनी मैले के भनेको त एकदम बांदर ! पशु ! थुक्क । सोम त भनेको अलिकता पनि छैन, महान्यायमूर्ति ? बलीं मूर्ख टेविल लेख्नलाई बनाएको कि वसनलाई बनाएको ? देशको वेईज्जत पो गर्दो रहेछ भन्दै फेरि भूइमा थुकिदियो । विचरा न्यायमूर्ति त मूर्ति जस्तै शान्त नै रहनु भयो । केही पनि नसुनेको जस्तो गर्नुभयो । म पो त कस्तो फसादमा परें । चिनाउन गएकि थिइस नि मोरी ।

शिखण्डीनी :- बुर्चिंग भन्दै कालिजले पखेटा भ्याट भ्याट गरे जस्तो गरी आफ्नो काखी वजाउँदै " वेस गरेछ । हजूरले नमस्कार गर्दा पनि महिलाको अपमान गरि नउठेको खाईस । "

नौरंगे :- त्यो अर्को सिलपट को होउन ? धर्मको ढोंग गर्दै प्रजातन्त्रको कुरा गर्दछ । चिन्दै नचिनेको मानिसलाई नेता जस्तो देख्योकि वाटो नै छेकी हाल्दछ र प्रजातन्त्रमा धर्मको रक्षा गर्न पर्दछ भनी लम्बा

CC-0. In Public Domain. Digitization by eGangotri

बोडा सनातन धर्ममा नै प्रजातन्त्र निर्भर गर्दछ भनी गनथन गर्न थाल्दछ । कुरा गर्दा गर्दै बीच-बीचमा `हरे राम, हरेकृष्ण` भन्दै फनफनी घुम्दै एक वाक्य पूरा गर्न पनि पन्ध्र मिनेट लगाउंदछ । म त हांसोले मुतुक्क नै भइहाल्दछु ।

सबैको घरको कुरा थाहा न भएमा बेईजत मान्ने चिरेविरे मैयां `ए ! लौ ! मैले बुझे ( चुट्की बजाउंदछिन ) । सकें हरिलम्फुलाई भन्नुभएको होला ` भन्दै पेट मिचीमिची हांस्न थाल्दछिन । अनेकौं मुद्राहरू देखाएको जस्तो गरी आफ्ना हातहरू नचाउंदै नाक र ओंठले शिखण्डिनीलाई देखाउंदै चिरेविरे मैयां भन्दछिन ` उ हाम्री वहिनीको मामा । त्यो मान्छे त मलाई कहिं पनि मन पर्दैन बा । रंग न ढंगको मात्र कुरा गर्दछ । ` अरूले उनको कुरामा ध्यान नदिएको देखेर ` विन्ती छ । मेरोकुरा त सुन्नोस ` भन्दै नजीक बसेको मानिसलाई कोठयाउंदछिन । ` फेन प्रजातन्त्र लागेपछि पनि एक फेरा हजूर भनेकोले मत्यसलाई हजुर नै भन्दथें। तै पनि मौका पायो कि हामीहरूलाई होच्याएर मात्र बोल्दो । मैले पनि खपी नसकेर ` तिमी के कुरा गर्दछौ, तिम्री बज्यै र मेरी सासूमा के फरक त हं ? तिमी मभन्दा कसरी ठूला भयौ तर जे भए पनि म तिम्री काकी नै हूं भनिदिएको त ` हाम्रो जिज्यूमुमा हुकुमले ठूलो भएको ` पो भन्दो रहेछ । भन्नोस त अब प्रजातन्त्रमा पनि त्यो हुकुम चल्दो होला त ?` नाकको फोरा फुराउंदै मुण्टो बटादै ` ह्या त्यसको त म कुरै गर्न सक्दिन । `

शिखण्डिनी :- मैले मेरो मामालाई कहिले असल भनेको छु त ? लोग्ने मानिस पनि कते असल हुन्छ ? हाम्रो माईज्यूलाई कस्तो दु:ख छ हामीलाई नै थाहा होला । माईज्यूलाई सिकाउंदा सिकाउंदा बल्ल तल्ल मामा संग छुटिन मन्जूर गर्नु भयो । पुरानो विचारकी हाम्री माईज्यूलाई प्रजातन्त्रको फाइदा उठाउन के जान्नुहुन्छ ? ` यो त प्रजातन्त्र हो माईज्यू सिमसिम राजाको पाली होइन । पोइको सती जादैमा कहां स्वर्गजान पाइन्छ ? स्वर्ग पुग्न त हामी जस्ते औंसरछोप्न पर्दछ । आफ्नो लागि नभए पनि समस्त नारी-कल्याणको निमित्त पोइको थिचोमिचो सहन पाईदैन । लोग्नेको पाइतलाको धूलो बनी बस्ने बेला गयो । ` इत्यादि कुराहरू फलाक्दा फलाक्दा बल्ल तल्ल ६० वर्षको उमेरमा अलग बस्न सम्म त राजी भईन तै पनि मुद्दा गर्न त मान्दिनन ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता पिछडिएका महिलाहरूलाई कसरी प्रगतिशील बनाउनु छ ?

चिरेबिरे मैयां :- तिमी जेसुकै भन बहिनी, यो कुरा त म ज्यान गए पनि मान्दिन । मान्ने मान्छेलाई मान्नेफ प्रजातन्त्र न लज्जातन्त्र, म त आफूले मानिआएको मानिसलाई मान्ने हुँदा जोसुकैले जेसुकै भनून । हेरन, भन कस कसले कोसित के कुरा गर्दछन, मन्दछन सुन्न भाउज्यूको टेलिफोन निर सधैं वस्तछु र सुत्ने बेलामा पनि टेलिफोन सिरानमा नै राखी सुद्दछु । एक दिन त बिहा नै टेलिफोन क्यार, क्यार ! गायो म अभागिनीले त्यहीं दिन फर्को लागेर अर्कालाई फोन उठाउन लाएं । अनि भाउज्यू हस्यांग फस्यांग गर्दै कुरा गर्नुभयो । कुरा सकिएपछि को रहेछ भाउज्यू भनी सोधेको त साचीजी पो बोल्नु भएको रहेछ । कस्तो मती बिग्रेर आफैले नसुनेको भनी थक-थक लाग्यो । जे भए पनि एक फेरा त आफ्नो स्वर सुनाउन पाउँदथेंकि ।

चिरेबिरे मैयां को कुराको अर्थ बुझ्न नसकी सबैजनाले फर्को मानेको देखी " मेरो कुरा त एक फेरा सुन्नोस । यता त हेर्नोस हरे राम, के भाको बिन्ती छ " भनेर मैयां चिच्याउँदै थिइन ।

चतुरे " अब तपाई चुप लाग्नोस । घेरै नै बक बक गरिसक्नुभयो । कस्तो मुख पनि नथाकेको " भनी उनलाई चुप गराइदिए । ......

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १५.

राष्ट्रवादी प्रजातन्त्र स्वर्गमा चलाउने बारेमा कुनै ठोस निर्णय लिन मुश्किल पर्न गएको थियो । कुण्ड-कुण्ड पानी मुण्ड मुण्ड बुद्धि भने जस्तै थरी-थरी मानिसहरूका बेग्ला बेग्लै राय थिए । कोही स्वर्गवासीहरूका अविकसित संकुचित मनोवृत्ति देखेर वाक्क भएका थिए । स्वर्गको माटो, जल, वायु सुहाउँदो तानाशाहीको आडमा औसरवादको अभ्युत्थान गर्न चाहँदथे । यसतो अवस्थामा राष्ट्रवाद प्रवक्ता बनेर स्वर्गको संपत्ति आफ्नो घर घरमा औसार्न नसक्नु मूर्खता हो भन्ने देखेका थिए । रविवीर नातिकाजी जस्ताका मतमा वस्तुस्थिति अनुकूल नचली सिद्धान्तको हावा खाएर पेट भरिंदैन भन्ने पक्षमा थिए । कोही भने प्रजाको राजामाथिको अन्ध-विश्वासको फाइदा उठाएर औसरवादलाई फलाउन फुलाउन कटिबद्ध थिए । इन्द्रको पालामा जस्तै कुनै एक व्यक्तिलाई आधुनिक स्वर्गमा सर्वशक्तिमान बनाएमा औसरवादको भलाई छैन भन्ने प्रति बुझेका थिए । साथै तन्त्र मन्त्र नगरी र वाद-विवादमा नफस्नु नै औसरवाद हो भन्दथे । मुकुट भनेको त पाटनको मछिन्द्रनाथको भोटो-यात्रामा टोदहको कर्कोटक नागलाई फुस्लाउन भोटो देखाए भैं चाड पर्वमा, रैतीहरूलाई फुलाउन यताउतावाट देखा पर्न मात्र पर्दछ । कामकाज त औसरवादीहरूलाई नै सुम्पिन पर्दछ । सर्पको खुट्टा सर्पले नै देख्ने हुंदा प्रजाको पीरमर्का प्रजाले नै मात्र बुझ्ने हुंदा प्रजाउपर प्रजाकै प्रतिनिधिहरूलाई राज्य गर्न दिन पर्दछ । तर राष्ट्रवादी प्रजातन्त्रको दिशा-सूचक पद्धति अनुसार दलबन्दी प्रजातन्त्रमा महत्व नभएवाट औसरवादीहरूलाई नै प्रजाका प्रतिनिधि मान्नेपर्दछ । मुकुटलाई मलहम पट्टी लगाउने कर्तव्य यिनैको हो । प्रजालाई प्रतिनिधिगर्ने अधिकार यिनैको हो । अराष्ट्रवादी तत्व-वाट राष्ट्रवादी तत्वको पृथकता बचाउने अभिभारा औसरवादीहरूकै कांधमा पर्न आएको छ भन्ने कुरा राष्ट्रवादी प्रजातन्त्रको स्वतः सिद्ध स्वयंतथ्य हो भन्ने कुरा अविवादिय छ । कसैको राय सरसल्लाह अथवा परामर्शबमोजिम मात्र राज्यको काम गर्न परेमा स्वर्गको उत्थान र विकास कहांवाट हुन सक्दछ भन्ने गुनासो गर्दथे । राष्ट्रवाद आविस्कारीहरू भने जांतोका चक्कीहरू जस्तै राष्ट्रवादको खातिर रातो दिन पिसिनुमा नै सन्तुष्ट रहन पर्ने, उता अरूहरू भने मकै, गहुं, चना इत्यादि भैं पीठो बनेर राष्ट्रवाद तत्वको प्राण धान्ने

CC-0. In Public Domain. Digitization by eGangotri

अन्न बन्न गएको कुरा चतुर्योगी मैथिली, अजातशत्रु थपैया. जस्तालाई मन परेको थिएन । एक थरी भने कुनै पनि वाद या तन्त्रबाट आफूहरूले लाभ उठाउन नसक्केकोले राज्यमा राजाकै राज्य चल्न पर्दछ भन्दथे । कुनै व्यक्तिले आफ्नो संपत्ति आफ्नो मनखुशी गर्न पाउँछ त राजाले आफ्नो राज्यमा स्वेच्छाले राज्य गर्न किन नपाउनु भन्ने तर्क विश्वासपात्रहरूलाई सुनाइहाल्दथे ।

यति मात्र होइन । हरएक व्यक्तिको प्रजातन्त्रबारे आफ्नैपनको धारणा थियो । आफ्नै बेग्ला बेग्लै अनुभव पनि थियो । यसैकारणले कसैले पनि प्रजातन्त्र भनेको यही नै हो भन्न सक्का थिएनन । तैपनि आफूलाई प्रगतिशील कहलाउनलाई आफूलाई प्रजातन्त्रवाला देखाउन पर्दथ्यो । कुनै शक्तिशाली व्यक्तिले डोरो बाटो लगाइदिएको गोरेटोलाई नै राजपथ ठान्दथे । ती पछि कसैको भनाई सुन्न चाहँदैन थिए । न त अरूको राष्ट्रको अनुभवको नै फाइदा उठाउन चाहन्दथे । औसरमात्र खोज्दा खोज्दै सोचविचार गर्न समयनै पाउँदैन थिए । इन्द्र भागेर आफूहरूले स्वर्ग कब्जा गरेको कुरा बिर्सिएर स्वर्ग र इन्द्रलाई पर्यायिक बचनहरू सम्झन थालेका थिए । त्यस तै मानसिक खल्यांग बल्यांग परेको अवस्थामा :-

चतुरे :- स्वर्गलाई उन्नत तुल्याउने हो भने इन्द्रासनको अधीनमा प्रजाहितको लागि हामीहरूले नै स्वर्गको राज्यको बागडोर सम्हाल्नपर्दछ । यो मेरो दृढ विश्वास हो नत्रभने हाम्रो यत्रो तपस्या र मेहनत विफल हुनेछ । यो कुरा राम्री बुझ्नु होला । लहै लहैमा यताउता उचालिन हुँदैन । याद राख्नोस मलाई नै तपाईंको नाइके बनाउनोस भन्ने मेरो मतलब होईन । आफूहरू मध्ये केही लायकको छु भन्ने लाग्दछ भने अगाडि सर्नोस । तैपनि राम्ररी सोचविचार गरेर कदम चाल्नुहोला । खालि प्रजातन्त्र, प्रजातन्त्र भन्देमा काम चल्दैन ।

जमीनध्वज :- कृष्ण सारथी नभएको भए पाण्डवहरू रण नदी पार गर्न सक्ने थिएनन भनी उहाँले संझाउनु बुझाउनु भएको हो भन्दै आफ्नो टाउको हल्लाउन थाले ।

थुकथुके :- खै ! प्रजातन्त्र केलाई भन्ने ? हामीले सिपाही गिरी देखि राज भक्ति देखाएर कत्रा कत्रा काम गरेम, आज जावो मूसा हुँदा पनि सबैजना यत्रो यत्रो आंखाले हेर्दछन । यत्रो ठूलो काम चलाइदिंदा पनि मलाई खै मुखत्यारी अधिकार ? यही हो प्रजातन्त्र ? मलाई कसले पुच्छ्छ ? म केको

CC-0. In Public Domain. Digitization by eGangotri

सैक्रेटरी ? उहिलेको सिक्टर जति पनि मेरो कदर छैन । हुंदा हुंदा हियाएर मूसे पो भन्दछन । यो के को प्रजातन्त्र ?

थेपवे :- त्यही त । यहां त शहीदहरूको पनि केही कदर छैन । न त नेताके कुनै भाउ हुन्छ । आफ्नो आफ्नो ठाउंमा जो पनि आफूलाई नै ठूलो ठान्न खोज्ने । कस्तो अवस्था । मलाई त बाटोमा देखे पनि नदेखेको जस्तो गर्दछन । जहां नेताकोकदर छैन, शहिदहरूको आदर हुन्न, त्यस्तोलाई कहीं प्रजातन्त्र भन्न सकिन्छ ? हिटलरको भाषण सुन्न कति कति टाढाबाट मान्छे जम्मा हुन्थे रे । यहां त मलाई भाषण गर्ने सम्म पनि मौका मिल्दैन ।

लम्बोदर शर्मा :- अरे ! मेरो अनुभव सुन्नुभयो भने दंगदास पर्नु पर्नेछ । प्रजातन्त्रले त मानिसको दिमाग नै अर्को बनाइसक्यो । मेरो नयांघर बनाउनलाई ज्यामीहरूलाई पेश्की दिएको दिनदेखि नै उनीहरूको नाक मुख नै देख्न छाड्यो । बल्लतल्ल एकदिन ज्यामीनाइकेलाई बाटोमा भेट्टाइहाले । "काममा किन नआएको बाबु भनेको त " आजकल अन्ते ठेक्का लिएकोले आउन नसकेको । त्यहांको काम सकिना साथै हजूर कहां आउंदछम " भनी जवाफ दियो । प्रजातन्त्रमा जुन काम पहिले थाल्यो सो काम न सकीकन अन्त काम गर्न पाईंदैन भनी मन सिकाइदिएको त एकदम अनौठो चेहरा लगायो । या त काममा तुरून्त आ नभए पेश्की फर्का के भने थे उल्टो मलाई त्यो प्रजातन्त्रको अर्थ बताउंदो । यो त प्रजातन्त्र हो साहेब, वजीर तन्त्र होइन । एक पटक काम दिए पछि खोस्न कहांबाट पाइन्छ ? फुर्सदमा आएर काम सकाइदिउंला " भन्दै ठिम-ठिम परेर गयो । उल्टो चोर कोतवाललाई डांटने ? हेर्नोस्न ! मलाई त्यो प्रजातन्त्र सिकाउने, के भन्नु अब ।

पुण्डरीकाक्ष :- प्रजातन्त्र भनेको कुन चिडियाको नाम हो रैतिहरूलाई के थाहा छ । एक दिन मोटरमा पेट्रोल हाल्न लागेको थिएं, एउटा बगरे खसीको बगाल ल्याएर मेरो मोटर नै रोकि दियो । आंखा देख्दैनस खसीलाई अलि परधपा भनेको त " प्रजातन्त्रमा तं तं मम नगर्नोस " भन्दा त म त जील्ल नै परे । एक त तिनीहरूलाई प्रजातन्त्र सिकाउन मनोनीत भएको नेता म, दोस्रो तिनीहरूलाई के गरे ठीक बेठीक हुन्छ भनी ऐन बनाउने मन्त्री म। त्यस माथि पनि मलाई औंठे जवाफ दिने को रे ? त्यो जावो कसाई । रीसले त मुतुक्के मै हालें ।

CC-0. In Public Domain. Digitization by eGangotri

तेरो बाज्येलाई तँ भनें, तेरो बाबुलाई तं भन्दैछु अब के प्रजातन्त्र लाग्यो भन्दैमा तलाई हजूर भनौत ? अहिले वजीरका छोडा सम्मलाई त देखिस भनें सुरुवाल नै भिजाउने छस, म शाहनशाही, पृथकक्षेत्र, सामशाली राष्ट्रको मन्त्री संग मुख मुख लाग्ने तं बजिया भनी हप्काइदिएं ।

थुरथुरे :- हाम्रा दाजुभाई त आफ्ना श्रीमतीलाई पनि तपाई भन्नुहुन्छ ।

थुरथुरेको कुरा वास्ता नै नराखी शालीग्राम :- यहां पनि कस्तो नालायक को मन्त्री हुनुहुंदो रहेछ । म तपाईंको ठाउंमा भएको भए तुरून्तै सुरक्षा कानून लगाएर थुनी दिन्थें । पछि जे होला देखा जाएगा ।

मास्टरजी :- तपाइको कुरा मलाई त चित्त बुझेन । तपाई र मन्त्रीमा धेरै नै फरक छ । अहिले त तपाई जे पनि गर्न सक्नु हुन्छ । प्रजातन्त्रका मन्त्रीहरूको प्रजातन्त्रमा के भाउ हुन्छ र । कतिपय भू. पू. मन्त्रीहरू लौंकान लगाएर गल्लीमा छेऊ छेऊ लाग्दै हिंड्नु भएको देख्नु भएको छैन । दशैं तिरका टुंडिखेलका भोटे भेंडा भन्दा पनि गल्ली गल्लीमा मन्त्रीहरू बढेका देखिनुहुन्न । त्यसैले म त मेरो कलेजको टहलुवालाई पनि पानी खान दिनोस भन्दछु । को भन्न सक्दछ भोलि उही हाम्रो शिक्षा मण्डली भयो भने त्यसबेला मैले के भन्ने ?

चतुरे :- त्यही त मैले बारबार तपाईहरूलाई भनि राखेको । प्रजातन्त्रको मर्म तपाईहरूले राम्ररी बुझ्नु भएके छैन । कुनै एक व्यक्तिको नेतृत्वमा चल्न पर्दछ । टहलुवा भन्दैमा उसमा योग्यता रहेछ भने किन मण्डली बन्न नपाउनु ? मैले तपाईहरूलाई बखत बखतमा सम्झाईरहेको छु कि पहिले आफ्नो खुट्टामा उभिन सिक्न पर्यो । अर्काको निगाहमा मात्र कति दिन झुण्डिरहने ?

धुकधुके :- आजकाल के को प्रजातन्त्र ? परजा — तन्त्र पो छ । प्रजातन्त्र लाग्ना साथै कारिन्दाहरू त सूट पेन्ट लगाएर मुडुला टाउको अड्डामा आउन थाले । मलाई त खपी नसक्नु भएर कसको मलामी जान लागेको ? विदेशको नक्कल गर्दैमा प्रजातन्त्र आउंदछ भनी मार झपारिदिएं ।

थेपचे :- के भन्नु खै ! प्रजातन्त्रमा पनि सामन्तीहरूको अझै गुण गान गर्ने मान्छेहरू छदैछन । म मन्त्री छंदा एक विभागका डेढ दुइ सय

CC-0. In Public Domain. Digitization by eGangotri

म्यादी कर्मचारिलाई धपाई मेरा पक्षका राजनैतिक पीडितहरूलाई मौका दिऊं भनेको त त्यस विभागिय तालुकवाला समान्तीले ज्यान गए पनि मानेन । अझ उल्टो मलाई गिज्याउँदै तपाईंको मनाई बमोजिम मेरा पुर्खाले जनताको शोषण गर्थे भन्नुहुन्छ अब त्यसको प्रायश्चित गर्न पनि म यी निरापराधी कर्मचारीहरूकै पक्ष लिन्छु भनेर मैले भनेको नमान्दा बरू राजिनामा नै सरकारमा पेश गर्यौं । हाम्रा राजा पनि एक भोलानाथ हुनुहुन्थ्यो । म प्रजातन्त्रको खातिर जीवन नै कारागारमा बिताउनेको पक्ष नलिई त्यही सामन्तीको कुरा खानु भयो । ती भुच्चुक जनता पनि विचारै नगरी त्यो सामन्तीको जय जय अड्डामा नै गरिदिए । खै ! जनता जनार्दनले प्रजातन्त्रको माने बुझेका ?

जमीनध्वज :- राजनैतिक पीडित कसलाई भन्ने कसलाई । हामीहरू भन्दा बढता राजनैतिक पीडित अर्को नै भन्ने हो भने को होला त ?

शिरोमणि :- सर्पको बच्चा र सामन्तीका बच्चालाई हेला गर्न हुँदैन । मौका पायो कि मारीन हाल्नु पर्दछ । मेरो किताब त पढ्नोस अनि थाहा पाउनुहोला । यी सामन्तीहरू प्रजातन्त्रका कट्टर दुश्मन हुन । यितीहरूलाई टाउको उठाउन कहिले पनि दिनु हुँदैन ।

थर्पवे :- सामन्तीहरू त प्रजातन्त्रका घोर विरोधी हुन । देख्नु हुँदैनथियो देशको खातिर ती पाजीहरूलाई हामीहरूले सरकार, प्रभु भन्यौं भनेर कसरी हाम्रा घोडा चढेका थिए । राजभक्त, देशसेवी हामीहरूलाई निजी नोकर जस्तो ठान्दथे । हामीहरूलाई उनीहरूले कहिले आफ्ना छोरी-बेटी विवाह गर्न दिए ? प्रजातन्त्र लागेपछि पो मानिसहरूले तिनीहरूका छोरी भगाउन थाले । मलाई त प्रजावत्सल मेरा राजाले आफ्नो नातेदारको छोरी संग विवाह गराइदिनु भयो । दशैमा टीका लगाएर दक्षि पनि दिनुहुन्थ्यो । यो हो खास प्रजातन्त्र । ती मौराहरूको त जिभ्रोको टुप्पामा ऐन झुण्डिएको थियो । यसो भए ता पनि यसो गरि दिनु भन्दै मेरो त आधा जिन्दगी झ्यालखानमा नै फ्यांकि-दिए ।

थुरथुरे :- मैले त राम्ररि घोडा चढ्न कहिले पनि जानिन बा भन्दै टाउको हल्लाउँदछन ।

थुकथुके :- म त हकको कुरा बोल्न डराउने होइन । उनीहरूले कहिले पनि ऐन सवाल नाघेर काम गर्दैनथिए । आफ्ना शासनको बरखिलाप

CC-0. In Public Domain. Digitization by eGangotri

उठने बागीहरूलाई पनि सजाय गर्दा ऐनमा टेकेर नै गर्दथे । मनपरी त प्रजातन्त्रमा पो गरिन्छ । उनीहरूले कसैलाई पनि सुरक्षा कानून लगाएको थाहाछ ?

कमलवीर :- ऐनमा टेकेर सजायं गरून कि त्यसै गरून सजायं त गर्दथे कि ? पब्लिकको त के कुरा गर्नु हाम्री रानीसाहेब मै खाएकीहरूलाई त प्रजातन्त्रको माने थाहा छैन अरूको के कुरा गर्नु । एक दिन कवाजबाट भोकले भुतुक्क भई घर फर्केर आएको त घरमा भुजे छैन । भुजा खोई भनी रानीसाहेबलाई सोधेको त मेरा पिताजी भरखरै पहाडबाट आएकोले उनलाई पो खुवाईदिइछ । जर्नेल भुजा ढाकेलाई पस्कने के भन्नु ।

थुरथुरे :- हाम्रो सन्तानमा त प्रजातन्त्रमा त्यस्तो चलन छैन । जो सरकारी जागिरमा ठूलो हुन्छ उसैलाई मान्दछन ।

नमीनध्वज :- उही रानी उहीने मान्छे वाहुनी ।

कमलवीर :- देश विदेश नै नदेखेको जस्तो कुरा पो आज्ञा हुन्छ । बेलायत अमेरिकाको प्रजातन्त्रमा श्रीमतीहरूले नै रसोईको काम गर्दछन । नोकर चाकर त सामन्तीहरू मात्र राख्दछन ।

अरूहरू चुप लागेको देख्ना साथै मौका छोपेर विरैविरै मैयां :- हो त नि । मैले पनि त त्यही त होनि भनेको । मेरो कुरा कसैले खानु भएन । प्रजातन्त्र प्रजातन्त्र मात्र भनेर के गर्नु ? आफ्नो रीति थिति पनि छाड्नुहुँदैन । मान्ने मान्छेलाई मान्नै पर्दछ । जो सुकैले जेसुकै भनून म त मान्ने मान्छेलाई मान्न छाड्ने होइन । अस्ति सबैजनाले नदेखेको जस्तो गर्दा पनि राजकीय पाजुकाजी देख्ना साथै सबै काम छाडेर पनि जुरूक्क उठेर वहांलाई दर्शन गरिदिए (दुईहात जोडेर नमस्कार गरी देखाउंदछिन) सबैलाई नकवराइदिए । म त कम मान्छे होइन त । तपाईहरूले चिरैविरै मैयांलाई के चिन्नुभएको छ हैं (नाकका प्वालहरू फुराउंदछिन कम्मरमा दुवै हात राख्दछिन) । शिखण्डिनीलाई हात र मुखले सान गर्दै नजीक बोलाउंदछिन र कानमा खुसुक्क भन्दछिन " तिमी पाजुकाजी कहां गयौ ? जे भए पनि जानु पर्दछ । वहांको छोरीको छोरीका छोरी मरिन रे । एक बाजी गएर के नोक्सानी हुन्छ । जाऊ म त दुइ बाजी गइसकें । फेरि पनि जान्छु त्यहां ठूला मानिसहरू संग भेट्ने मौका पनि पर्दछ " । .....

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १६.

एक जुग भन्दा पनि बढता स्वर्गको रजाइ गरिसके पछि पनि स्वर्गमा कुनै खास परिवर्तन आएको देखिएन । डर र त्रासले भयभीत भएर स्वर्गवासीहरूले छ्यान विचार गर्न त छाडिदिए । नै पनि औसरवादीहरूको फाईफुट्टीमा विश्वास गर्न सकेनन । स्वर्गको परम शत्रु अराष्ट्रवादी तत्व नै हो भन्ने कुरा त बिना तर्क नै मानिहाले । तथापि अराष्ट्रवादी तत्व क्या हो बुझ्न सकेका थिएनन । शक्ति पुजारी बन्न त केही गाह्रो भएन । तर राष्ट्रवादी प्रजातन्त्रमा मानिस नै गनिँदै नगनिएका व्यक्तिहरूको प्रतिभाको प्रभाववाट मुग्ध नहुन त मुश्किल नै थियो । छरछिमेकी संगको लसपसले आफ्नो व्यक्तित्व बिलाउने शंकाको उपशंका पल्याए ता पनि उनीहरूसंग सांस्कृतिक, भौगोलिक, धार्मिक, राजनैतिक, व्यवसायिक, बौद्धिक, मानसिक, व्यावहारिक सम्बन्ध विच्छेद गर्नु गाह्रो नै पर्दथ्यो । देवताहरूको पालामा स्वर्गमा कुनै प्रकारको विकास भएको थिएन भन्ने कुरा मान्छेमा आधुनिक स्वर्गमा स्वार्थ सिद्धि हुने हो भने आँखा चिम्लनामा स्वर्गवासीहरूलाई नैतिक पतन जस्तो लाग्देन थियो तापनि असत सत बुझि स्वर्गको वायुमण्डलमा छाएको देख्दा राष्ट्रवाद फैलाउने फष्टाउने कुरा बुझ्न गाह्रो नै परेको थियो । स्वर्गमा इतिहासको केही महिमा छैन । बितेका कुराहरूमा तर्क बढाएर आधुनिक स्वर्गमा फाईदा हुँदैन भन्ने कुरा बुझ्ता पनि मानिसको जिज्ञासाले गर्दा इमारत, कीर्तिस्तम्भ, शिलालेख, घण्टाघरहरू तिर पल्याक पुलुक हेर्न नै खोज्दथे । समाजवादमा गुटबन्दी भई रैतीहरूको भलाइ हुँदैन त शायद मनासिब कुरा नै होला तर औसरवादमा फट्टुबाजीके बोलबालाले मात्र स्वर्गको भलाइहुन्छ भन्ने कुरा जनताको हृदयमा राम्ररी घुस्न सकेको थिएन । तन्त्र, मन्त्रले मानिसको आँखामा छारो हाल्ने संभव छ भन्ने कुरा बुझ्न केही गाह्रो कुरा होइन तर, दल, बल रहित विजय कसरी पाउने कुरा कसरी पत्याउनु ? निरंकुश शासनमा रैतीको कल्याण छैन त भन्न सकिन्छ । तै पनि अधिनायकत्व मा जनताको भलाई निहित छ भन्ने कुरा अन्तरस्करणले पत्याउँदैन थियो । मन्त्री परिषदिय सरकार नातावाद कृपावादमा निर्भर हुन्छ भनी आलोचना गर्न सजिलो छ । तर मण्डलीहरू इष्ट मित्र, भाई भतियारहरूको वास्ता राख्दैनन भन्ने कुरा कसो गरीकन प्रचार गर्ने यस्ता कुराहरूमा त परमादेस नै लगाउन पर्दछ । तै पनि के गर्नु वावै ! केही कुरा बोलुं भने दुइ बिसौलीको जिब्रो राम्ररी नफटकारिने । कानले सुनेको कुरा गिदीले नसमाउने । आँखाले देखेको कुरामा चित्त नबुझ्ने ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गवासीहरूको यस्तो चलन देखी उग्रगामी मौसरवादीहरूका नाईकेहरूले महा गुप्त सभा मध्यान्न राती शुरू गरे ।

चतुरे :- मैले तपाईहरूलाई भनेको हो कि होइन । जे काम पनि हामीहरूले नै गर्न पर्दछ । अर्काको आड भरोसा लिन हुँदैन । मैले भनेको मानेको भए आज हाम्रो यस्तो हालत हुन्थ्यो ? मलाई त मान्छैने गर्नुभएन ।

रविवीर :- अफ पनि के बिग्रेको छ त ? बुद्धि बिनाका रैतीले के लछार्न सक्छन ? हाम्रा कुरा नखास्ता पनि माथिवाट अह्राएको कुरा नमानी सुख । हामीलाई देखा पर्न किन परेको छ ।

नाति काजी :- त्यसैले त म त मेरा भाषणहरूमा आदेशानुसार म यसो गर्छु यसो भन्दछु भन्ने गरेको छु । मलाई कसले के भन्न पाइन्छ ? म त फगत अह्राएको पराएको काम मात्र गर्ने न हुं ।

चतुरे :- त्यसो भन्देमा कहांवाट फुत्कन पाउनुहुन्छ । अरूले केही नगरेता पनि म त तपाईलाई किमार्थ छाड्ने होइन । आन्दोलन त छेडिनको मलाई सहयोग नदिई दूधवाट झिंगा फाले झैं फालेको मैले कहां बिर्सेको छु र ?

रविवीर :- स्वर्गमा आन्दोलन ! कस्तो कुरा गर्नु भएको ? स्वर्गवासीहरू र पशुमा के फरक छ ? पशुहरू कुरा बुझ्दे बुझ्दैनन । स्वर्गवासीहरू बुझेको कुरामा पनि अलमलिन्छन । सूर्य दायां भएसम्म रविवीर कसै संग पनि डराउँदैन ।

अजातशत्रु :- कस्तो अचम्मको कुरा हो कि ? हामीले राष्ट्रवादको अंगालो हाल्दा र स्वर्ग पुग्दा कस्ता कस्ता आंट गरेका थिएम । तर के गर्नु काग भन्दा कोइली चंखा, कोइलाभन्दा खत्रीचंख निस्किलयो ।

शिप्रसाद :- तपाईहरूले गर्दा त म पनि सिचीमा मुछिन आएं । मेरो देशमा जे भए पनि मलाई लेताने ठान्दथे । तपाईहरूले हाती चढेको देख्दा घुरी चढन गएं । अब त यहांको भएन उहांको हुन गए ।

रविवीर :- के भयो त श्रीमान ! जे भए पनि मण्डली बनेर इतिहासमा स्थान त पाउनु भयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

शिवप्रसाद :- त्यसमा पनि शंका नै छ । हिजो सम्मका महाराजलाई आज हामीहरूले नै श्री फलानाजी मात्र बनाई दिएम । अराष्ट्रवादी तत्व भोलि राष्ट्रवादी तत्व बन्नगए भने के गर्ने ? त्यसवेलामा कुन स्थान पाउने ?

नातिकाजी :- मलाई त यस्तो कुराको वास्ता छैन । लाएको काम निमक्को सोझो चिताएर गरे पछि बाटोमा हिंड्दा काटाले पनि कोर्दैन ।

चतुरे :- कस्तो अन्धो भक्ति ! हामीहरूको अवस्था राम्ररी बुझ्नुभएको छ हिजो सम्म माथा भन्नेको जस्तो गरी मेरो वरिपरि घुम्ने मानिसहरू आज मलाई परामर्शग्राही मण्डलको मण्डली नभएको देखेर कुरा गर्न सम्म पनि डराउंदछन ।

अजातशत्रु :- स्वर्गमा हाम्रो के भाउछ ? हंसराजको नोकर भन्दा पनि हामी बिग्रएका छौं। तपाईहरू मण्डलीहरू आफै नै भन्नोस्त । तपाईहरूका मन्त्रालयका सेक्रेटरीहरूले तपाईहरूको वास्ता गर्दछन ? पुराना साथीहरूको अगाडि मुण्टो उठाएर हेर्न सक्नु हुन्छ ? अब यसो गरेर काम चल्दैन । केहीन केहीत अवश्य गर्न पर्छ ।

रविवीर :- अन्धा को लौरी कुंजो । के गर्ने अब , जो हाथ सो साथ गर्ने ।

चतुरे :- जो हात पनि के पार्ने बासी भात ? राष्ट्रवादको खातिर व्यक्तित्वलाई तत्वमा मिलाइहालेम । व्यक्तिगत निष्ठा, आत्मिय रिश्ता, मानव नाता अव हामीसंगको जोड्न चाहन्छन ? राष्ट्रवादको जोसले रैतीहरूको होस उडाउन खोजे तापनि उनीहरूको मनको कुरा थाहा पाउन सकिएन । राष्ट्रवादको महिमा कण्ठस्थ रैतीहरूले गाएता पनि त्यसमा विश्वास गर्दछन कि गर्दैनन कताबाट ठम्याउने ? मुखमा राम राम बगलीमा छुरा गरेका भए ? अथवा अराष्ट्रवादीतत्व लाई सांच्चि नै पत्याएको भए हाम्रो स्थान कहां त्यस कारण स्वर्गवासीहरूको बुद्धि बिगारेमा कसोहोला ? क्रान्तीमा शान्ती छ भन्ने कुरा फैलाए के होलात ?

अजातशत्रु :- अब हाम्रा कुरा कसले पत्याउंदछन ? हामी त धोबीको कुकूर न घरको न घाटको भैसकेम । बख्शालिग्रामले जे भन्यो मूर्ख रैतीहरू त्यसै गर्दछन । व्यापारीहरू पनि उनैको इशारामा भाउमा घटबढ गर्दछन । क्रान्तिले शान्ति ल्याउनको सट्टा परिवारमा फुटल्याउन-सके हाम्रो आवश्यक पर्न जाला कि ?

CC-0. In Public Domain. Digitization by eGangotri

नाति काजी :- म त क्रान्ति कलहको पक्षपाती छैन बा ! आफ्नो पुरपुरोमा जे लेखेको छ त्यसैमा सन्तुष्ट छु । मलाई त कसैले पनि पत्याउन परेको छैन । पत्याए भएसम्म स्वर्गको बास गर्नेछु । हैन भने मजासित मृत्युलोकमा गई आफ्नै घर सम्हाल्ने छु ।

मृत्युलोक फर्कने कुराले सबैको कान ठाडो तुल्यायो । यही एक उपाय बाहेक अरू कुनै चारा नै थिएन । रामराज्यको आधारमा राष्ट्रवादी प्रजातन्त्रको विकास स्वर्गमा गर्न अथक प्रयत्न गर्दा पनि स्वर्गले उस्तो प्रगति गरेको देखिंदैनथियो । आकाशवाणिले राष्ट्रवादी प्रजातन्त्र आविष्कारीहरू [illegible] भाषणहरू शासन खुल्दो नहानी भविष्य वाणीमा प्रसार गर्न छाड्या । स्वर्गको नव जागृत वातावरणमा उनीहरूको भाउ घट्न थाल्यो । कोही हलो जोत्ने, कोही यन्त्र चलाउनैमा लाग्न गएका थिए । सामन्ती र संकुचित मनोवृत्तिवालाहरू उग्रगामी बोसरवादीहरूको प्रतिनिधि बन्दै राष्ट्रवादको रथलाई पछाडि घिच्याउन थाले। आधुनिक स्वर्गमा आफ्नु पेटभर्न धाएमा भोलिको वास्ता राख्न पर्दैन थियो । यसरी बोसरवादीहरू यज्ञ यज्ञादिको भाग माग्न थाले । शोसकपावन बोसरवादीहरू भक्तिभावमा भक्तको उच्चस्थान ताक्ने भए । रूखका ऐंजरू झैं देवी भारदारहरूले अनायासमा नै भुंडे भागहरू भेट्टाउन थाले । मध्यपथ उग्रगामी बोसर [illegible] पछि कसको सहारामा राष्ट्रवादी प्रजातन्त्र चलाउने भन्ने पनि [illegible] आउला गाउला जस्तो देखिन थाल्यो । अबत स्वर्गको हावामा उडिरहेर मात्र भएन बा भनी सोच्न थालेका मात्रथिए यतिकैमा :-

देशी उम्कदै आएको नयां वर्षलाई ।
सरमले भुतुक्क पारि हाल्ने मलाई ।।
पोहोर नयां थमक्क बसेको ठाममा ।।।
भेट्यो यस साल पनि उही काममा ।।१।।

इति विक्रम संवत् २०२६ साल वैशाख १ गते रोज ५ शुभम् ।

....

डा. [illegible] रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय
84510

CC-0. In Public Domain. Digitization by eGangotri

बोसन्दोहरू भा

देवी भारदारहरूले गनाया

उग्रगामी बोसरव जा

ने भ

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri